

# Torture and Extrajudicial Executions amid widespread violence in the Terai

Advocacy Forum

# तराईमा व्याप्त हिंसा : यातना र गैर न्यायिक हत्या

एड्भोकेसी फोरम



pagemaker_cover.pmd 1 2/1/2010, 3:50 PM

# तराईमा व्याप्त हिंसा : यातना र गैर न्यायिक हत्या

ADVOCACY FORUM

# तराईमा व्याप्त हिंसा: यातना र गैर न्यायिक हत्या

पहिलो संस्करण २०६६ (सन् २०१०)

*प्रकाशक*
एड्भोकेसी फोरम
गैरीधारा, काठमाडौं
नेपाल
पोस्ट बक्स नं.: २१७९८
टेलिफोन : +९७७-१-४००४००७/८
फ्याक्स: +९७७-१-४२६६९८
ई-मेल: info@advocacyforum.org.np
वेवसाइट: www.advocacyforum.org

प्रतिलिपि अधिकार© एड्भोकेसी फोरम नेपाल

*लेआउट तथा आवरण डिजाइन*
किशोर प्रधान

अवरण तस्वीर© लाउरिइ भसिली

काठमाडौं, नेपालमा मुद्रित

# विषयसूची


हार्दिक आभार क
कार्यकारी सारांश ग
परिचय १
पृष्ठभूमि ५

**भाग १**
गैर न्यायिक हत्या २३

**भाग २**
यातना २९

**भाग ३**
गैर राज्य पक्षद्वारा गरिएका अपराधिक गतिविधि र महिला तथा बालबालिकामा त्यसको असर ४१

**भाग ४**
दण्डहीनता ५१

**भाग ५**
निष्कर्ष र सुझावहरू ५७

**अनुसूची क**
गैर न्यायिक हत्याहरूको सूची ६१

# हार्दिक आभार

यो प्रतिवेदन कमल पाठक, कमलराज पाठक र इन्ग्रिड मसाजद्वारा अनुसन्धान गरी तयार पारिएको हो । प्रतिवेदन तयारीका क्रममा सहयोग पुऱ्याउनु हुने कोपिला अधिकारी, सुमित्रा राई, देवराज लिम्बू, ओमप्रकाश सेन ठकुरी र जस्मिन करिमजेलाई धन्यवाद । साथै प्रतिवेदनको पाण्डुलिपि सम्पादन गरिदिनु हुने एड्भोकेसी फोरमकी कार्यकारी निर्देशक मन्दिरा शर्मा र अलेक्जान्ड्रा ब्रुचप्रति कृतज्ञ छौं ।

यस प्रतिवेदन तयार गर्नमा सहयोग तथा सूचना वा विश्लेषण उपलब्ध गराउनु हुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद । नाम लेख्दै जाने हो भने सूची ज्यादै लामो हुने हुँदा समावेश नगरिएकोमा वहाँहरूप्रति क्षमा चाहन्छौं । तर वहाँहरूको योगदान बिना सायद यस प्रतिवेदनको परिकल्पना पनि गर्न सकिने थिएन ।

आफ्ना अनुभव हामीसँग साटेर हामीलाई सहयोग पुऱ्याउनुहुने सम्पूर्ण पीडित र पीडित परिवारप्रति आभार प्रकट गर्दछौं । यसरी अनुभव साट्ने पीडित र पीडित परिवारका कैयौं सदस्यहरूले प्रतिशोधको डरले गर्दा नाम उल्लेख नगर्न अनुरोध गर्नु भएकाले वहाँहरूको नाम यस प्रतिवेदनमा उल्लेख गरिएको छैन ।

# कार्यकारी सारांस

यस प्रतिवेदनले सन् २००९ को पहिलो खण्डमा तराईमा भएको राजनीतिक तथा अपराधिक हिंसाका घटना सम्बन्धमा राज्यले गरेको व्यवहारबारे उल्लेख गरेको छ। नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलद्वारा घटाइएका गैर न्यायिक हत्या र यातनाका स्वरूपहरूको व्याख्या यस प्रतिवेदनमा गरिएको छ। एड्भोकेसी फोरमले थुनास्थलहरूको नियमित भ्रमण गर्ने तराईका ११ जिल्लाहरूमा कथित भिडन्त र यातनाका घटनाहरू पुनः देखिन थालेको पाइएको छ। यस प्रतिवेदनले राजनीतिक र अपराधिक सशस्त्र समूहद्वारा घटाइएका बलात्कारलगायतका अन्यहिंसाका घटनाहरूको अभिलेखीकरण गर्नुका साथै पीडकलाई न्यायको कठघरामा उभ्याउन प्रहरी असफल भएको तथ्य पनि उजागर गरेको छ।

एड्भोकेसी फोरमले सन् २००९ को फेब्रुअरीदेखि अक्टोबर महिनाको बीचमा १२ ओटा सम्भाव्य गैर न्यायिक हत्याका घटनाहरू अभिलेख गरेको छ। नेपालको दक्षिण भेगमा घटित यस्ता घटनाहरूमा प्रायशः नेपाल प्रहरीको संलग्नता देखिन्छ। २ ओटा घटनामा सशस्त्र प्रहरी बलको संलग्नता रहेको देखिन्छ। यी घटनाहरूमा १५ जना मानिसहरू मारिएका थिए भने ८ जना जति घाइते भएका थिए।

बाँके, धनुषा, सिराहा, सप्तरी र रुपन्देही गरी जम्मा ५ ओटा जिल्लाहरूमा यस प्रकारको हत्या गरिएको थियो। ८ ओटा घटनाहरू नेपालको दक्षिण भेगका मधेसी समुदायमाझ क्रियाशील राजनीतिक समूहका सदस्यहरूसँग सम्बन्धित छन्। प्रहरी र

तराईमा परिचालित सशस्त्र समूहहरूका कथित सदस्यहरूबीच भिडन्त हुँदा मानिसहरू मारिएका हुन् भनी सुरक्षा बलले दाबी गरेको छ । तर यी कुनै पनि घटनामा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बलतर्फ कुनै मानवीय क्षति भएको पाइँदैन । कतिपय घटनाहरूका प्रत्यक्षदर्शीहरूले सुरुमा पीडितलाई हिरासतमा लिए पछि कसरी योजनाबद्ध ढंगले मारिन्थ्यो भन्ने कुरा बताएका थिए, अर्थात् प्रहरीले कसैलाई हात बाँधेर पक्राउ गरी लगेपछि गोली चलेको आवाज सुनिन्थ्यो ।

एड्भोकेसी फोरमलाई सन् २००९ को जनवरी र सेप्टेम्बर बीचमा बाँके, बर्दिया, कञ्चनपुर, कपिलवस्तु, मोरङ, सिराहा, सुनसरी, रुपन्देही र उदयपुरलगायतका ११ जिल्लाहरूमा भेटेका १,४७३ जना बन्दीहरूले दिएको जानकारीले ती जिल्लाहरूमा यातना व्यापक चिन्ताको विषय रहेको दखाउँछ । विशेष गरी बाँके, धनुषा र बर्दियाका थुनुवाहरूले यातनाको प्रयोग बढेको कुरा बताएका थिए । धनुषामा ३० प्रतिशत थुनुवाहरूले आफूहरूलाई यातना दिइएको दाबी गरेका छन् । यसका साथै बलात्कारका घटनामा सशस्त्र सुरक्षा बल संलग्न रहेकोसमेत आरोप छ ।

झापा तथा धनुषा जस्ता निश्चित जिल्लाहरूका जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी क्याम्पमा यातनाको प्रयोग आमरूपमा हुने गरेको पाइएको छ । बालबालिका प्रति यातना जस्तै ९ वर्षिया बालबालिकामाथि यातनाका घटनाहरू पनि भइरहेका थिए । धनुषामा एड्भोकेसी फोरमबाट अन्तर्वार्ता लिइएका ५२ प्रतिशत बालबालिकाहरूका अनुसार उनीहरूलाई यातना दिइएको कुरा दाबी गर्दछन् । बाँके, बर्दिया, झापा, रुपन्देही तथा उदयपुरमा बालबालिकाहरूको यातनाका उच्चतम घटनाहरू उल्लेख छ ।

यस अवधिमा तराईका ११ जिल्लाहरूमा घटेका यातनाका घटनाहरूलाई विश्लेषण गर्दा तराईमा ब्राह्मण र क्षेत्री जातिमाथि यातना निकै कम भएको पाइएको छ भने मुसलमानलगायतका तराईका अन्य जनजातिहरूमाथि बढी भएको पाइएको छ । यस तथ्यलाई एड्भोकेसी फोरमले भेटेका सम्पूर्ण बन्दीहरूमध्ये ३२.२% मात्र तराई मूलका जनजातिहरू थिए तर यातना पाएको दाबी गर्ने सम्पूर्ण बन्दीहरूमध्ये ३८.६% तराई मूलका जनजाति थिए भन्ने तथ्यांकले पुष्टि गर्छ । यसका विरुद्ध सम्पूर्ण बन्दीहरूमध्ये ३१.२% बन्दीहरू ब्राह्मण तथा क्षेत्री जातिका भएकोमा तीमध्ये २३.६% ले मात्र यातना पाएको दाबी गरेका थिए ।

जुलाई २००९ मा विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याइएपछि सरकारले विशेष गरी तराई क्षेत्रलगायत नेपालभरि नै नागरिक सुरक्षाको कमीलाई सम्बोधन गर्नुपर्ने आवश्यकता औपचारिक रूपमै स्वीकार गरेको देखिन्छ। तथापि एड्भोकेसी फोरम मानव अधिकारको विषयमा ध्यान नपुऱ्याइएको प्रति चिन्तित छ।

नागरिकको जीउ धनको सुरक्षा गर्नु तथा कानून व्यवस्था बनाई राख्नु सरकारको कर्तव्य हो। अन्य कुनै व्यहोराले उद्देश्य प्राप्ति गर्न नसकिने तथा अत्यावश्यक भएका बखत इच्छित उद्देश्य प्राप्तिका लागि समानुपातिक बल प्रयोग गर्ने अधिकार कानून कार्यान्वयन निकायमा रहन्छ। तथापि, आवश्यक नै नभएको अवस्थामा प्रहरी तथा अन्य निकाय सहजरूपमा घातक बल प्रयोगको विकल्प रोज्दछन्। साथै ती निकायहरूले यातनाको समेत नियमित प्रयोग गर्दछन्। अझ, पीडित तथा आम नागरिकहरूले प्रहरीले केही गरिदेओस् भन्ने चाहेका बखत प्रहरी केही गर्न सक्दैन। बरु, राजनीतिक दबाबका कारण वा स्थानीय स्तरमा शक्तिशाली रहेका राजनीतिक वा अन्य समूहप्रति भक्तिभाव प्रदर्शन गर्दै निस्क्रिय रहिदिन्छन्।

यस प्रतिवेदनमा चर्चा गरिएका मानव अधिकार उल्लंघनलाई वृहत् राजनीतिक पृष्ठभूमिमा हेर्दा, सन् १९९६-२००६ सम्म चलेको सशस्त्र द्वन्द्वपश्चात देखापरेका क्षेत्रीय पहिचान र संघीय ढाँचाको नयाँ संविधानतर्फको संक्रमणकालीन अवस्था पर्दछन्। अप्रिल २००९ मा प्रकाशित नेकपा-माओवादी नेतृत्वको सरकारले तयार पारेको प्रतिवेदनअनुसार नेपालमा १०९ ओटा सशस्त्र समूहहरू रहेको कुरा देखाएको छ जसमध्ये २० ओटाले देशको अखण्डतालाई चुनौति दिएका छन्। ६० ओटा सशस्त्र समूहहरू तराईलाई स्वायत्त राज्य बनाउने उद्देश्यबाट अभिप्रेरित रहेका छन्। आदिवासी जनजातिसँग गरिएका विभिन्न सहमतीको कार्यान्वयन नहुँदा लिम्बु र थारूलगायतका समुदायमा निराशा बढ्दै गई विद्रोही लडाकुभावसमेत बढ्दै गएको छ।

अपराधिक समूहहरूको संख्या अत्यधिकरूपमा दिनानुदिन बढेको परिप्रेक्ष्यमा हेर्दा गाउँमा सुरक्षाको अभावका कारणले युवाहरू आफैं नै सशस्त्र समूहमा लाग्ने गरेको एड्भोकेसी फोरमले पाएको छ। बेरोजगारी उच्च रहेको अवस्थामा सशस्त्र समूहमा लाग्नाले युवाहरूलाई आम्दानीको श्रोत तथा सुरक्षासमेत प्राप्त हुने गरेको पाइन्छ। सशस्त्र समूहका सदस्यले एड्भोकेसी फोरमलाई जनाएअनुसार उनीहरूले असुली गरेको चन्दाको केही प्रतिशत रकम आफूले राखी बाँकी रकम सशस्त्र राजनीतिक समूहलाई

बुझाउन पाइने अव्यक्त सहमती सशस्त्र राजनीतिक समूह र यसका सदस्यहरूबीच रहेको छ । अझ महत्वपूर्ण त यो छ कि मुलधारका राजनीतिक दलहरू (मधेसी तथा अन्य) तथा प्रहरीको सशस्त्र राजनीतिक तथा अपराधिक समूहसँग रहेको सम्बन्धले यसै पनि जटिल रहेको परिस्थितिलाई नयाँ आयाम प्रदान गरी अझ जटिल बनाइदिएको छ । प्रधानमन्त्री तथा गृहमन्त्रीसहित मन्त्रीपरिषद्का सदस्यहरूद्वारा अपराधीलाई राजनीतिक सुरक्षा प्रदान भएको सम्बन्धमा चिन्ता जाहेर गरेका छन् ।

तराईको बिग्रँदो सुरक्षा अवस्था र बढ्दो हिंसात्मक गतिविधिले महिला तथा बालबालिकामाथि गम्भीर प्रभाव पारेको छ । लैंगिक आधारमा हुने हिंसाका विभिन्न स्वरूपहरू प्रकाशमा आएका छन् । जस्तै, भारतीय नागरिकलगायत सशस्त्र समूहका सदस्यहरू, अपराधिक जत्था र एकल पीडकबाट हुने जबर्जस्ती करणीका घटना । एक घटनामा पतिले जनतान्त्रिक तराई मुक्ति मोर्चामा लाग्न अस्वीकार गरेको बदलास्वरूप पत्नीको बलात्कार पछि हत्या गरिएको थियो । सशस्त्र द्वन्द्वको समयमा र वृहत् शान्ति सम्झौता पछिको समयमा घटेका जबर्जस्ती करणीका घटनाहरूमा एकीकृत माओवादीका सदस्यहरू प्रत्यक्षरूपमा मुछिएका थिए ।

यौन जन्य हिंसामा परेका व्यक्ति र तिनका परिवारहरूसँगको अन्तर्वार्ताबाट बारम्बार नेपाली कांग्रेस, नेकपा (एमाले), मधेसी जनाधिकार फोरम र एनेकपा ( माओवादी) लगायतका प्रमुख राजनीतिक दलका सदस्यहरूले पनि आरोपित पीडकलाई प्रहरी हिरासतबाट छुटाउन हस्तक्षेप गरेको कुरा प्रकाशमा आएको छ । यस्तो अभ्यासले पीडित तथा तिनका परिवारका सदस्यहरू प्रहरीले घटनाको राम्रोसँग छानबिन नगरेका कारणले मात्रै नभई आरोपित पीडकहरू थुनामुक्तहुने र जाहेरी गर्नेमाथि प्रतिशोध लिने हुनाले पनि थप जोखिममा परेका छन् ।

कुनै अपराधिक तथा राजनीतिक समूहको सदस्य नभएका बलात्कारका आरोपित व्यक्तिहरूका हकमा यस्तो जबाफदेहीताको अभाव लागू हुन्छ । उनीहरू प्रायः रिहा हुनका लागि र/वा पीडित र मानव अधिकारकर्मी तथा वकीलहरूलाई धम्काउनका लागि यस्ता समूहहरूबाट सहायता लिन्छन् । केही स्थानहरूमा प्रहरी अधिकारीहरूले नै राजनीतिक हस्तक्षेपका कारण काम गर्न गाह्रो भएको बताएका थिए । तथापि, घुस लिएर अपराधीलाई हिरासत मुक्त गर्न राजनीतिक दल तथा सशस्त्र समूहबाट घुस लिने गरेकाले प्रहरीसमेत दोषी रहेको आरोप मानव अधिकारकर्मीहरूले प्रहरीहरूमाथि लगाउने

गरेका छन् । पीडकहरू मुक्त भएको कारणबारे प्रहरीसँग बुझ्न खोज्दा पर्याप्त प्रमाण नभएका कारण शंकास्पद व्यक्तिहरूलाई हिरासतमा राख्न नसकिएको कुरा बताइयो ।

सबै जातका महिलाहरू बलात्कारको शिकार भएका भएता पनि पूर्वी तराईका आर्थिक र सामाजिक रूपमा पिछडिएका महिलाहरू सीमा क्षेत्रमा सक्रिय सशस्त्र समूहका सदस्य तथा कथित माथिल्लो जातका पुरुषबाट बढीमात्रामा बलात्कार र यौन जन्य हिंसाकोको जोखिममा रहेका पाइन्छन् । जस्तै, सिराहा जिल्लाबाट प्राप्त सूचनाअनुसार अपराधिक समूहहरू, ब्राह्मण तथा यादवलगायतका कथित माथिल्लो जातका पुरुष (जो जमिनदार रहेका हुन्छन्) बाट दलित महिलाहरू यौन जन्य हिंसाको शिकार भएका पाइन्छन् । विशेषतः दलित तथा जनजाति समुदायका महिलाहरूले न्याय पाइन्छ भन्नेमा आफूहरू विश्वस्त नभएकाले बलात्कारलगायतका अन्य हिंसाबारे जाहेरी नदिएको बताएका छन् । प्रहरी समक्ष जाहेरी दर्खास्त दर्ता गर्ने प्रयास गरेका केही महिलाहरूले बताएअनुसार-प्रहरी या त मुद्दा दायर गर्न नै इन्कार गर्छ वा दायर भएको मुद्दामा ठीक ढंगले अनुसन्धान गर्दैन । त्यसकारण बलात्कार पीडित दलित तथा जनजाति समुदायका महिलाहरू अन्याय सहनुको अर्को विकल्प नभएको महसुस गर्छन्- प्रहरीले नै महिलाहरूलाई परम्परागत अनौपचारिक सामुदायिक न्याय प्रणालीमार्फत न्याय प्राप्त गर्न अभिप्रेरित गर्छन् वा पीडकसित सम्झौता गर्न बाध्य पार्छन् भन्ने प्रमाण एड्भोकेसी फोरमले फेला पारेको छ । मौनताको यो संस्कृति र राज्यको निस्क्रियताले पूर्वी तराईमा घटाइएका यौन जन्य हिंसाप्रति पूर्ण रूपमा जवाफदेहिता शुन्यताको स्थिति सिर्जना गरेको छ ।

राज्यको सुरक्षा बलद्वारा भएका मानव अधिकार उल्लंघनका घटनामा दण्डहीनता कायम हुनु विगतदेखि हालसम्म पनि संस्कारको रूपमा निरन्तर रहिरहेको छ । प्रहरीले पीडितका परिवारबाट जाहेरी लिन अस्वीकार गरिरहेका छन् । पीडितका परिवारबाट भएका निरन्तर प्रयासहरूका बाबजुद पनि प्रहरीले १२ ओटा गैर न्यायिक हत्याउपर जाहेरी दर्खास्त अझै दर्ता गरेको छैन ।

गैर न्यायिक हत्या तथा यातनाका घटनामा दण्डहीनता कायम रहनुमा चिकित्सा व्यवसायले पनि सहयोग गरेको छ । यी १२ ओटा घटनामध्ये १ ओटा घटनामा मात्र परिवारलाई पोस्टमोर्टमको प्रतिवेदनमा पहुँच दिइएको थियो । यातनाका मुद्दाहरूमा यातनाका कारण भएका घाउहरूलाई डाक्टरले पटक पटक अभिलेखीकरण गर्न असफल

भएका छन् जसको कारण न्याय त परै जाओस् पीडितले क्षतिपूर्तिसमेत प्राप्त गर्ने सम्भावना क्षीण हुने गरेको छ ।

विभिन्न कानूनअन्तर्गत अर्ध न्यायिक निकायको रूपमा कार्य गर्ने अख्तियार प्राप्त प्रमुख जिल्ला अधिकारीले पनि यातनाको सन्दर्भमा दण्डहीनतालाई झन् प्रोत्साहन गरेका छन् । उदाहरणका लागि हातहतियार तथा खरखजानासम्बन्धी ऐनअन्तर्गत आरोपी व्यक्तिलाई ७ वर्षसम्म कैद गर्ने अधिकार प्रजिअमा निहित हुन्छ । विशेषतः प्रजिअलाई कुनै किसिमको कानुनी तालिम प्राप्त नहुनु र प्रजिअ स्वतन्त्र नभई कार्यपालिकाकै एक अङ्ग भएको कारणले प्रजिअसमक्ष गरिने यस्ता अभियोजन निष्पक्ष सुनुवाईको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप हुन सक्दैन भन्ने गम्भीर चिन्ता व्यक्त गरिएका छन् ।

त्यस्तै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको मानव अधिकार इकाईमा पठाइएका यातनासम्बन्धी उजुरीमा ती इकाईहरूले स्वतन्त्र रूपले कार्य गर्न नसकेका र उपयुक्त ढंगले अनुसन्धान पनि नगरेको अनुभव एड्भोकेसी फोरमले गरेको छ । यातनाको एउटा मुद्दामा प्रहरीले यातना दिएको कुराको बलियो प्रमाण भिडियो रेकर्डिङकै रूपमा भए तापनि नेपाल प्रहरीको आन्तरिक अनुसन्धानबाट यातनामा संलग्न रहेका प्रहरी निरीक्षक, एउटा प्रहरी हवल्दार तथा अरू २ जना प्रहरी जवानलाई औपचारिक चेतावनी मात्रै जारी गर्‍यो ।

यस प्रतिवेदनमा समावेश भएका मानव अधिकार उल्लंघनका घटनाउपर राष्ट्रिय मानव अधिकार आयोगबाट कुनै निर्णय भएको नदेखिनु पनि उल्लेखनीय छ । यस प्रतिवेदनमा उल्लेख गरेका कतिपय मुद्दाहरूमाथि राष्ट्रिय मानव अधिकार आयोगले अनुसन्धान गरिरहेको छ । कुनै घटनाहरू घटेको करिब एक वर्ष भइसकेको भए तापनि राष्ट्रिय मानव अधिकार आयोगले कुनै पनि घटनाउपर पनि निर्णय गरेको छैन ।

सार्वजनिक सुरक्षासम्बन्धी आवश्यक व्यवस्थाको अभावले दण्डहीनता मौलाइरहेको छ । यसबाट उत्पन्न हुने कानूनविहीनताले तराईलगायत देशका अन्य ठाउँहरूमा जातीय अन्तरद्वन्द्व बढाउनुको साथै काठमाडौं केन्द्रित राज्य व्यवस्थाप्रति बढ्दो असंतोष सिर्जना गरेको छ । यस्तो समस्यालाई सुरक्षासम्बन्धी मुद्दा बनाएर नभई समावेशी लोकतान्त्रिक अभ्यासमार्फत समाधान गरिनु पर्दछ । केबल सुव्यवस्था मात्र नभई मानव अधिकार तथा मानवीय सुरक्षाका विषयले सरकारले रणनीतिको आधार तय गर्नुपर्छ ।

एड्भोकेसी फोरम सरकारलाई देहाय बमोजिमका कदम चाल्न अनुरोध गर्दछ र अन्तर्राष्ट्रिय समुदाय र विधायीका संसद, यसका सम्बन्धित समितीहरू तथा राष्ट्रिय मानव अधिकार आयोगलगायतका राष्ट्रिय निकायलाई यी दायित्वहरू पूरा गर्न सरकारको खबरदारी गर्न अनुरोध गर्दछ ।

## राज्यको अनुसन्धान र तहकिकात गर्ने कर्तव्य

१. सरकारले यस प्रतिवेदनमा अभिलेखीकरण गरिएका सबै कथित गैर न्यायिक हत्या तथा यातनाका घटनाका सम्बन्धमा तत्काल स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्न आदेश दिनुपर्छ । यसले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको पूर्ण सहयोगको प्रत्याभूति गर्नुपर्छ । मानव अधिकारको गम्भीर उल्लंघनका लागि जिम्मेवार भनी पहिचान गरिएकाहरूलाई न्यायको कठघरामा उभ्याइनु पर्छ ।

२. अनुसन्धान सुरु गरेको अधिकतम ३ महिना भित्र अपराधसँग सम्बन्धित मौकामा प्राप्त प्रमाणहरू महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नुपर्छ ।

३. प्रहरीले घटना सम्बन्धमा अनुसन्धान गरी प्रमाण जुटाएर महान्यायाधिवक्ता समक्ष प्रतिवेदन प्रस्तुत गरेको अधिकतम २ हप्ता भित्र महान्यायाधिवक्ताले अभियोजन सुरु गरेको हुनुपर्ने छ ।

## लैंगिक विभेदमा आधारित हिंसाका विरुद्ध अनुसन्धान र तहकिकात गर्ने सम्बन्धमा राज्यको कर्तव्य

४. यो प्रतिवेदन तयार भएको २ महिना भित्र सरकारले लैंगिक विभेदमा आधारित हिंसालाई अपराधको रूपमा परिभाषित गर्न आवश्यक सुधारका लागि नागरिक समाजसँगको परामर्शमा एउटा स्पष्ट योजना तर्जुमा गर्नु जरुरी छ । उक्त योजनामा लैंगिक विभेदमा आधारित सबै प्रकारका हिंसाहरूको अनुसन्धान गरिनुपर्ने र पीडकलाई न्यायको कठघरामा उभ्याइनुपर्ने कुरा समावेश गर्नुपर्नेमा जोड दिनुपर्ने छ जसले गर्दा राज्य पक्ष, सशस्त्र समूह वा जो कोही व्यक्तिबाट अधिकार हनन् भएको भए पनि महिला तथा बालबालिकाहरूको उजुरी गर्ने संयन्त्रमा पूर्ण पहुँच

पुगोस् । नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई लैंगिक चेतनासम्बन्धी प्रशिक्षणको व्यवस्था गर्नुपर्छ र पीडित महिला तथा घटनाबाट प्रभावित अन्यलाई विशेष परामर्श तथा सहायता सेवाको व्यवस्था गर्नुपर्छ ।

५. प्रहरीले लैंगिक विभेदमा आधारित हिंसालगायत सबै प्रकारका हिंसाका बारेमा उचित तरिकाले अनुसन्धान गर्नुपर्छ र पीडित तथा साक्षीको पूर्ण संरक्षणको प्रत्याभूति गर्नुपर्छ ।

## बालबालिकाको संरक्षण गर्ने राज्यको दायित्व

६. बालबालिकालाई दिइएको यातना सम्बन्धमा स्वतन्त्र अनुसन्धान गरी दोषीलाई न्यायको कठघरामा उभ्याइनु पर्दछ ।

७. सरकारले थुनामा रहेका बालबालिकालाई वयस्क थुनुवासँग नराखि छुट्टै राख्ने कार्यलाई प्राथमिकतामा राखि सो कुरा सुनिश्चित गर्नुपर्दछ र बाल सुधार गृह स्थापना गर्ने सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसलालाई अधिकतम एक वर्ष भित्र लागू गर्नुपर्दछ ।

## प्रहरीको स्वतन्त्रता तथा उसको कार्यसम्पादनको अनुगमनको प्रत्याभूतिमा राज्यको कर्तव्य

८. राजनीतिकर्मी वा अन्य कर्ताहरूबाट प्रहरी अनुसन्धानमा गरिने हस्तक्षेपलाई गम्भीर अपराधको परिभाषा भित्र राख्नुपर्छ ।

९. सरकारले विशेष सुरक्षा नीतिलाई सार्वजनिक गर्नुपर्छ र यसको कार्यान्वयन अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिअन्तर्गत नेपालको दायित्वअनुसार भए नभएको अनुगमन गर्ने निकायको गठन गर्नुपर्छ ।

## राज्यको अन्तर्राष्ट्रिय कानुनी दायित्व

१०. यातनालाई फौजदारी अपराधकारूपमा व्यवस्था गरी कानून बनाइनु पर्दछ।

११. नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, जबर्जस्ती बेपत्ताबाट व्यक्तिको संरक्षणसम्बन्धी महासन्धि र यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख समेतलाई तत्काल अनुमोदन गरी सबै थुनास्थलको स्वतन्त्र अनुगमनका लागि संयन्त्र निर्माण गर्नुपर्छ।

१२. सरकारले अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ सँग मेल खाने गरी नेपाली कानून तथा प्रचलनलाई परिमार्जन र विकास गर्नुपर्छ।

१३. नयाँ संविधानमा बाँच्न पाउने अधिकार, यातना विरुद्धको अधिकार र प्रत्येक व्यक्तिलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य वैचारिक आधार, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै अवस्थाका आधारमा विभेद नगरी कानूनको आँखामा समानता सुनिश्चित गरिनुपर्छ र भेदभावरहित तवरले कानूनको संरक्षण र लाभ सहितको सारभूत समानताको प्रत्याभूत गरिनुपर्छ।

१४. विगत, वर्तमान र भविष्य जहिले सुकै भएको वा हुनसक्ने मानव अधिकारको उल्लंघनमा दण्डहीनताले प्रोत्साहन पाउनु हुन्न। आम माफीका प्रावधान मान्य नहुने संवैधानिक व्यवस्था गरिनुपर्छ।

# परिचय

*"शान्ति सुरक्षाको स्थिति सुदृढ तुल्याउँदै समाजमा व्याप्त अपराध र अराजकता नियन्त्रण गरिनेछ तथा दण्डहीनतालाई समाप्त गरिनेछ । जनतालाई शान्ति-सुरक्षाको प्रत्याभूति दिलाउन प्रशासन र सुरक्षा निकायलगायतका सबै राज्य संयन्त्रलाई निष्पक्ष र जवाफदेही बनाउन आचारसंहिता बनाई लागू गरिनेछ । 'शान्ति-सुरक्षा जनताको अपेक्षा' भन्ने अभियान सञ्चालन गरी सुरक्षासम्बन्धी जनगुनासोको तत्काल सुनुवाई हुने व्यवस्था गरिनेछ ।"*

*"तराई-मधेस र देशका विभिन्न भागमा उत्पन्न सबै प्रकारका द्वन्द्व र समस्याहरूलाई वार्ता र संवादका आधारमा शान्तिपूर्ण रूपले समाधान गरिनेछ । तर ध्वंसात्मक तथा अपराधिक क्रियाकलापहरूलाई छुट दिइने छैन ।"*[१]

नेपालमा सार्वजनिक सुरक्षा तथा कानूनको शासन (प्रतिको सम्मान) खस्कँदो अवस्थामा रहेको तथ्यलाई नेपाल सरकारले ईन्कार गर्न सक्ने अवस्था छैन । नेपालमा जारी रहेको दण्डहीनताले गर्दा बिग्रँदो सुरक्षा अवस्था लाखौ जनताको दैनिक जीवनलाई प्रभावित गर्ने यस्तो तहमा पुगेको छ कि जसका बारेमा नेपाल सरकार व्यवस्थापिका संसद समक्ष पेश गरेको आफ्नो वार्षिक नीति तथा कार्यक्रममा नै उल्लिखित प्रतिबद्धता समावेश गर्न बाध्य भयो ।

तराईमा जुन हदसम्म सार्वजनिक सुरक्षा तथा कानूनको शासन कमजोर बनेको छ देशका अन्य भागमा सोही हदमा सुरक्षा कमजोर भएको महसुस गरिएको छैन । लामो

---

[१] २०६६ असार २५ गते व्यवस्थापिका-संसदको बैठकमा प्रस्तुत आर्थिक वर्ष २०६६/६७ को नेपाल सरकारको नीति तथा कार्यक्रम ।

समयदेखि (भारतसँगको खुला सीमाना वारपार सशस्त्र अपराधिक समूहको संलग्नतामा) संगठित अपराध हुने गरेको भनी चिनिएको तराईमा हाल आएर विभिन्न सशस्त्र राजनीतिक समूहले हिंसात्मक गतिविधि गरिरहेका छन् । यसरी हिंसात्मक गतिविधि सञ्चालन गर्नेमा मधेसी, थारू तथा लिम्बु र किराँत समुदायसँग सम्बद्ध समूहहरू रहेका छन् ।[२]

जारी राजनीतिक अनिश्चितता, अवरुद्ध शान्ति प्रक्रिया, जनजाति समूहमा देखिएको मुठभेड उन्मुख सक्रियता, सुरक्षा फौजलाई राजनीतिकरण गर्ने अभ्यास तथा निराशाजनक अवस्थामा रहेको कानूनको शासन प्रतिको सम्मानका कारण मुलुकमा देखिएको कमजोर सार्वजनिक सुरक्षाको अवस्थाका कारण सन् २००६ मा सशस्त्र द्वन्द्वको अन्त्य भए यता बनेका सरकारहरूले समस्या भेलिरहेका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेलिनवादी) का नेता माधव नेपालको प्रधानमन्त्रीत्वमा गठित २२ दलीय गठबन्धनको सरकारको मन्त्री परिषद्ले सन् २००९ को जुलाई २६ मा विषेश सुरक्षा नीति ल्यायो । तथापि, यो सुरक्षा नीतिलाई सार्वजनिक भने गरिएको छैन । आम सञ्चारमाध्यमले यो सुरक्षा नीतिलाई कानून व्यवस्थामा सुधार ल्याउने गृह मन्त्रालयको रणनीतिका रूपमा चित्रण गरेका भए पनि यसको प्रभावकारिता भने हेर्न बाँकी नै छ । पूर्ववर्ती सरकारहरूले ल्याएका यस्तै नीतिहरू अपेक्षित परिणाम प्राप्त गर्न असफल भएका थिए, बरु ती नीतिका कारण मानव अधिकार उल्लंघनका घटना बढ्न गएका थिए, जसबारे यस प्रतिवेदनमा चर्चा गरिएको छ ।

विषेश सुरक्षा नीतिमा मानव अधिकारसम्बन्धी व्यवस्था समावेश भएको बारे सञ्चारमाध्यमले उल्लेख गरेका छैनन् । उदाहरणार्थ, कानूनको शासन र सार्वजनिक सुरक्षाको बिग्रँदो अवस्था सिर्जना हुनुमा बल पुऱ्याउदै आएको विद्यमान दण्डहीनताको

[२] For more details on the political issues raised by these communities, see International Crisis Group, "Nepal's Future: In Whose Hands?", Asia Report N°173, 13 August 2009, http://www.crisisgroup.org/library/documents/asia/central_asia/173_nepals_future_in_whose_hands.pdf and Asia Centre for Human Rights, "Madhes: The Challenges and Opportunities for a Stable Nepal", 1 September 2009, http://www.achrweb.org/briefingpapers/Madhes2009.pdf

वातावरणलाई सम्बोधन गर्ने बारे नीतिमा के-कस्तो व्यवस्था रहेको छ थाहा हुन सकेको छैन ।

यस प्रतिवेदनले तराईमा बढेका हिंसात्मक गतिविधिहरूप्रति राज्यले गरेको व्यवहारलाई अभिलेखीकरण गरेको छ । यसमा सन् २००९ को पहिलो खण्डमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलद्वारा घटाएका भनिएका यातना तथा गैर न्यायीक हत्याको स्वरूपबारे विश्लेषण गरिएको छ । यो विश्लेषणबाट एड्भोकेसी फोरमले नियमितरूपमा हिरासत अनुगमन गर्दै आएका तराईका एघार जिल्लामा तथाकथित “दोहोरा भिडन्त” का नाममा हुने हत्या पुनः सुरु भएको तथा यातनाका घटनाहरूमा वृद्धि भएको देखिन्छ । यसरी यातनामा हालै देखिएको प्रस्ट वृद्धि विषेश सुरक्षा नीति लागू भएका कारणले भएको हुन सक्नेमा चिन्ता व्यक्त भएको पाइएको छ । अर्को तर्फ, अपराधमा जिम्मेवार व्यक्तिहरूलाई न्यायको कठघरामा उभ्याउन प्रहरी असफल रहेकाले सशस्त्र अपराधिक तथा राजनीतिक समूहद्वारा आमरूपमा घटाइने जबर्जस्ती करणीलगायतका हिंसाको मात्रा झनै बढेर गएको छ ।

सन् २००९ अगष्ट २२ मा गृह मन्त्रीले तराईका सशस्त्र समूहसँग सरकारले वार्ता गर्ने तथा अपराधिक क्रियाकलापमा संलग्न भएकाहरूलाई सरकारले कडा व्यवहार गर्ने कुरामा जोड दिएका थिए ।[३] यस परिप्रेक्ष्यमा ठोस परिणाम देखिने गरी सक्रिय रहन प्रहरी माथि राजनीतिक दबाब पर्ने तथा बिग्रँदो कानून व्यवस्थाद्वारा उत्पन्न चिन्ताका कारण सरकार भने आफूले लागू गरेको विषेश सुरक्षा नीतिले परिणाम दिएको पुष्टि गर्न चाहन्छ । फलतः यातनालगायतका मानव अधिकार उल्लंघन बढ्न सक्छन् ।

नागरिकको जीउ धनको सुरक्षा गर्न तथा कानून व्यवस्था बनाई राख्नु सरकारको कर्तव्य हो । अन्य कुनै व्यहोराले उद्देश्य प्राप्ति गर्न नसकिने तथा अत्यावश्यक भएका बखत इच्छित उद्देश्य प्राप्तिका लागि समानुपातिक बल प्रयोग गर्ने अधिकार कानून कार्यान्वयन निकायमा रहन्छ । तथापि, आवश्यक नै नभएको अवस्थामा प्रहरी तथा अन्य

[३] Nepalnews, "Special security plan will prevent bandhs and blockades: Home Minister", 22 August 2009, http://www.nepalnews.com/main/index.php/news-archive/2-political/1044-special-security-plan-will-prevent-bandhs-and-blockades-home-minister.html

निकाय सहजरूपमा घातक बल प्रयोगको विकल्प रोज्दछन् । साथै ती निकायहरूले यातनाको समेत नियमित प्रयोग गर्दछन् । अझ, पीडित तथा आम नागरिकहरूले प्रहरीले केही गरिदेओस् भन्ने चाहेका बखत प्रहरी केही गर्न सक्दैन । बरु, राजनीतिक दबाबका कारण वा स्थानीय स्तरमा शक्तिशाली रहेका राजनीतिक वा अन्य समूहप्रति भक्तिभाव प्रदर्शन गर्दै निस्क्रिय रहिदिन्छन् । प्रहरीले अपनाएको यस्तो पद्धतीले नागरिक सुरक्षाका साथै मुठभेडमा उन्मुख जोखिममा रहेको राजनीतिक प्रक्रियालाई हानी पुऱ्याइरहेको छ ।

# पृष्ठभूमि

## *बिग्रँदै गएको सार्वजनिक सुरक्षा तथा कानूनको शासन*

ठूलो संख्यामा रहेका सशस्त्र समूहहरूका उच्चस्तरीय अपराधिक क्रियाकलापले आम जनमानस प्रभावित भइरहेका तराईका धेरै जिल्लाहरूमा सार्वजनिक सुरक्षा गम्भीर चिन्ताको विषय बनेको छ। तराई क्षेत्रमा भइरहेका उच्चस्तरीय अपराधका मुख्य कारणहरू जटिल रहनुका साथै जिल्लै पिच्छे फरक फरक रहेका छन्। भारतीय सीमा नजिकका स्थलहरूमा तस्करी एक प्रमुख कारण रहेको छ। कपिलवस्तु जिल्लामा सशस्त्र समूहहरूको बढ्दो गतिविधिलाई संयुक्त राष्ट्र संघले सन् २००७ को सेप्टेम्बरमा १४ जनाको ज्यान जाने तथा हजारौं मानिस विस्थापित हुने गरी भएको जातीय दङ्गा (Communal Violence) को मुल कारण र परिणामलाई सम्बोधन गर्न राज्य निकायहरू असमर्थ रहेको तथ्यसँग जोडेर हेरेको छ। विगतमा हतियारसहित संगठित गरिएको तथा हालसम्म त्यसबेला बाँडिएका हतियार फिर्ता नलिइएको प्रतिकार समूहका सदस्यहरू नै कपिलवस्तुमा रहेका सशस्त्र समूहहरूमा सामेल रहेको विश्वास गरिएको छ। प्रतिकार समितीका ती सदस्यहरू हिंसामा संलग्न रहेको भनी आरोपितसमेत रहेका थिए।[४]

---

[४] United Nations Security Council, Report of the Secretary-General on the Request of Nepal for United Nations Assistance in Support of its Peace Process, July, 13, 2009, para 42.

सशस्त्र समूहबाट हुने हिंसात्मक गतिविधि तराईमा मात्रै भइरहेका भने होइनन् । गाउँ विकास समितीका सचिव तथा विद्यालयका शिक्षकहरूलाई लक्षित गरी किराँत जनवादी वकर्स पार्टीले धम्की दिने र चन्दा असुली गर्ने गरिरहेका खोटाङ्ग र भोजपुर जिल्लालगायतका केही पूर्व क्षेत्रका जिल्लामा समेत यस्ता गतिविधिहरू भइरहेको जनाइएको छ ।[५] तथापि, यो प्रतिवेदन खास गरी तराईमा केन्द्रित रहेको छ । तराईमा भइरहेका उच्च तहका हिंसाका कारणले मात्र नभई त्यस क्षेत्रमा हुने गरेका मानव अधिकार उल्लंघन कमै मात्र प्रकाशमा आउने तथ्यका कारणसमेत यो प्रतिवेदनलाई तराई केन्द्रित गरिएको छ ।

सन् २००७ को जनवरीको मध्यमा अन्तरिम संविधान घोषणा भए लगत्तै अन्तरिम संविधानले संघीयता तथा मधेसीहरूले चाहे जस्तो समानूपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने निर्वाचन प्रणालीको व्यवस्था नगरेको भन्दै तराईमा भएको प्रदर्शनको समयमा त्यस क्षेत्रको सार्वजनिक सुरक्षा र कानूनको शासनको अवस्था बिग्रिएको थियो ।[६] संघीय गणतन्त्र तथा सबै सरकारी क्षेत्रमा मधेसीहरूको समावेशीकरणको माग गर्दै मधेसी जनअधिकार फोरमलगायतका तराईका विभिन्न समूहले १६ जनवरी २००७ देखि बन्दको घोषणा गरेका थिए । उक्त आन्दोलनप्रति सरकारी व्यवहार कठोर रह्यो, प्रहरीले ३० जनाभन्दा बढी व्यक्तिलाई गोली हानी माऱ्यो भने ८ सय जना घाइते भए, यो तथ्यांक निर्विवाद भने होइन ।[७] सन् २००७ को जनवरी र फेब्रुअरीमा भएको आन्दोलन नै पछि गएर मधेसी आन्दोलनका नामले चिनियो ।

विद्यमान दण्डहीनतालाई सरकारले सम्बोधन गर्न नसक्नाले हिंसा फैलियो । रौतहटको गौरमा सन् २००७ को मार्चमा घटेको घटनालगायतका खास घटनाहरू समेतको

[५] United Nations Security Council, Report of the Secretary-General on the Request of Nepal for United Nations Assistance in Support of its Peace Process, July, 13, 2009, para

[६] "मधेस" शब्द सर्व स्वीकार्यरूपमा परिभाषित गरिएको छैन, न त मधेस अन्तर्गत के-कति भू-भाग पर्ने हो सो विषयमा नै प्रस्टता छ । तथापि, मधेस शब्दको प्रयोग आफूलाई मधेसी ठान्नेहरूले गरिआएका छन् । यस प्रतिवेदनमा मधेस शब्दको प्रयोग तराईको कुनै स्थान विशेषलाई जनाउन प्रयोग नभई पहाडका पहाडीहरूको प्रधानता रहेको नेपाली राज्यको परिदृश्यमा साझा समस्या भोग्ने तराई क्षेत्रमा बसोबास गर्ने जातीय समूहहरू बीचमा रहेको साझा पहिचानको भावना तथा तराईका बासिन्दा प्रतिको लामो समयदेखिको विभेदकारी अभ्यासलाई जनाउन प्रयोग गरिएको छ ।

[७] International Crisis Group, "Nepal's Troubled Tarai Region", Crisis Group Asia Report No. 136, 9 July 2007, page 12.

छानबिन गर्न छानबिन आयोगहरू गठन गरिए ।[८] तर यसरी गठन गरिएका छानबिन आयोगहरूले दिएका प्रतिवेदनहरू भने सार्वजनिक गरिएनन्, न त सरकारी निकायहरूले यस्ता आयोगहरूले दिएका प्रतिवेदनहरूको कार्यान्वयन नै गरे । परिणामतः यी घटनाका कुनै पनि दोषीलाई अदालतको कठघरामा उभ्याई फौजदारी दायित्व वहन गराइएको छैन । यसले गर्दा हिंसात्मक गतिविधि गर्नेहरू फौजदारी दायित्व वहन गर्नुपर्ने रहेनछ भनी प्रोत्साहित भए र एक पछि अर्को गर्दै हिंसात्मक गतिविधिको चक्र अघि बढ्यो ।

रौतहटको गौरमा सन् २००७ को मार्चमा २७ जना माओवादी कार्यकर्ताको हत्या भएको घटनाको छानबिन गर्न गठित आयोगले सन् २००७ को अक्टोबरमा आफूले गरेको छानबिनको प्रतिवेदन सरकारलाई बुझायो तर आयोगको प्रतिवेदन र यसले गरेको ठहर सार्वजनिक गरिएन । माओवादी सम्बद्ध मधेसी मुक्ति मोर्चा तथा मधेसी जनअधिकार फोरमले एकै स्थलमा एकै दिन आम सभाको आयोजना गरेका कारण माओवादी र मधेसी जनअधिकार फोरमबीच हिंसा भड्किएको थियो । आजका मितिसम्म गौरमा भएको नरसंहारमा संलग्न कोहि पनि पक्राउ परेको वा निजहरू विरुद्ध अभियोग लगाइएको छैन । राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयका अनुसार, गौर घटना सम्बन्धमा ४० जना अभियुक्तको नाम आफूसँग रहेको प्रहरीले जनाए तापनि प्रहरीले ती कसैलाई पक्राउ गर्न भने सकेको छैन । उक्त घटना सम्बन्धमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सन् २००७ नोभेम्बर २७ मा जिल्ला प्रहरी कार्यालय, रौतहटमा जाहेरी दर्खास्त दायर गरेको थियो ।[९]

---

[८] In addition to the commission of inquiry into the killings at Gaur, the Government appointed a commission headed by Justice Khilraj Regmi of the Supreme Court to assess the loss of life and property which occurred during the Madheshi Andolan in January-February 2007 and a three-member judicial commission of inquiry headed by Judge Lokendra Mallik of Rajbiraj Appellete Court was asked to establish criminal responsibility for riots in Kapilvastu riots in September 2007.

[९] 'Human Rights in Nepal one year after the Comprehensive Peace Agreement, Investigation Report, OHCHR, Nepal, December 2007, http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/1207CPA_Report_EN.pdf

यसरी जाहेरी दर्खास्त दर्ता गरिएता पनि प्रहरीले उचित अनुसन्धान गर्छ र दोषीलाई न्यायको कठघरामा उभ्याइन्छ भन्ने ग्यारेण्टी भने छैन । सन् २००८ को अक्टोबरमा माओवादी नेतृत्वको सरकारले तथाकथित "राजनीतिक प्रकृतिका" ३४९ थान फौजदारी मुद्दाहरू (अनुसन्धानको चरणमा रहेका, अभियोग लगाइएका तथा कसुरदार ठहर गरी फैसला गरिसकिएका) फिर्ता लियो । फिर्ता लिइएका मुद्दामा हत्या, हत्याको उद्योग तथा जबर्जस्ती करणी जस्ता गम्भीर मानव अधिकार उल्लंघनका मुद्दाहरू थिए र ती अधिकांश द्वन्द्वको समयमा घटेका थिए ।[१०]

फिर्ता लिइएका अधिकांश मुद्दाहरू माओवादी पार्टीका सदस्य विरुद्ध चलेका मुद्दाहरू थिए । त्यसरी मुद्दा लागेका कतिपय माओवादी पार्टीका सदस्यहरू तत्कालीन अवस्थामा सरकारमा वरिष्ठतम पदमा रहेका थिए । यसर्थ, शक्तिमा रहेका व्यक्ति विरुद्ध चलेका मुद्दा फिर्ता लिइनुले जारी दण्डहीनता तथा व्यवहारमा रहेको आम माफीको कुसंस्कार मौलाउनेमा चिन्ता व्यक्त गरिएका थिए ।[११] यसै बीच, सन् २००९ को अप्रिलमा माओवादी नेतृत्वको सरकारले मधेसी दलहरूको दबाबका कारण सन् २००७ को सेप्टेम्बरमा कपिलवस्तु जिल्लामा भएको जातीय दङ्गामा संलग्न रहेका भनी आरोपित धेरै व्यक्तिहरू विरुद्ध चलिरहेका मुद्दाहरू फिर्ता लियो ।[१२]

## वृहत् राजनीतिक पृष्ठभूमि

यस प्रतिवेदनमा चर्चा गरिएका मानव अधिकार उल्लंघनलाई वृहत् राजनीतिक पृष्ठभूमिमा हेर्दा, सन् १९९६-२००६ सम्म चलेको सशस्त्र द्वन्द्वपश्चात देखापरेको क्षेत्रीय पहिचान र संघीय ढाँचाको नयाँ सविधान तर्फको संक्रमणकालीन अवस्था पर्दछन् । मुल मधेसी राजनीतिक समूहहरूबीच जे-जस्ता मतमतान्तर भएता पनि सन् २००७ पछि अस्तित्वमा आएपश्चात मधेसीहरूको बढीभन्दा बढी प्रतिनिधित्व हुनुपर्ने तथा राष्ट्रिय

[१०] See OHCHR, A/HR/10/53, 3 March 2009.

[११] Human Rights Watch, "Letter to Prime Minister Pushpa Kamal Dahal of Nepal," 9 March 2009.

[१२] The former armed group, the Communist Party of Nepal (Maoist) in January 2009 merged with the Communist Party of Nepal-Unity Centre (Masal) and was renamed the Unified Communist Party of Nepal (UCPN-M).

राजनीतिमा उनीहरूको अर्थपूर्ण समावेशीकरण हुनुपर्ने नै ती सबै समूहको मुख्य माग रहिआएको छ । मधेसको राजनीतिक धरातल जटिल र सर्वथा परिवर्तनशील रहेको छ । त्यस क्षेत्रमा माओवादीले सञ्चालन गरेको सशस्त्र द्वन्द्वको अन्त्य सँगै असंख्य सशस्त्र समूहहरू अस्तित्वमा आएका देखिन्छन् । यसरी अस्तित्वमा आएका धेरै जसो समूहहरूलाई पूर्व माओवादीहरूले नै नेतृत्व प्रदान गरे । यीमध्ये धेरैले माओवादीबाट अभिप्रेरित हुँदै तथा देशमा व्याप्त दण्डहीनताको वातावरणमा आफूहरू हिंसाका निम्ति जवाफदेही हुनु नपर्नेमा ढुक्क हुँदै राजनीतिक उद्देश्य प्राप्तिको माध्यमको रूपमा हिंसालाई प्रयोग गर्न थाले ।

सन् २००८ मा भएको संविधान सभाको निर्वाचनपश्चात मधेसका मुलधारका राजनीतिक दलहरूले संविधान सभाको सबैभन्दा ठूलो राजनीतिक शक्तिको रूपमा रहेको एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी तथा हालको २२ दलीय गठबन्धनमा रहेका राजनीतिक दलबीच राजनीतिक शक्ति सन्तुलन गरी आएका छन् । यस अलावा, सशस्त्र द्वन्द्वपश्चात बनेका सरकारहरूले समावेशी समाज निर्माण सम्बन्धमा गरेका प्रतिबद्धताको कार्यान्वयन गर्ने सवालमा समेत केही प्रगति भएको छ । नेपाल सरकार तथा मधेसी जनअधिकार फोरमबीच सन् २००७ अगष्ट ३० मा भएको २२ बुँदे सहमती तथा सन् २००८ को फेब्रुअरीमा भएको ८ बुँदे सहमतीको कार्यान्वयन नभएकोमा मधेसी दलहरूमा निराशा बढ्दै गएको छ । फेब्रुअरी २००८ मा भएको सम्झौताले मधेसी, आदिवासी जनजाति, महिला, दलित, पछाडि पारिएका क्षेत्रका बासिन्दा तथा अल्पसंख्यक समुदायको समावेशी समानुपातिक प्रतिनिधित्व सुरक्षा अंगलगायतका सबै राज्य निकायमा रहने व्यवस्था गरेको थियो ।[१३] अन्तरिम संविधानमा गरिएको पाँचौ संशोधनले धारा १४४ मा उपधारा ४(क) थप गरेको छ । जसमा “नेपाली सेनालाई र ाष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेसी, आदिवासी, जनजाति, दलित, महिला र पिछडिएका क्षेत्रलगायतका जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानूनमा व्यवस्था गरी सुनिश्चित गरिने छ” भन्ने व्यवस्था रहेको छ । तथापि, यो व्यवस्था लगभग पूर्णरूपमा नै कार्यान्वयन भएको छैन ।

---

[१३] http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=3886

सन् २००७ को डिसेम्बरमा गरिएको अन्तरिम संविधानको तेश्रो संशोधन तथा उक्त संशोधनलाई सन् २००८ को मे महिनामा संविधान सभाले गरेको समर्थनमार्फत नेपाललाई संघीय गणतन्त्र घोषणा गरियो । यस पछि सन् २००८ को जुलाईमा राष्ट्रपति तथा उपराष्ट्रपति दुवै पदमा मधेसी समुदायका व्यक्ति नियुक्त हुनु अत्यन्तै महत्वपूर्ण रहेता पनि राष्ट्रपति तथा उपराष्ट्रपति दुवै विवादमा मुछिए । राष्ट्रपति डा. रामवरण यादवले मन्त्री परिषद्ले तत्कालीन नेपाली सेनाका सेनापति रुकमाङ्गत कटुवाललाई बर्खास्त गर्ने गरी गरेको निर्णयलाई उल्टाइदिएर माओवादी प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड” ले राजिनामा गरेको घटनामा मुख्य भूमिका खेले । प्रधानमन्त्रीले सेनापति कटुवाललाई आदेश पालना नगरेको आरोप लगाएका थिए ।[१४] हाल कायम रहेको राजनीतिक तथा संवैधानिक संकट अन्तरिम संविधान बमोजिम राष्ट्रपतिको अधिकार कति रहने भन्ने बारेको अस्पष्टतामा अल्भिmरहेको छ । उपराष्ट्रपति भने हिन्दी भाषामा शपथ ग्रहण गरेकाले विवादमा फँसे । शपथ विवाद सम्बन्धमा सन् २००९ को जुलाईमा सर्वोच्च अदालतले उपराष्ट्रपतिलाई पुनः शपथ ग्रहण गर्न आदेश दिएको भएता पनि उनी अदालतको आदेशलाई बेवास्ता गरी बसेका छन् । यो विवाद पनि आगामी दिनमा तराईमा थप तनाव सिर्जना गर्ने थुप्रै सवालहरू मध्येको एक हुन सक्छ ।

## पूर्ववर्ती सरकारका सुरक्षा नीतिहरू

सन् २००७ को डिसेम्बरमा बारा, पर्सा, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, रौतहट तथा सर्लाहीलगायतका तराईका ८ जिल्लाहरूमा गिरिजाप्रसाद कोईरालाको नेतृत्वको अन्तरिम सरकारले नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल सामेल रहेको “विशेष कार्य बल (Special Task Force)” परिचालन गरेको थियो ।[१५] उक्त बलको परिचालनका बावजुद पनि यी जिल्लाहरूमा हिंसा कायम रह्यो । उदाहरणका लागि सन् २००७ डिसेम्बर ७ मा एक अज्ञात सशस्त्र समूहद्वारा सिराहा जिल्लामा व्यापारी रामचन्द्र साह तथा

[१४] http://www.unmin.org.np/downloads/keydocs/2008-02-28-Agreement.SPA.Govt.UDMF.ENG.pdf

[१५] UN Security Council, Report of the Secretary-General on the Request of Nepal for United Nations assistance in support of its peace process, July, 13, 2009, para 4.

[१६] Kantipuronline, "Special Task Force in Siraha District; 1 Abducted", 2 December 2007. http://www.kantipuronline.com/kolnews.php?nid=130030 (accessed 23 August 2009).

राजकुमार महतोको अपहरण गऱ्यो ।[१६] तथापि, ती व्यापारीहरू पछि अपहरणकारीको कब्जाबाट भाग्न सफल भए । सन् २००७ डिसेम्बर १५ मा एक अज्ञात समूहले सिराहा जिल्लाको जनज्योति बहुमुखी क्याम्पसका कक्षा ११ मा अध्ययनरत १८ वर्षीय विद्यार्थी वसन्त किडग्रीलाई गोली हानी हत्या गऱ्यो ।[१७]

एकीकृत नेपाल कम्यूनिष्ट पार्टी (माओवादी)[१८] सत्तामा रहेकै बखत प्रधानमन्त्री पुष्पकमल दाहालले सन् २००९ जनवरी ३० मा तराईमा हुने हिंसा तथा अराजकतालाई परास्त गर्न कडा कदम चाल्न सुरक्षा निकायका उच्च अधिकृतहरूलाई निर्देशन दिएका थिए । प्रधानमन्त्री दाहालले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूलाई बोलाई तराईमा हुने हरेक अपराधिक क्रियाकलापलाई राजनीतिक रङ्ग दिने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्दै तराईमा "राजनीतिक भेषमा हुने" अपराधिक क्रियाकलापलाई परास्त गर्न कडा कदम चाल्न निर्देशन दिएको बुझिएको थियो । तराईमा भारतको भूमिका प्रति इङ्गित गर्दै प्रधानमन्त्री दाहालले तराईमा रहेको तरल परिस्थितिमा "अन्तर्राष्ट्रिय शक्तिहरू" ले समस्या चर्काइरहेका भनी अभिव्यक्ति दिएको भोली पल्टै उनले सुरक्षा अङ्गका प्रमुखहरूसँग बैठक गरेका थिए ।[१९]

## मधेसी, लिम्बु र थारू सशस्त्र राजनीतिक समूहहरू र अन्य अपराधिक समूहका गतिविधि

यस प्रतिवेदनमा तराईका विभिन्न राजनीतिक र अपराधिक सशस्त्र समूहका बारेमा विस्तृत चर्चा गर्न खोजिएको छैन । सशस्त्र समूहको सञ्चालन सम्बन्धमा गरिने अन्वेषणमा निहित जोखिम रहने गर्दछ र यस्तो अन्वेषणका निम्ति भूमिगतरूपमा कार्य गरिरहेका पक्षसँगको सम्पर्कसमेत आवश्यक पर्दछ, जो एड्भोकेसी फोरमको क्षमताभन्दा परको

---

[१७] http://www.southasiaanalysis.org/notes5/note421.html

[१८] Nepalnews, "PM Dahal orders security heads to beef up Tarai security, 30 January 2009, http://www.nepalnews.com/archive/2009/jan/jan30/news11.php (accessed 12 October 2009).

[१९] Prashant Jha, "Madeshi movement splintered by caste and militancy," Nepali Times, 21-27 November 2008 http://www.nepalitimes.com.np/issue/2008/10/20/PlainSpeaking/15293

कुरा हो । अझ, सशस्त्र समूहहरूका नाम तथा तिनीहरूको संरचना र आबद्धतासमेत बारम्बार फेरबदल भइरहेका हुन्छन् । एउटा सशस्त्र समूहका कार्यकर्ता अर्को सशस्त्र समूहमा सामुहिकरूपमा प्रवेश गर्ने वा मुलधारका राजनीतिक दलका कार्यकर्ताको पंक्तिसमेत सशस्त्र समूहमा प्रवेश गर्ने क्रम चलिरहेको हुन्छ । उदाहरणका लागि, प्रहरीद्वारा फेब्रुअरी २००९ मा मारिएका ध्रुवनारायण मिश्र (परिशिष्ट 'क' हेर्नुहोस्) संविधान सभाको निर्वाचन पूर्व मधेसी जनअधिकार फोरम, रुपन्देहीसँग आबद्ध थिए भने जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत समूह) मा प्रवेश गर्नु अघि निर्वाचनको समयमा नेपाली कांग्रेसका सदस्य भएका थिए ।

सशस्त्र समूहका सदस्यहरू बीचको दुश्मनीपूर्ण प्रतिस्पर्धा जाति जातिबीच झिना मसिना विषयलाई लिएर हुने झगडामा निर्भर रहने गरेको छ र यस्ता झगडाले धेरै सशस्त्र समूहमा फुट पैदा गर्ने गरेको छ ।[२०] कमजोर संगठनात्मक संरचनाका कारण यस्ता समूहको खास उद्देश्यसमेत खुट्ट्याउन गाह्रो छ । अधिकांश मधेसी सशस्त्र समूहले "स्वायत्त मधेस" माग गर्ने गरेता पनि उनीहरूको अन्तिम लक्ष्य प्रस्ट छैन । साथै मुलधारका मधेसी दलहरूसँग मधेसका सशस्त्र समूहहरूले साझा एजेण्डामा सहमतीसमेत नगरेकाले उनीहरूको मुलधारका मधेसी दलहरूसँग कस्तो सम्बन्ध रहेको छ भन्नेसमेत प्रस्ट छैन ।[२१]

एड्भोकेसी फोरमको अनुभवमा हत्या गरिएका वा यातना दिइएका तराईका सशस्त्र समूहका सदस्यहरूको तर्फबाट आवाज उठाउने व्यक्तिहरूलाई आम जनताहरूले दुश्मनका रूपमा व्यवहार गर्ने गरेका छन् । मानव अधिकार उल्लंघनका घटनाको छानबिन गर्ने क्रममा वा फौजदारी अभियोगका अभियुक्तको तर्फबाट अदालतमा उपस्थित भएका बखत बारम्बार एड्भोकेसी फोरमका कर्मचारीहरूलाई गाउँलेहरूले धम्की दिने गरेका छन् । योभन्दा पनि मधेसी सशस्त्र राजनीतिक समूहले एड्भोकेसी फोरमलगायतका नेपाली गैर सरकारी संस्थाहरूलाई मूलतः पहाडीहरूका संस्थाकारूपमा लिने गरेकाले एड्भोकेसी फोरमका कर्मचारीलाई दुश्मनीपूर्ण ढंगले व्यवहार गर्ने गरेका छन् । यस परिप्रेक्ष्यमा सशस्त्र समूहबारे वृहत् अन्वेषण गर्न सम्भव हुन सकेन ।

---

[२०] "Nepal: Talks crucial to prevent upsurge in Terai violence – rights groups," IRIN News, 21 October 2008 http://www.irinnews.org/Report.aspx?ReportId=81024

[२१] जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोईत) ले आफ्नो नाम परिवर्तन गरी अखिल तराई मुक्ति मोर्चा राखेको छ ।

प्रतिवेदनको यो अंश विभिन्न पत्रपत्रिकाहरूमा छापिएका समाचारमा आधारित रहेको छ। सन् २००९ अगष्टमा कान्तिपुर दैनिकमा गृह मन्त्रालयले देशको सुरक्षा अवस्थाको विश्लेषण गरी तयार गरेको भनिएको "सशस्त्र समूहको वर्गीकरण तथा वार्ताका लागि सुझाव" नामक सरकारी प्रतिवेदनबाट सार्वजनिक हुन पुगेको भनी लामो समाचार लेख छापिएको थियो जसलाई यस प्रतिवेदनमा समावेश गरिएको छ।

कान्तिपुरमा छापिएको उक्त लेखमा सन् २००९ अप्रिल ताका (माओवादीले सरकारको नेतृत्व गरेका बखत) तयार गरिएको २०० पृष्ठ लामो उक्त प्रतिवेदनमा १०९ ओटा सशस्त्र समूहको सूची समावेश छ। जसअनुसार २० ओटा सशस्त्र समूहहरू राज्यको क्षेत्रीय अखण्डतालाई समाप्त पारी नयाँ देश निर्माण गर्न लागेका छन्। ६० ओटा जति समूहहरू भने मधेसलाई एक स्वायत्त राज्य बनाउन चाहन्छन्। अधिकांश सशस्त्र समूहहरू तराईका २२ जिल्लामा सक्रिय रहेका छन् र तिनीहरूले आफ्ना गतिविधि पूर्वी, मध्य पश्चिमी तथा सुदूर पश्चिमी क्षेत्रका जिल्लाहरूमा विस्तार गरिरहेका छन्।

उक्त प्रतिवेदनले यस्ता समूहहरूलाई सैन्य बलका आधारमा एकदेखि तीन हजारसम्म सेना रहेका भनी वर्गीकरण गरेको जनाइएको छ भने कार्यकर्ताका आधारमा दुईदेखि सात हजार कार्यकर्ता रहेको भनी वर्गीकरण गरेको छ। प्रतिवेदनले जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला समूह) पछि जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत समूह[२२]), जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन) जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट सिंह), मधेसी मुक्ति टाईगर, तराई आर्मी, मधेस भाइरस किलर्स, तराई कोब्रा, तराई जनतान्त्रिक बल, तराई बागी, मधेस मुक्ति फोर्स, मधेसी स्पेशल फोर्स, रणविर सेनालाई "निकै शक्तिशाली" भनी चित्रित गरिएको छ भने जनतान्त्रिक तराई मुक्ति मोर्चा - राजन मुक्ति, हिम्मत सिंह, विश्व सिंह, रणविर सिंह, प्रकाण्ड, प्रल्हाद गिरी समूहलाई समेत सैन्य हिसाबले शक्तिशाली रहेको उल्लेख गरेको छ।

सञ्चारमाध्यमहरूले जनाएअनुसार, उक्त प्रतिवेदनले चार दर्जन जति सशस्त्र समूहसँग एके- ४७ मेशिन गन, सब मेशिन गन (एसएमजी), लाईट मेशिन गन

[२२] Telegraph Nepal, "Indian leaders aiding Nepal armed outfits. Nepal Govt. Report", 1 August 2009, http://telegraphnepal.com/news_det.php?news_id=5942 (last accessed 15 September 2009)

(एलएमजी) तथा सेल्फ लोडिङ्ग राईफल (एसएलआर) लगायतका आधुनिक हातहतियारका साथै भारी मात्रामा बिष्फोटक पदार्थसमेत रहेको छ। जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला समूहमा २,००० सदस्य रहेको तथा १०० जति आधुनिक हातहतियार रहेको गृह मन्त्रालयको अनुमान छ।[२३]

अघिल्ला पृष्ठहरूमा चर्चा गरिएझैं, धेरै मधेसी सशस्त्र समूहहरूको निर्माण पूर्व माओवादी कार्यकर्ताले गरेका छन्। यस अलावा, सामुहिक हैसियतमा नभई एक-एक गरी हतियारका साथ माओवादी सदस्यहरू यस्ता सशस्त्र समूहमा प्रवेश गरेका छन्। उदाहरणका लागि, पत्रपत्रिकाले जनाए अनुसार २०६३ पौष १९ मा हरेराम साह (अमर), माओवादीको जनमुक्ति सेनाको रामबृक्ष स्मृति ब्रिगेडका सूर्यनाराण साह तथा माओवादी जनमुक्ति सेनाको सिन्धुली क्यान्टोनमेन्टका श्यामदेव यादव (अजय) जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला समूह) मा प्रवेश गर्दा दर्जनौ हतियार सहित गएका थिए।[२४]

उक्त सरकारी प्रतिवेदनले सशस्त्र समूहहरूलाई राजनीतिक, धार्मिक, राजनीतिक अपराधिक, धार्मिक अपराधिक तथा पूर्ण अपराधिक भनी विभिन्न समूहमा वर्गीकरण गरेको छ। सक्रिय रहेका भनिएका १०९ मध्ये मात्र १२ ओटा समूहहरू राजनीतिक रहेको तथा ७० ओटा समूहहरू पूर्ण अपराधिक समूह रहेको कुरा प्रतिवेदनले उल्लेख गरेको जनाइएको छ। उक्त समूहहरूले गर्ने क्रियाकलाप राजनीतिक नभई फिरौतीका निम्ति अपहरण गर्ने, हत्या गर्ने लगायतका अन्य हिंसात्मक क्रियाकलाप रहेका छन्। प्रतिवेदनले उक्त समूहहरू विरुद्ध कडाभन्दा कडा कारवाही चलाउन र राजनीतिक समूह बाहेकका सँग वार्ता नगर्न सरकारलाई सुझाव दिएको जनाइएको छ। राजनीतिक समूहका रूपमा रहेका १२ समूहमा अखिल तराई मुक्ति मोर्चा (जय कृष्ण गोइत), किराँत जनवादी वकर्स पार्टी तथा थरुहट स्वायत्त राज्य परिषद् रहेका छन्। कोब्रा (नागराज) तथा नेपाल डिफेन्स आर्मीलगायतका चार समूहलाई “धार्मिक अपराधी” समूहको रूपमा वर्गीकरण गरिएको छ भने अन्य ११ समूहलाई “राजनीतिक अपराधी” समूहमा वर्गीकरण

---

[२३] Armed wing of the CPN-M.

[२४] Telegraph Nepal, "Indian leaders aiding Nepal armed outfits. Nepal Govt. Report", 1 August 2009, http://telegraphnepal.com/news_det.php?news_id=5942 (last accessed 15 September 2009).

गरिएको छ । ८ ओटा सशस्त्र समूह कुन वर्गीकरणमा पर्ने पत्ता लगाउन नसकिएको प्रतिवेदनले उल्लेख गरेको छ ।

सरकारले एक एक गरी ५ ओटा सशस्त्र समूहसँग वार्ता सुरु गरिसकेको छ भने थप ७ ओटा समूहसँग प्रारम्भिक वार्ता गरेको छ । नेपाल सरकारको शान्ति मन्त्रालय तथा सम्बन्धित सशस्त्र समूह बीचको भएका धेरै जसो प्रथम चरणका वार्तामा ४ बुँदे सहमती हुने गरेको पाइएको छ । उदाहरणका लागि मार्च २००९ मा शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा मधेसी मुक्ति मोर्चाबीच भएको वार्तामा सरकारले मुक्ति मोर्चाका वार्ताकारलाई सुरक्षा उपलब्ध गराउने तथा थुनामा परेका मधेसी मुक्ति मोर्चाका कार्यकर्ताहरूको रिहाईको लागि पहल गर्ने र मुक्ति मोर्चाले वार्ता अवधिभर सशस्त्र गतिविधि स्थगन गर्ने जसका बदलामा सरकारले मोर्चालाई राजनीतिक समूहको मान्यता दिने सहमती भएको थियो ।[२५] तथापि सशस्त्र समूहसँग भएका कुनै पनि वार्ता सारभूत राजनीतिक सहमतीमा पुग्न भने सकेका छैनन् ।

सरकारले सशस्त्र समूहको संरचना, शक्ति तथा गतिविधिहरूबारे जासुसी सूचना संकलन गर्न मात्रै वार्तालाई प्रयोग गरेको भन्ने चिन्ता सशस्त्र समूहमा रहेको छ । वास्तवमै जुलाई २००९ मा सरकारसँग वार्तामा बसेका मधेसी मुक्ति टाईगर, सिराहाका नेता अखिलेन्द्र कुमार यादव उर्फ "दिवाकर" को वार्तापश्चात प्रहरीद्वारा गिरफ्तार गरी हत्या गरियो (तल हेर्नुहोस्) ।

हालसालै, सेप्टेम्बर २००९ मा ५ ओटा सशस्त्र समूहहरू तथा सरकारबीच भएको दोस्रो चरणको वार्ता थुनामा परेका सशस्त्र समूहका सदस्यको रिहाई सम्बन्धमा सहमती हुन नसक्दा विना निष्कर्ष टुङ्गियो । उक्त वार्तामा शान्ति मन्त्री रकम चेम्जोङ्गले सरकारको प्रतिनिधित्व गरेका थिए भने मधेसी भाइरस किलर्सका जेपी गुप्ता, तराई संयुक्त जनक्रान्ति पार्टीका गजेन्द्र मण्डल, तराई लिवरेशनका स्वामीजी तथा मधेस मुक्ति टाईगरका मङ्गल पाण्डेले सशस्त्र समूहको नेतृत्व गरेका थिए ।[२६]

[२५] Nepalnews, "Govt, Tarai outfit ink 4-pt deal", 20 March 2009.

[२६] Nepalnews, "Only 12 out of 110 armed groups political. Home Ministry", 7 September 2009, http://www.nepalnews.com/main/index.php/news-archive/1-top-story/1315-only-12-armed-groups-political-report.html (last accessed 15 September 2009).

एकपछि अर्को गर्दै निर्माण भएका सरकारहरू संविधान सभा, राज्य संरचना तथा राष्ट्रिय राजनीतिमा आफ्नो प्रतिनिधित्व बढीभन्दा बढी हुनुपर्ने आदिवासी समुदायको मागको दबाबमा पर्दै आएका छन् । जनजाति समुदायका यस्ता मागलाई सम्बोधन गर्ने उद्देश्यका साथ ८ दलीय गठबन्धनको सरकारले सन् २००७ को अगष्ट ७ मा जनजाति समुदायका २ ओटा छाता संगठनहरू – नेपाल आदिवासी जनजाति महासंघ र नेपाल आदिवासी जनजाति संयुक्त संघर्ष समिति – सँग २० बुँदे सहमती गऱ्यो । सरकारले अल्पसंख्यक आदिवासी समुदायको प्रतिनिधित्व संविधान सभामा सुनिश्चित गर्ने प्रतिबद्धताका साथ राज्य पुनरसंरचना आयोग तथा जनजाति आयोगसमेत गठन गर्ने प्रतिबद्धता गऱ्यो ।

उक्त २० बुँदे प्रतिबद्धता स्वरूप जनजाति समुदायप्रति सरकारको जिम्मेवारी बढाउदै सेप्टेम्बर २००७ मा सरकारले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १६९ अनुमोदन गऱ्यो । नेपाल कानून तथा नेपाली अभ्यासलाई महासन्धि अनुरूपका बनाउन सरकारले महासन्धि १६९ कार्ययोजना तयार पारेको भएता पनि उक्त कार्य योजना मन्त्री परिषदबाट पारित भएको भने छैन ।

आदिवासी जनजातिसँग गरिएका विभिन्न सहमतीको कार्यान्वयन नहुँदा लिम्बु र थारूलगायतका समुदायमा निराशा बढ्दै गई विद्रोही लडाकुभावसमेत बढ्दै गएको छ । लिम्बु समुदायको सबैभन्दा लडाकु समूह संघीय लिम्बुवान राज्य परिषद् रहेको छ । यस समूहले अरुण नदी पूर्व रहेका ९ ओटा जिल्ला- पाँचथर, ताप्लेजुङ्ग, तेह्रथुम, संखुवासभा, ईलाम, झापा, धनकुटा, सुनसरी तथा मोरङ्ग- लाई लिम्बुवान राज्य घोषणा गरिनुपर्ने माग राखेको छ । संघीय लिम्बुवान राज्य परिषद्का कार्यकर्ताहरू बारम्बार हिंसामा उत्रने गरेका छन् भने सयौं कामदारलाई बाधा पुग्ने तथा दैनिक जनजीवनलाई प्रभावित गर्ने गरी सम्बन्धित जिल्लाहरूमा बारम्बार बन्द हडतालको समेत आयोजना गरी आएका छन् ।[२७]

हाल नेपालमा २ ओटा मुख्य थारू समूहहरू क्रियाशील रहेका छन् । माओवादीका पूर्व सदस्य लक्ष्मण चौधरीले थरुहट स्वयत्त राज्य परिषद्को स्थापना गरेका छन, जो दाङ्ग,

[२७] Nepalnews, "FLSC strike cripples eastern Nepal for 2nd day", 1 December 2008, http://www.nepalnews.com/archive/2008/dec/dec01/news08.php

[२८] Asian Centre for Human Rights, "Madhes: The challenges and opportunities for a stable Nepal", 1 September 2009, http://www.achrweb.org/briefingpapers/Madhes2009.pdf

बाँके, बर्दिया, कैलाली, कञ्चनपुरमा विशेष गरी शक्तिशाली रहेको भएता पनि पूर्वमा यसका समर्थकहरू न्यून संख्यामा रहेका छन् ।[२८] थारू समूह मध्येको सबैभन्दा पुरानो समूहको रूपमा रहेको थारू कल्याणकारी सभा सामाजिक-सांस्कृतिक समूह हो । यी दुवै थारू समूहहरू माओवादी सरकारका पालामा सन् २००९ को मार्चमा सार्वजनिक क्षेत्रमा समावेशीकरण कायम राख्ने अध्यादेश आउन लाग्दा NEFIN को समर्थनमा एक ठाँउमा आए । उक्त अध्यादेशले परम्परागतरूपमा सीमान्तकृत रहेका समूहहरूलाई प्रहरी र सेनालगायतका सरकारी सेवामा समावेश गर्ने व्यवस्था गरेको थियो । थारूलगायतका परम्परागतरूपले सीमान्तकृत रहेका तराईका अन्य समुदायले अध्यादेशले आफूहरूलाई मधेसीको समूहमा राखेको भन्दै आपत्ति जनाएका थिए । (संसदबाट अनुमोदन हुन नसकेकाले उक्त अध्यादेश त्यसै निस्क्रिय भएको थियो) ।

अपराधिक समूहहरूले गर्ने क्रियाकलापमा रसायनिक मल, चिनी, डिटरजेन्ट, तेल तथा अन्य सामानहरूको सानोतिनो तस्करीदेखि लिएर क्षेत्रीय स्तरमा जाली रुपियाँ व्यापक प्रयोगमा ल्याउने सम्मका अपराधहरू रहने गरेका छन् । अपराधिक समूहहरू हतियारको तस्करीमा संलग्न रहेको र तिनै हतियार सशस्त्र राजनीतिक समूहलाई बिक्री गर्ने गरेकोसमेत जनाइएको छ ।

अपराधिक समूहहरूको संख्या अत्यधिकरूपमा दिनानुदिन बढेको परिप्रेक्ष्यमा हेर्दा गाउँमा सुरक्षाको अभावका कारणले युवाहरू आफैं नै सशस्त्र समूहमा लाग्ने गरेको एड्भोकेसी फोरमले पाएको छ । उदारहणका लागि, प्रहरीद्वारा पक्राउ गरिएका झापा जिल्लाका एक युवाले आफू काठमाडौंबाट आफ्नो जिल्ला फर्किए पछि ट्याक्सी पार्कमा एक जना साथीसँग भेट भएको र उक्त साथीले सशस्त्र समूहमा लाग्न आफूलाई सुझाव दिएको हुँदा अन्य विकल्प नभएर आफू सशस्त्र समूहमा लागेको कुरा एड्भोकेसी फोरमलाई बताएका छन् । बेरोजगारी उच्च रहेको अवस्थामा सशस्त्र समूहमा लाग्नाले युवाहरूलाई आम्दानीको श्रोत तथा सुरक्षासमेत प्राप्त हुने गरेको पाइन्छ । सशस्त्र समूहका सदस्यले एड्भोकेसी फोरमलाई जनाएअनुसार उनीहरूले असुली गरेको चन्दाको केही प्रतिशत रकम आफूले राखि बाँकी रकम सशस्त्र राजनीतिक समूहलाई बुझाउन पाइने अव्यक्त सहमती सशस्त्र राजनीतिक समूह र यसका सदस्यहरूबीच रहेको छ ।

अझ महत्वपूर्ण त यो छ कि मुलधारका राजनीतिक दलहरू (मधेसी तथा अन्य) तथा प्रहरीको सशस्त्र राजनीतिक तथा अपराधिक समूहसँग रहेको सम्बन्धले यसै पनि

जटिल रहेको परिस्थितिलाई नयाँ आयाम प्रदान गरी अझ जटिल बनाइदिएको छ। मधेसी दलहरूका सामु तराईमा आफू प्रतिको समर्थन गुमाउदै गएका नेपाल कम्युनिष्ट पार्टी (एमाले) तथा नेपाली कांग्रेसले आफूप्रतिको समर्थन कायम राख्न परम्परागत शैलीमा संरक्षणको अभ्यास गरिरहेका छन्। भाग ५ र ६ मा वर्णन गरिएझैँ जबर्जस्ती करणीलगायतका गम्भीर अपराधका आरोपी रहेका सशस्त्र समूहका सदस्यहरूलाई प्रहरीबाट छुटाउन हस्तक्षेप गरिएका कयौं घटनाहरू छन्। यसरी अपराधका आरोपीहरूलाई मुलधारका राजनीतिक दलले छुटाउन दबाब दिनुको कारण भविष्यमा त्यसरी छुटाइएका व्यक्तिहरूको समर्थन आफूलाई प्राप्त हुन्छ भन्ने मनोविज्ञान रहेको देखिन्छ। यसै गरी मधेसी दलहरू तथा तराईमा क्रियाशील सशस्त्र समूहसँग प्रतिस्पर्धा गरिरहेको एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीसमेत अपराधीहरूलाई संरक्षण प्रदान गर्ने कार्यमा संलग्न देखिन्छ।

प्रधानमन्त्री तथा गृहमन्त्रीलगायत मन्त्री परिषद्का अन्य सदस्यहरूले अपराधीहरूलाई दिइने राजनीतिक संरक्षणबारे चिन्ता व्यक्त गर्दै आएका छन्। सन् २००९ जुन १० मा नेकपा एमालेका कार्यकर्ताहरूलाई सम्बोधन गर्ने क्रममा गृहमन्त्री भिम रावलले "अपराध कर्ममा लागेका व्यक्तिहरूलाई दिइने राजनीतिक संरक्षणका कारण कानून व्यवस्था कायम राख्न कठिन भएको छ।" भन्दै "अपराधिक तत्वलाई संरक्षण नदिन" राजनीतिक दल तथा नेतृत्व वर्गलाई अह्वान गर्दै नेकपा एमालेका सभासदहरूलाई यस कार्यमा सहयोग गर्न अग्रहसमेत गर्नु भएको बताइएको छ।[२९] सन् २००९ जुलाई ३१ मा प्रधानमन्त्री माधव कुमार नेपालले "राजनीतिक संरक्षण प्राप्त भएका कारण अझै पनि धेरै अपराधीहरू स्वतन्त्र पूर्वक हिँडिरहेका छन्। म सम्बन्धित राजनीतिक दललाई अपराधीलाई नजोगाउन अग्रह गर्दछु" भन्दै "अपराधीको राजनीतिक आबद्धतालाई बिर्सीदिएर राजनीतिक दलहरूले अपराधीहरूको संरक्षण नगर्ने हो भने मात्रै सरकारले दण्डहीनताको कुसंस्कृतिलाई अन्त्य गर्न सक्छ" भनी अभिव्यक्ति दिनु भएको थियो।[३०] तथापि, सन् २००९ नोभेम्बर ३ मा अंग्रेजी

---

[२९] Nepalnews, "Political protection to criminals creating security woes: Home Minister", 10 July 2009, http://www.nepalnews.com/archive/2009/jul/jul10/news07.php

[३०] Kathmandu Post, "PM: Political cover promoting impunity", 31 July 2009.

[३१] Kathmandu Post, "Ministry under pressure to dispose of criminal cases", 3 November 2009, http://www.ekantipur.com/the-kathmandu-post/2009/11/03/Nation/Ministry-under-pressure-to-dispose-of-criminal-cases/1632/index.html

दैनिक द काठमाडौं पोष्टमा प्रकाशित भएअनुसार अपराधिक क्रियाकलाप विरुद्ध हुने कारवाहीमा राजनीतिक हस्तक्षेप अद्यावधिक कायम रहेको छ ।[३१]

## नयाँ विशेष सुरक्षा नीति

नेपाल सरकार, मन्त्री परिषद्ले सन् २००९ को जुलाईमा पारित गरेको नयाँ विशेष सुरक्षा नीति पूर्वका १५ जिल्ला, उपत्यकाका ३ जिल्ला तथा मध्यपश्चिम र सुदूरपश्चिमका ८ जिल्ला गरी जम्मा जम्मा २६ जिल्लामा लागू गरिएको छ ।[३२] यी जिल्लाहरूलाई औपचारिकरूपमा “उच्च संवेदनशील” जिल्लाको सुचीमा राखिएको छ । मध्यपश्चिम तथा सुदूरपश्चिमका थारू समुदायमा देखापरेको मुठभेड उन्मुख सक्रियतालाई ध्यान दिँदै सरकारले बाँके, बर्दिया, कैलाली, कञ्चनपुर तथा दाङ्ग गरी ५ जिल्लालाई हालसालै मात्रै यो सुचीमा थप गरेको हो ।

सञ्चारमाध्यमहरूका अनुसार, विशेष सुरक्षा नीतिको लक्ष्य देशभरी सुरक्षा अवस्था सुधार गर्नु रहेको छ । यसको लक्ष्य शान्ति प्रक्रियालाई गति प्रदान गर्नु, राजमार्गमा सवारी साधन निरन्तर चल्न सक्ने अवस्था सिर्जना गर्नु र तराईमा अपराधिक गतिविधि नियन्त्रण गर्नु रहेको छ । यसको उद्देश्य तीन ओटै सुरक्षा निकायहरू (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभाग) लाई नेपाल प्रहरीको एकीकृत नेतृत्वअन्तर्गत परिचालन गर्नु रहेको छ । गृह मन्त्रालयको अनुरोधमा मन्त्री परिषद्ले विशेष सुरक्षा नीतिअन्तर्गत सशस्त्र प्रहरी बलमा ११,३८८ नयाँ दरबन्दी थप्ने निर्णय गरेको छ । यसरी थपिएका दरबन्दीहरूमा दुई चरणमा गरेर भर्ना लिइने छ । प्रथम चरणमा करिब ५,७०० पदका लागि भर्ना लिइने योजना रहेका छ भने दोस्रो चरणमा ६,९०० नयाँ पदका लागि भर्ना लिइने योजना छ । सरकारले सशस्त्र प्रहरी बलका लागि आवश्यक विभिन्न भौतिक पूर्वाधार र साधन सामग्रीहरूलगायत थप दरबन्दीका लागि रु. २.४६ अरब छुट्ट्याएको

---

[३२] The districts have not been made public but are thought to be: Jhapa, Morang, Sunsari, Saptari, Siraha, Dhanusha, Udayapur, Khotang, Bhojpur, Dhankuta, Terhathum, Panchthar, Taplejung, Sankhuwasabha and Ilam in the east; Kathmandu, Lalitpur and Baktapur in the valley; Kanchanpur, Kailali, Bardiya, Banke, Dang, Kapilvastu, Rupandehi and Nawaparasi in the far- and mid-western region.

छ । सरकारले राष्ट्रिय अनुसन्धान विभागलाई पनि साधन सम्पन्न बनाउने लक्ष्यका साथ विभागमा ३५० ओटा नयाँ दरबन्दी थप गर्ने निणर्य गरेको छ। मन्त्री परिषद्को निर्णयअनुसार "सरकारले राष्ट्रिय अनुसन्धान विभागमा नयाँ भर्नाका लागि, सूचनादाताहरू (जासुसहरू) परिचालनका लागि र विभागलाई भौतिक पूर्वाधार सहितका साधन सामग्रीहरू उपलब्ध गराउनका लागि भनेर रु. ४१ करोड ४६ लाख छुट्ट्याएको छ।"[३३]

विशेष सुरक्षा नीतिको विस्तृत विवरण सन् २००९ को सेप्टेम्बर महिनामा प्रस्तुत गरिएको थियो । यी प्रतिवेदनहरूका अनुसार मन्त्री परिषद्ले गृह मन्त्रालयको अनुरोधमा करिब ४ अरब रुपियाँ विशेष सुरक्षा नीति कार्यान्वयनका लागि स्वीकृत गरेको छ । मन्त्री परिषद्को निर्णय बमोजिम रु. ९२ करोड ४० लाख सुरक्षा बल परिचालन र सञ्चालनका लागि भनी स्वीकृत गरिएको छ । सरकारले सम्पूर्ण सञ्चालन खर्चमध्ये रु. १४ करोड ४९ लाख नेपाल प्रहरीको लागि, रु. ७० करोड ६४ लाख सशस्त्र प्रहरी बलको लागि र रु. २ करोड ७५ लाख गृह मन्त्रालयको लागि छुट्ट्याएको छ ।

विशेष सुरक्षा नीतिसम्बन्धी समाचारहरू खासगरी सुरक्षासँग सम्बन्धित सूचनालगायत भौतिक सामग्री र आर्थिक पक्षमामात्र केन्द्रित रहेको पाइन्छ। विशेष सुरक्षा नीतिमा मानव अधिकारसम्बन्धी कुनै पनि कुरा समेटेको पाइँदैन । उदाहरणका लागि, विशेष सुरक्षा नीति राष्ट्रमा सार्वजनिक सुरक्षा र कानुनी राज्य कमजोर पार्ने विद्यमान दण्डहीनताको स्थितिलाई सम्बोधन गर्नेतर्फ सचेत छ कि छैन भन्ने कुरामा अन्योल छ ।

## अन्तरदेशीय आयाम

तराईको अवस्थाको सम्बन्धमा सञ्चारमाध्यमहरूले भारतीय राजनीतिज्ञ र अधिकारीहरूको कथित भूमिकाबारे विस्तृत रूपमा सार्वजनिक गरेका छन् । कान्तिपुरले सरकारको आन्तरिक प्रतिवेदनको सम्बन्धमा लेखेको छ "तराईमा विशेष सुरक्षा बल परिचालन पछि कमजोर भएका सशस्त्र विद्रोही समूहहरू भारतको बिहार राज्यको

[३३] Republica, "Security Plan costs govt. Rs 4 billion", 10 September 2009.

कटिहार भन्ने ठाउँमा भेला भई एक आपसमा एकीकृत हुने वा कार्यगत एकता गर्ने भन्ने विषयमा छलफल गर्दैछन् ।"

विशेष सुरक्षा नीतिको घोषणापश्चात मधेस मुक्ति टाइगर्स, मधेसी भाइरस किलर्स, तराई संयुक्त जनतान्त्रिक पार्टी, दि तराई संयुक्त जनतान्त्रिक पार्टी र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) ले कार्यगत एकता गरेका छन् ।[३४] कार्यगत एकताको बारेमा सन् २००९ जुलाई ३० मा पत्रकार सम्मेलन गरी घोषणा गरिएको थियो ।[३५]

गृह मन्त्रालयको प्रतिवेदनमा तराईमा क्रियाशील १०९ सशस्त्र समूहहरूमध्ये ८० प्रतिशतको आधार भूमि भारत भएको, उनीहरूले भारतमा नै तालिम प्राप्त गरिरहेको र उनीहरूले भारतबाटै हतियार ल्याउने कुरा उल्लेख छ । प्रतिवेदनमा केही उच्च तहका भारतीय नेताहरूले सशस्त्र समूहहरू जस्तै, अखिल तराई मुक्ति मोर्चा (जय कृष्ण गोइत)[३६], जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) आदि लाई सहायता गरिरहेका छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

गृह मन्त्रालयको उक्त प्रतिवेदनमा देवेन्द्र यादव, कपिल देव कामती, आनन्द मोहन सिंह र लाल विहारी यादव, आदि भारतीय सांसदहरूले नेपाली सशस्त्र समूहहरूलाई हतियारका साथै आर्थिक सहायता प्रदान गरिरहेका छन् भन्ने कुरा उल्लेख छ । प्रतिवेदनका अनुसार "विहारी यादवले उनका छोरा विजय यादवमार्फत गोइत समूहलाई हतियार आपूर्ति गरिरहेका छन् ।" त्यस्तै, आनन्द मोहन सिंहले हतियार तथा विष्फोटक पदार्थ आपूर्ति गर्नुका साथै गोइत समूहका करिब २५ जना कार्यकर्ताहरूलाई सैन्य तालिम दिइरहेका छन् । गोइत समूहले भारतको पटना र दर्भंगा तथा नेपालको सप्तरी जिल्लामा सम्पर्क कार्यालय स्थापना गरेको छ । समाचारहरूमा जनाइएअनुसार ज्वाला समूहले

[३४] Kantipur, "Indian leaders aiding Tarai armed Outfits: Nepal Govt. Report", 1 August 2009.

[३५] Nepalnews, "Four Tarai armed groups join forces", 30 July 2009, http://www.nepalnews.com/main/index.php/news-archive/2-political/686-four-Tarai-armed-groups-join-forces.html

[३६] Formerly known as JTMM (Goit), also referred to as "Goit faction", see footnote 22.

भारतको सुपौल, बीरपुर र जोगबनी तथा नेपालमा सप्तरीको जब्नीको श्रीपुरमा सम्पर्क कार्यालय खोलेको छ । गोइत, ज्वाला सिंह, पवन सिंह, विस्फोट सिंह र अन्य दर्जनभन्दा बढी सशस्त्र समूहका कार्यकर्ताहरूले भारतको मोतिहारी, दर्भंगा, अररिया, सीतामाडी, मुंगर सुपौल र अन्य स्थानहरूमा सैन्य तालिम लिइरहेका छन् । नेपालका सुरक्षा अधिकारीहरू गोइत समूहले भारतको बिहारको सुपौल जिल्लासँगै जोडिएको नेपालको सुनसरी जिल्लाको बसन्तपुर गाविसमा सुविधा सम्पन्न सैन्य तालिम केन्द्र स्थापना गरेको दाबी गर्दछन् ।[३७]

प्रतिवेदनमा नेपालको भारतसँगको खुल्ला सीमामा सुरक्षा व्यवस्था कडा पारी अपराधीहरूलाई नेपालमा अपराध गरी सजिलै भारततर्फ भाग्न नसक्ने गरी नियन्त्रण गर्नुपर्ने सुझाव दिइएको छ । नेपाल सरकारले नेपाल भारत खुल्ला सीमानाको ६४ स्थानहरूमा सशस्त्र प्रहरी बल चौकी स्थापना गरी ती चौकीहरूको सुदृढीकरणका लागि रु. ६४ करोड १७ लाख ७३ हजार रकम छुट्टयाएको छ ।[३८]

---

[३७]Telegraph Nepal, "Indian leaders aiding Nepal armed outfits. Nepal Govt. Report", 1 August 2009, http://telegraphnepal.com/news_det.php?news_id=5942 (last accessed 15 September 2009).

[३८] Telegraph Nepal, "Indian leaders aiding Nepal armed outfits. Nepal Govt. Report", 1 August 2009, http://telegraphnepal.com/news_det.php?news_id=5942 (last accessed 15 September 2009).

# गैर न्यायिक हत्या

"राज्यको कानून उल्लंघन गर्ने जो कोहीले कुनै पनि परिस्थितिमा उन्मुक्ति पाउँदैन" [३९]

एड्भोकेसी फोरमले सन् २००९ फेब्रुअरीदेखि अक्टोबर महिनाको बीचमा १२ ओटा सम्भाव्य गैर न्यायिक हत्याका घटनाहरू अभिलेख गरेको छ । नेपालको दक्षिण भेगमा घटित यस्ता घटनाहरूमा प्रायशः नेपाल प्रहरीको संलग्नता देखिन्छ । २ ओटा घटनामा सशस्त्र प्रहरी बलको संलग्नता रहेको देखिन्छ । यी घटनाहरूमा १५ जना मानिसहरू मारिएका थिए भने ८ जना जति घाइते भएका थिए ।

बाँके, धनुषा, सिराहा, सप्तरी र रुपन्देही गरी जम्मा ५ ओटा जिल्लाहरूमा यस प्रकारको हत्या गरिएको थियो । ८ ओटा घटनाहरू नेपालको दक्षिण भेगका मधेसी समुदायमाझ क्रियाशील राजनीतिक समूहका सदस्यहरूसँग सम्बन्धित छन् । प्रहरी र तराईमा परिचालित सशस्त्र समूहहरूका कथित सदस्यहरूबीच भिडन्त हुँदा मानिसहरू मारिएका हुन् भनी सुरक्षा बलले दाबी गरेको छ । तर यी कुनै पनि घटनामा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बलतर्फ कुनै मानवीय क्षति भएको पाइँदैन । कतिपय घटनाहरूका प्रत्यक्षदर्शीहरूले सुरुमा पीडितलाई हिरासतमा लिए पछि कसरी योजनाबद्ध ढंगले मारिन्थ्यो भन्ने कुरा बताएका थिए, अर्थात् प्रहरीले कसैलाई हात बाँधेर पक्राउ गरी लगेपछि गोली चलेको आवाज सुनिन्थ्यो ।

---

[३९] State Minister of Home Affairs, Rizwan Ansari as quoted in The Telegraph, "Indian leaders aiding Tarai armed Outfits: Nepal Govt. Report", 1 August 2009.

नेपाल प्रहरीको संलग्नता रहेको ३ ओटा घटनाहरूको सन्दर्भमा भन्नुपर्दा फिरौती रकमका लागि अपहरणमा संलग्न रहेको भनिएका दुई जना मानिसहरूको हत्या दोहोरो भिडन्तमा भएको भनी प्रहरीले बताएका थिए। प्रहरीले रोक् भन्दा मोटरसाइकल नरोकेको भनी गरिएको मोटरसाइकल चालकको हत्या र एक जना प्रहरीको बाबुको संलग्नता रहेको जग्गा विवादसम्बन्धी रिसइवीका कारण प्रहरीले गोली चलाउँदा ३ जनाको मृत्यु भएको र अन्य ५ जना घाइते भएका घटनाहरू गैर न्यायीक हत्याका उदाहरणहरू हुन्। अन्तिम घटनामा सशस्त्र प्रहरी बलका सदस्यहरूले आन्दोलनरत भीडमा गोली प्रहार गर्दा १ जनाको मृत्यु भएको थियो भने अन्य ३ जना घाइते भएका थिए। १२ ओटा छुट्टाछुट्टै घटनाहरूको विस्तृत विवरण परिशिष्ट 'क' मा दिइएको छ।

सशस्त्र राजनीतिक समूहका शंकास्पद सदस्यहरूलाई पक्राउको विकल्पको रूपमा प्रहरीद्वारा अपनाइएको योजनाबद्ध हत्या सुरक्षा फौजले एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीका सदस्यहरूविरुद्ध अपनाएको रणनीतिको अवशेषको रूपमा रहेको छ।[४०]

प्रहरीले भिडन्तमा वा भाग्न खोज्दा मारिएका भनेका ८ घटनाहरूमध्ये जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला) बाँके जिल्लाका सदस्यहरूले कि चन्दा देऊ कि पार्टीमा सक्रिय रूपमा लाग भनी पार्टीमा प्रवेश गराएका १८ वर्षीय किशोर पर्शुराम कोरी तथा अखिल तराई मुक्ति मोर्चा सप्तरी जिल्लाका कमाण्डर विक्रम भनिने २४ वर्षिय ललन कुमार यादवका हत्यासमेत पर्दछन्। पर्शुराम कोरीलाई बाँके जिल्ला प्रहरी कार्यालय तथा बेतहनी प्रहरी पोष्टबाट खटिएको २० जना जतिको संख्यामा रहेको प्रहरीटोलीद्वारा सन् २००९ अप्रिल ९ का दिन बाँके जिल्लाको बेतहनी गाविस, वडा नं. ४ स्थित बाबागाउँमा हत्या गरिएको थियो। सन् २००९ अप्रिल १० मा सदरमुकाम नेपालगञ्जमा गरिएको पत्रकार सम्मेलनमा प्रहरी तथा जनतान्त्रिक तराई मुक्ति मोर्चाबीच भएको दोहोरो भिडन्तका क्रममा पर्शुरामको मृत्यु भएको भनी प्रहरीले बताएको थियो। प्रहरीले दाहोरो भिडन्तका क्रममा बरामद भएको भन्दै केही हतियार तथा गोलीसमेत प्रदर्शन गरेको थियो। उक्त दोहोरो भिडन्तका क्रममा प्रहरी अधिकारी मारिएको वा घाईते भएको भन्नेबारेमा केही उल्लेख गरिएको थिएन। राष्ट्रिय मानव अधिकार आयोगसमेत

[४०] Amnesty International, "Nepal: A spiralling human rights crisis", April 2002, AI Index: ASA 31/016/2002, http://www.amnesty.org/en/library/asset/ASA31/016/2002/en/bbd42c5b-d88f-11dd-ad8c-f3d4445c118e/asa310162002en.html

भई मानव अधिकार संगठनहरूले यस हत्या सम्बन्धमा अनुसन्धान गरी सन् २००९ अप्रिल १७ का दिन घटनास्थल भ्रमण गरेका थिए । मानव अधिकारकर्मीहरूको अनुसन्धानले पर्शुरामलाई पक्राउ गरेपश्चात यातना दिई कर्तव्य गरी प्रहरीले हत्या गरेको निष्कर्ष निकालेको छ । ललन कुमार उर्फ विक्रमलाई ५० देखि ६० जनाको नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकारीहरू (केही सादा पोसाकमा थिए) ले उनी लुकेर बसेको घरबाट पक्राउ गरी लगेका थिए, उक्त घरका मानिसहरूलाई ललन कुमार र उनका समूहका व्यक्तिहरूले जबर्जस्ती आफ्ना लागि खाने कुराको व्यवस्था गर्न लगाएका थिए । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकारीहरूले विक्रमलाई घाइते बनाई उनका दुई जना साथीहरूका साथै घर मालिकका छोरालाई समेत पक्राउ गरी लगेका थिए । उनीहरूले विक्रमलाई नजिकैको खोल्सामा लगे र केही समयपश्चात गाउँलेहरूले गोली चलेको आवाज सुने । उक्त दिन केही समय पछि रेडियोबाट विक्रम भनिने ललन कुमार यादव गस्तीमा रहेको प्रहरीसँगको भिडन्तमा मारिए भन्ने खबर प्रसारण भयो ।[४१]

उक्त हत्यापछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले द्वन्द्वको समयमा सुरक्षा फौजले अपनाएको जस्तै क्रियाकलाप हुबहु अपनायो । जस्तै, हतियार र विस्फोटक पदार्थ मारिएका व्यक्तिको लाससँगै राखेर फोटो खिच्ने, गाउँलेहरूलाई मारिएका व्यक्ति प्रहरीसँगको भिडन्तमा मारिएको हो भनी घटनास्थाल प्रकृति मुचुल्कामा हस्ताक्षर गर्न लगाउने र पत्रकार सम्मेलन गरी वा प्रेश विज्ञप्ति निकाली घटनाको आधिकारिक अभिलेख राख्ने जस्ता ३ ओटा क्रियाकलाप गरी सत्यलाई ढाकछोप गर्ने प्रयास नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गरे । पर्शुराम कोरी (घटना ४), उद्गार मण्डल (घटना ८) र घुनान शाह (घटना ९) को घटनामा पत्रकार सम्मेलन गरिएको थियो । पर्शुराम कोरी (घटना ४) र साहिदुल्लाह देवान (घटना १५) को घटनामा प्रहरीले फोटो खिचेको थियो । प्रहरीले गाउँले तथा पीडितका नातेदारहरूलाई पर्शुराम कोरी (घटना ४) र राम यादव (घटना १४) को घटनासँग सम्बन्धित कागजातमा हस्ताक्षर गर्न लगाएका थिए तर उक्त कागजातमा लेखिएको कुरा प्रहरीले उनीहरूलाई पढ्न भने दिएको थिएन । साहिदुल्लाह देवान (घटना १५) लाई रुपन्देहीका प्रहरीले उनका बावु र अन्य प्रत्यक्षदर्शीकै अगाडि

[४१] Nepalnews, "Commander of armed Terai outfit killed", 9 February 2009, http://www.nepalnews.com/archive/2009/feb/feb09/news02.php

मारिदिएका थिए । घटनाको लगत्तै ३ जना प्रहरी अधिकृतहरूले मृतकको हातमा पिस्तोल राखिदिई फोटो खिचेका थिए ।

यी तथ्यहरूका अतिरिक्त यी १२ ओटै घटनाहरूमा नेपाल प्रहरी वा सशस्त्र प्रहरीका एक जना पनि जवान वा अधिकृत मारिएको वा घाइते भएको तथ्य प्रकाशमा आएको छैन । तल दिइएका परिस्थितिजन्य उदाहरणहरूबाट पनि भिडन्तमा मारिएको भनेको घटना विश्वास गर्न लायक थिएनन् भन्ने कुरा प्रस्ट हुन्छ ।

- कम्तिमा ५ ओटा घटनाहरूमा स्वतन्त्र साक्षीहरूको परीक्षण गर्दा उनीहरूले कसरी नेपाल प्रहरी वा सशस्त्र प्रहरी बलले पीडितहरूलाई पक्राउ गरी हात बाधेर लगे र केही मिनट पछि नै गोलीको आवाजसँगै सबै काम तमाम गरेका थिए भनी बताएका छन् । (घटना १, २, ८, ९ र १२)
- रुपन्देही जिल्लामा भएको ३ ओटामध्ये २ ओटा हत्या एकै स्थानमा भएको थियो । ध्रुवनारायण मिश्रको हत्या जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट फेब्रुअरी १०, २००९ मा गएको नेपाल प्रहरीको गस्ती टोलीबाट रुपन्देही जिल्लाको (वैकुण्ठपुर गाविस-२, हुलाकी रोड रोहिनी पुल) भन्ने ठाउँमा भएको थियो । प्रहरीले उनी दोहोरो भिडन्त मारिएका भने पनि उनलाई भैरहवाको सिद्धार्थनगरको बर्मेली टोलबाट पक्राउ गरी सोही दिन हत्या गरिएको परिवारका सदस्यहरूको विश्वास रहेको छ । उक्त घटनाको १६ दिनपछि फेब्रुअरी २६, २००९ का दिन सोही स्थान, रुपन्देही जिल्लाको वैकुण्ठपुर गाविस-२, हुलाक रोड, रोहिनी पुलको पपनी भन्ने ठाउँ (ढकढाइ गाविस र वैकुण्ठपुर गाविसको सीमा), मा वाली भनिने रावाली चौहानलाई प्रहरीले मारिदिएका थिए । त्यति छोटो समयमा एकै स्थानमा २ ओटा भिडन्तको घटना घट्छ भन्ने कुरा विवादस्पद छ ।
- कम्तिमा ३ ओटा घटनाहरूमा कथित भिडन्त हुनुभन्दा अगाडि प्रहरीले सडक अवरुद्ध गरेका थिए । उद्गार मण्डल र सन्तोष शाह भनिने घुरन शाह (घटना ८ र ९) लाई मे २४, २००९ का दिन बिहान १०:३० बजे धनुषा जिल्लाको जनकपुर नगरपालिका वडा नं. ३ को जनकपुरदेखि कुर्था बजार जोड्ने सडक नजिकैको खेतमा प्रहरीले मारिदिएका थिए । प्रत्यक्षदर्शीहरूका अनुसार, प्रहरीले ती दुई जना

मानिसहरूलाई पक्राउ गरी हात बाँधी आँखामा पट्टि बाँधिदिएका थिए । त्यसपछि प्रहरीले उनीहरूलाई सडकको तलतिर लगे र तत्काल सडक अवरुद्ध पारे । एक प्रत्क्षदर्शीले स्थानीय मानव अधिकारकर्मीलाई बताएअनुसार, "पूर्व र पश्चिममा २ ओटा सडक अवरुद्ध गरेपछि प्रहरीले पक्राउ परेका २ जनालाई जमिनमा घोप्टो पर्न लगाए । प्रहरीले एकतर्फी रूपमा गोली हानी उनीहरूको हत्या गरिदिए । उनीहरूको हात बाँधिएको थियो र अनुहार ढाकिएको थियो । उक्त समयमा उनीहरू प्रहरीलाई कुनै हानी पुऱ्याउन सक्ने अवस्थामा थिएनन् ।"[४२]

- त्यस्ता कैयौं कथित भिडन्तको समयमा मारिएका मानिससँग रहेका कैयौं व्यक्तिहरूलाई स्थानीय मानिसहरूको अनुरोधमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका अधिकारीहरूले स्थानीय मानिस हुन् भनी प्रमाणित भएपछि छाडिदिएका थिए । पर्शुराम कोरी (घटना ४) सँगै पक्राउ परेका एक जना युवकलाई एक जना प्रहरी नायब निरीक्षकले चिनेको हुँदा स्थानीय गाउँलेको संरक्षणमा मुक्त गरिएको थियो ।
- एक घटनामा, प्रहरीले एकजना व्यक्तिलाई उसको मोवाइलमा फोन गरी उसको हत्या गर्न कै लागि कुनै निश्चित स्थानमा बोलाएका थिए । साहिदुल्लाह देवानलाई सादा पोसाकमा आएका ३ जना प्रहरीहरूले रुपन्देही जिल्लाको बोगदी गाविस वडा नं. ८ को भैसागाह भन्ने ठाउँको पर्साहवा चोकमा उनका बावु र अन्य प्रत्यक्षदर्शीहरूका सामु दिनको उज्यालोमा नै मारिदिएका थिए ।

गैर सरकारी संस्थाहरूलाई कथित भिडन्तमा मारिएका घटनाका सम्बन्धमा अनुसन्धान गर्न निकै गाह्रो हुने गरेको छ । तथापि, माथि उल्लिखित सूचना तथा अनुसूची 'क' मा उल्लिखित सूचनाहरूका आधारमा यी १२ ओटा घटनाहरूको सम्बन्धमा एउटा स्वतन्त्र र निष्पक्ष छानबिन हुनु जरुरी छ । यस प्रकारको छानबिन तत्काल हुनुसमेत जरुरी छ र उक्त कार्यमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सदस्यहरूलाई पूर्ण रूपमा सहयोग गर्नु भनी आदेश जारी गर्नु अत्यावश्यक छ ।

[४२] Interview with locals of Kurtha VDC-5, Dhanusha on 25 May, 2009.

# यातना

यस अवधिमा तराईका ११ जिल्लाको ४२ ओटा हिरासत केन्द्रहरूमा एड्भोकेसी फोरमले गरेको अनुगमनको तथ्यांकले मे २००९ यता यातनाका घटनामा वृद्धि भएको देखाएको छ। यस्ता यातनाका घटनाहरू प्रहरी कार्यालयको थुना केन्द्र र सशस्त्र प्रहरीका क्याम्पहरूमा उल्लेख्यरूपमा हुने गरेको पाइएको छ। यस अध्यायको विश्लेषण बाँके, बर्दिया, धनुषा, झापा, कञ्चनपुर, कपिलवस्तु, मोरङ्ग, रुपन्देही, सिराहा, सुनसरी र उदयपुरलगायतका ११ जिल्लाहरूका थुना केन्द्रहरूमा एड्भोकेसी फोरमद्वारा भेटिएका १,४७३ थुनुवाहरूले दिएका सूचनामा आधारित छ।

हालसालै घोषणा गरिएको विशेष सुरक्षा योजना कुनै क्षेत्र विशेष, समुदाय विशेष र राजनीतिक समूह विरुद्ध लक्षित भएर कार्यान्वयन गरिने छैन भनेर सरकारले बारम्बार प्रतिबद्धता जनाए तापनि यातनाको मात्रामा आएको यस्तो वृद्धिदरले तराईमा उक्त योजना प्रत्योत्पादित साबित हुनसक्ने डर यथावतनै रहेको छ।

## *यातना प्रवृति विश्लेषण*

एड्भोकेसी फोरमले भेटेका १,४७३ जना थुनुवाहरूमध्ये १,३८० जना पुरुष, ९३ जना महिला बन्दीहरू र २६२ जना नाबालिक बन्दीहरू थिए। तीमध्ये २०.६% थुनुवाहरूले आफूहरूलाई हिरासतमा रहँदा यातना तथा अमानवीय व्यवहार गरिएको दाबी गरेका

थिए । यो तथ्यांक एड्भोकेसी फोरमले सोही अवधिमा आफू कार्यरत १८ जिल्लाहरूको हिरासत अनुगमन गरेर पत्ता लगाएको २०.९% को हाराहारीमा हुन आउँछ । यसमध्ये पनि तराईका केही जिल्लाहरूमा यो प्रतिशत अझ बढी देखिन्छ । तराईका ११ जिल्लाहरूमा एड्भोकेसी फोरमले भेटेका ९३ जना महिला बन्दीहरूमध्ये २१% पुरुषहरूका तुलनामा १५.१% महिलाहरूले आफूहरूलाई हिरासतमा यातना तथा अमानवीय व्यवहार गरिएको दाबी गरेका थिए ।

नोभेम्बर २००६ मा वृहत् शान्ति सम्झौता भए यताका तीन वर्षमा यातनाका घटनामा सीमित गतिमा कमी आएको पाइए पनि उल्लेख्य प्रगति भने हासिल गर्न सकिएको छैन । विगत केही महिनादेखि तराईका केही जिल्लाहरूमा यातनाको घटनामा वृद्धि भएको पाइएको छ । *(विस्तृत जानकारीका लागि अनुसूची हेर्नुहोस् ।)*

## *जिल्लाहरू*

यस अवधिमा एड्भोकेसी फोरमले नियमितरूपमा हिरासत केन्द्रहरूको अनुगमन गर्ने तराईका ११ जिल्लाहरूमध्ये ३ ओटा जिल्लाहरूमा यातना तथा अमानवीय व्यवहारको तथ्यांक औसत राष्ट्रिय तथ्यांक २०.९% भन्दा बढी देखिन्छ र यो तथ्यांकबाट यातनाका घटनामा विगत ९ महिनामा उल्लेख्यरूपमा वृद्धि भएको देखिन्छ । तराईका विशेष गरी धनुषा, बाँके र बर्दिया जिल्लाहरूमा यातनाको औसत प्रतिशत अन्य जिल्लाहरूमा भन्दा बढी रहेको देखिएको छ ।

**तालिका १ : जिल्लाहरूमा यातना**

| जिल्ला | डिसेम्बर २००८– मार्च २००९ | अप्रिल २००९– जुन २००९ | जुलाई २००९– सेप्टेम्बर २००९ |
|---|---|---|---|
| धनुषा | २८.९% | ३६.०% | ३१.१% |
| बर्दिया | १४.७% | १६.०% | ३०.०% |
| बाँके | २२.५% | २४.४% | २९.९% |

एड्भोकेसी फोरमद्वारा नियमितरूपमा हिरासतहरूमा गरिने हस्तक्षेप र फौजदारी न्याय प्रणालीसँग सम्बन्धित सरोकारवालाहरूलाई यातनाका घटनाप्रति संवेदनशील

बनाउने कार्यक्रमहरूका बावजुद बाँके र बर्दिया जिल्लामा यातनाको घटनामा उल्लेख्यमात्रामा वृद्धि भएको पाइएको छ । यसले तथ्यांकले बर्दिया जिल्लामा डिसेम्बर २००८ देखि मार्च २००९, अप्रिल २००९ देखि जुन २००९, जुलाई २००९ देखि सेप्टेम्बर २००९ मा क्रमशः १४.७%, १६.०% र ३०.०% का अनुपातले यातनाका घटनाहरू बढेको देखाएको छ भने बाँके जिल्लामा पनि सोही अवधिमा क्रमशः २२.५%, २४.४% र २९.९% का दरले यातनाका घटनाहरू बढेको देखाएको छ । धनुषा जिल्ला तराईका जिल्लाहरूमध्ये यातनाका लागि उच्च स्थानमा रहे पनि एड्भोकेसी फोरमको नियमितरूपमा हिरासत अनुगमन र हस्तक्षेपका कारण केही मात्रामा यातनाका घटनाहरूमा कमी आएको पाइएको छ ।

## *पीडकहरू*

सर्वसाधारणउपर उनीहरूकै घरमा वा खेतबारीमा वा अन्य सार्वजनिक स्थानमा बलात्कारलगायत यातना र दुर्व्यवहारका घटनाहरू घटेका भन्ने प्रतिवेदनहरू आएका भए पनि थुनाकेन्द्रमा हुने यातनाका घटनाहरूका उजुरी बढी मात्रामा आउने गरेका छन् । एड्भोकेसी फोरमलाई प्राप्त जानकारीअनुसार नेपाल प्रहरी नै मुख्य पीडक हुन । त्यस्तै गरी सशस्त्र प्रहरी पनि यातनामा संलग्न भएको गुनासाहरू पनि आउने गरेका छन् । एड्भोकेसीलाई धनुषा जिल्लास्थित मुजेलिया सशस्त्र प्रहरी क्याम्पमा यातना दिइएका ३ ओटा मुद्दाहरूलगायत झापा जिल्लास्थित सशस्त्र प्रहरी क्याम्पमा पनि यातना दिइएको जानकारी प्राप्त भएको छ ।

झापा जिल्लामा २ जना महिलालगायत ४ जना भुटानी शरणार्थीहरूलाई हत्या काण्डमा संलग्न भएको आशंकामा पक्राउ गरी सशस्त्र प्रहरी क्याम्प, बेलडाँगी र सशस्त्र प्रहरी क्याम्प, पाथीभरा, झापामा लगि पैतालालगायत शरीरका अन्य भागहरूमा निर्मम तरिकाले कुटपीट गरी यातना दिएका थिए । तीमध्ये एकजना पीडित नरबीर राईलाई छाती र बाँया हातमा चुरोटको थुटोले पोलेर यातना दिइएको थियो । ती सबै थुनुवाहरूलाई ४ दिनसम्म गैरकानुनी रूपमा थुनामा राखिएको थियो । *(विस्तृत जानकारीका लागि तलका घटना विवरण हेर्नुहोस् ।)*

त्यस्तै गरी सशस्त्र प्रहरी बलका अधिकृतहरूलाई जबर्जस्ती करणी जस्ता यौनजन्य अपराधमा पनि संलग्न भएको आरोपहरू लाग्ने गरेका छन् । उदाहरणका लागि अक्टोबर

१, २००९ मा सिरहा जिल्लाकी सिल्टोन देवी (सुरक्षाका कारणले नाम परिवर्तन गरिएको) लाई आफ्नो पतिले विदेशबाट पठाएको सामान लिन आउनु भन्ने ठाउँमा जाँदा बाटोमा नवराज खड्का र कृष्ण राउतलगायत सशस्त्र प्रहरी बलका २ जना जवानहरूले जबर्जस्ती करणी गरेका थिए । उनी स्थानीय सशस्त्र प्रहरी क्याम्पको बाटो हुँदै जाँदा २ जना सशस्त्र प्रहरी अधिकृतहरूद्वारा बलात्कृत हुनु परेकी थिइन । गाउँबासीहरूले उनीहरूलाई पक्राउ गरी कानुनी कारवाहीका लागि जिल्ला प्रहरी कार्यालयलाई हस्तान्तरण गरे पनि पछि उनीहरूलाई कुनै कारवाही बिना नै छाडिएको थियो ।

संक्षिप्त जानकारी २० वर्षीय नरबीर राईको घर बेलडाँगी १ भुटानी शरणार्थी शिविर सेक्टर सी–३ छाप्रो नं. ३२५ झापामा पर्छ । उनी एसएलसी दिएर घरमै बसिरहेका रहेका छन् । मिति २०६६/१/८ (अप्रिल २१, २००९) गते राति ८:३० बजेतिर कसैले क्याम्पकै शान्तिराम नेपालको हत्या गरेपछि सोहि रातको ९:३० बजेतिर नै उनी सहित उनका अन्य एक जना भाई र एक जना दाजुसमेतलाई बेलडाँगी सशस्त्र प्रहरी क्याम्पबाट सशस्त्र प्रहरी आई सुतिरहेको अवस्थामा पक्राउ गरी बेलडाँगी–२ स्थित सशस्त्र प्रहरी क्याम्पमा लगियो । तत्पश्चात रातको करिब १०:३० बजेतिर उनलाई आँखामा पट्टि बाँधी खुल्ला चौरको एकान्त ठाउँमा लगियो । आँखामा पट्टि बाँधिएकोले यकिन साथ यतिनै संख्यामा सशस्त्र प्रहरी थिए भनी भन्न सक्ने अवस्थामा थिएन । त्यहाँ उनलाई भुईमा उत्तानो सुत्न लगाई २ जनाले घुँडामा थिचे भने अर्का एकजनाले तँ मार्ने मान्छे चिन्छस् की चिन्दैनस् ? तलाई थाहा छ कि छैन ? भन्दै उक्त हत्या काण्डका बारेमा सोधपुछ गर्दै करिब आधा घण्टासम्म पैतालालगायत शरीरका अन्य भागमा प्लाष्टिकको पाइपले जथाभावी कुटपीट गरी यातना दिइएको थियो । तर उनले म चिन्दिन, मलाई थाहा छैन भन्दा साला साँचो बताउँदैनस् भन्दै बुटले काँध, टाउको, मुखलगायतका भागहरूमा जथाभावी हिर्काए । जसको कारण उनी भुईंमा लडे तर उनीहरूले उनलाई पुनः उठाई उनले लगाएको मालामा समाती झड्कारी चुडाइदिए र सुन्नै नसक्ने गरी अपशब्दले गाली गरे । साला गोली हान्ने तैं होस्, साचो बोल्दैनस् भन्दै फेरि टाउकोमा हिर्काए र साचो बोलिनस् भने भौडी भन्ने ठाउँमा लगि गोली हानी मारी दिन्छु भनेर धम्क्याए । त्यसपछि बस्न नदिई २ घण्टासम्म हलचलसमेत गर्न नदिई बुद्ध बसाइमा राखे । त्यस्तै गरी मिति २०६६/१/९ (अप्रिल २२, २००९) गते दिनको ११:०० बजेतिर ईप्रका दमकका इन्स्पेक्टर कमल थापालगायत अन्य सशस्त्र प्रहरीहरूले उनलाई सशस्त्र प्रहरी बल पाथिभरा गणको एकान्त ठाउँमा लगि आँखामा पट्टि बाधेर हत्या कसले गरेको भन्दै उनका छिमेकीहरूको नाम सोधिएकोले उनले चिन्ने बताए । त्यसपछि भुटानी पार्टीको नाम सोधिएकोमा उनले २ ओटा भुटानी पार्टीको नाम बताएका थिए । त्यति

बताएपछि उनलाई त्यहाँ कुटपीट गरिएन र अर्को दिन बिहान ४:०० बजेतिर आँखामा पट्टि बाँधिएकै अवस्थामा ईलाका प्रहरी कार्यालय दमक ल्याए । त्यस पछि भने कुटपीट गरेनन् ।

यातनाका कारण चोटपटक :

- बेलडाँगीमा सशस्त्र प्रहरीले यातना दिने क्रममा चुरोटले देब्रे हातमा डामेकोले दाग अहिलेसम्म रहेको बताएको र गोलो दागसमेत देखिएको ।
- छातीमा पनि चुरोटले डामेको कालो दाग रहेको बताएको र उक्त दागसमेत देखिएको
- बुटले नाकमा हानेकोले दुखिरहेको बताएको ।
- घुडा र पैतालासमेत दुख्ने गरेको बताएको ।

## जातीय तथा समुदायिक पृष्ठभूमिका आधारमा यातना

एड्भोकेसी फोरमले जातीय र सामुदायिक हिसाबले पनि यातनाको विश्लेषण गर्न सुरु गरेको छ । यस अवधिमा तराईका ११ जिल्लाहरूमा घटेका यातनाका घटनाहरूलाई विश्लेषण गर्दा तराईमा ब्राह्मण र क्षेत्री जातिमाथि यातना निकै कम भएको पाइएको छ भने मुसलमानलगायतका तराईका अन्य जनजातिहरूलाई बढी भएको पाइएको छ । यस तथ्यलाई एड्भोकेसी फोरमले भेटेका सम्पूर्ण बन्दीहरूमध्ये ३२.२% मात्र तराई मूलका जनजातिहरू थिए तर यातना पाएको दाबी गर्ने सम्पूर्ण बन्दीहरूमध्ये ३८.६% तराई मूलका जनजाति थिए भन्ने तथ्यांकले पुष्टि गर्छ । यसका विरुद्ध सम्पूर्ण बन्दीहरूमध्ये ३१.२% बन्दीहरू ब्राह्मण तथा क्षेत्री जातिका भएकोमा तीमध्ये २३.६% ले मात्र यातना पाएको दाबी गरेका थिए ।

**तालिका २ : जातीय आधारमा यातना**

| जाति/समुदाय | थुनुवाको प्रतिशत | यातना पाएका थुनुवाहरूको प्रतिशत |
|---|---|---|
| ब्राह्मण/क्षेत्री | ३१.२ | २३.६ |
| दलित | ८.९ | ९.२ |
| जनजाति | १६.० | १३.२ |
| नेवार | ३.३ | ३.३ |
| अन्य | ८.४ | १२.२ |
| तराई जनजाति | ३२.२ | ३८.५ |

## नावालिगहरू

नावालिकहरूमाथि हुने यातनाका घटनाले चिन्ताजनक तथ्य उजागर गरेको छ। यस अवधिमा एड्भोकेसी फोरमले तराईका ११ ओटा जिल्लाहरूमा २६२ जना नावालिक थुनुवाहरूलाई भेटेका थिए। तीमध्ये ८३ जना (३१.७%) ले आफूहरूलाई हिरासतमा यातना तथा अमानविय व्यवहार गरिएको दाबी गरेका थिए जुन तराईका ११ जिल्लाहरूमा घटाईका यातनाका कूल तथ्यांक (२०.६%) भन्दा र नावालिक यातनाका राष्ट्रिय तथ्यांक (२७.७%) भन्दा निकै बढी देखिन्छ।

एड्भोकेसी फोरमले जनवरीदेखि सेप्टेम्बर २००९ सम्ममा तराईका तल उल्लिखित जिल्लाहरूमा भेटेका ८ देखि १७ वर्षसम्मका कूल नावालिकहरूमध्ये निम्न प्रतिशतले आफूहरूलाई हिरासतमा यातना दिइएको दाबी गरेका थिए :

**तालिका ३ : यातना दाबी गर्ने नावालिकहरू**

| जिल्ला | प्रतिशत |
|---|---|
| धनुषा | ५१.९% |
| बर्दिया | ४६.२% |
| झापा | ३२.७% |
| रुपन्देही | ३१.४% |
| बाँके | ३०.८% |
| उदयपुर | २८.६% |

कुल नावालिक थुनुवाहरूमध्ये १४३ (५४%) थुनुवाहरू १६ भन्दा कम उमेर समूहका थिए जसमध्ये केही त ९ वर्षका पनि थिए। बाँकी नाबालिक थुनुवाहरूमध्ये ११९ जना थुनुवाहरू १६ देखि १७ वर्ष उमेर समूहका थिए। एड्भोकेसी फोरमले धनुषा जिल्लामा ११ देखि १३ वर्षसम्मका ५ जना नावालिक थुनुवाहरूको अन्तर्वार्ता लिएकोमा ४ जनालाई यातना दिइएको पाइएको थियो। रुपन्देही जिल्लामा १५ वर्षभन्दा कम उमेर समूहका १२ जना नावालिक थुनुवाहरूलाई भेटेकोमा तीमध्ये ६ जनाले प्रहरी हिरासतमा यातना पाएको दाबी गरेका थिए।

राजेश चई टेलिफोनको तार चोरी गरेको शंकामा १६ मे २००९ मा प्रहरीले १५ जनालाई पक्राउ गर्दा कपिलवस्तु जिल्ला गौरी गाविस-१ का ९ वर्षीया राजेश चई र उनका १४ वर्षीया दाजु विनोद पनि पक्राउ परे ।प्रहरीले उनीहरूलाई घरैबाट पक्राउ गरे र उनीहरूलाई गैर कानुनी रूपमा गार्ड कक्षमा थुने । सबैलाई थप्पड हानियो । राजेश र विनोदबाहेक पक्राउ परेका सबै केटाहरूलाई भने भोलिपल्टै छाडियो । १७ मे २००९ मा एक प्रहरीले राजेशलाई "फौजदारी अनुसन्धान कक्ष" मा लग्यो । त्यहाँ ५/६ जना अन्य प्रहरीहरू पनि थिए । त्यहाँ सादा पोसाकमा रहेकी एक महिला प्रहरीले टेलिफोनको तार चोरीको बारेमा साँचो-साँचो भन्, चोरीमा को-को संलग्न थिए ? भन्दै हातमा र छातीमा ५/५ पटक बाँसको लाठीले पिटिन् । राजेशले आफू चोरीमा संलग्न थिइन भन्यो र केही गाउँले केटाहरूले टेलिफोनको तार चोरी गरेका हुन् भनी आफूले सुनेको कुरा बतायो । हामीहरू तँलाई जे पनि गर्न सक्छौं भन्दै प्रहरीहरूले सत्य नबताउञ्जेलसम्म तँलाई बाँधेर थुनी राख्छौं भनी धम्की दिए ।केही समयपछि उसलाई तल्लो तलामा लगियो र त्यहाँ सादा पोसाकमा रहेकी अर्की एक महिला प्रहरीले उक्त टेलिफोनको तार चोरीको बारेमा सोध्दै र चोरीमा को-को संलग्न थिए ? भन्दै ४/५ पटक थप्पड लगाइन् ।राजेश र विनोद दुवैलाई ३ दिनसम्म गैरकानुनी रूपमा थुनियो । १९ मे २००९ मा बल्ल प्रहरीले उनीहरूलाई छाड्यो तर २३ मे २००९ मा आउनू भनी तारिख दियो । उनीहरू उक्त मितिमा प्रहरीकहाँ गए । प्रहरीकहाँ जाँदा उनीहरूसँगै उनीहरूका बुबा पनि गएका थिए । फेरि पनि उनीहरूलाई थुनियो र २५ मे २००९ मा मात्र उनीहरूलाई अभिभावकको जिम्मा लगाई छाडियो ।कुटपीटका कारण राजेशको देब्रे हातमा घाउ भएको छ भने छातीमा छाला पाछिएको छ ।जिल्ला प्रहरी कार्यालय, कपिलवस्तुको नियमित भ्रमण गर्ने क्रममा एड्भोकेसी फोरमका प्रतिनिधिहरूले ती दुई दाजुभाइलाई देखेका थिएनन् । उनीहरूको नाम थुनुवा बहीखातामा पनि थिएन । रातको समयमा उनीहरूलाई गार्ड कक्षमा र दिनको समयमा कार्यालय परिसर भित्रै वा गार्ड कक्ष बाहिर राखिन्थ्यो । दुई जना नाबालकहरूलाई गैरकानुनी रूपमा जिल्ला प्रहरी कार्यालय, कपिलवस्तुले थुनेर राखेको छ भन्ने जानकारी अनौपचारिक रूपमा प्राप्त गरेपछि एड्भोकेसी फोरमका प्रतिनिधिहरूले सोको यकीन गर्न एक प्रहरी निरीक्षकलाई सम्पर्क गरे तर ती प्रहरी निरीक्षकले स्पष्ट जवाफ दिँदै दिएनन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूको प्रयासका बावजुद सरकारले नावालिक थुनुवाहरूमाथि हुने यातना रोकथामका लागि कुनै ठोस कदम चालेको छैन । नावालिकहरूलाई प्रहरी हिरासतमा राखिनु कानून विपरीत मात्र नभई सर्वोच्च अदालतको २ ओटा आदेशहरूको अपहेलना गर्नु हो । बालबालिका ऐन–१९९२ को खण्ड ४२(अ) र

(आ) ले नावालिक थुनुवाहरूलाई बालसुधार गृहमा राखिनु पर्ने व्यवस्था गरेको छ । सन् २००९ को जनवरीदेखि सेप्टेम्बरसम्मको अवधिमा एड्भोकेसी फोरमले हिरासतको नियमित भ्रमण गर्ने क्रममा २६२ जना नावालिगहरू भेटिनुले उक्त व्यवस्था व्यवहारमा लागू नभएको स्पष्ट हुन्छ । त्यसतै गरी बाल न्याय (कार्यविधि) नियमावली– २००६ पनि पूर्णरूपमा लागू गरिन बाँकी नै छ ।

## यातनाका तरिकाहरू

यातना पीडितहरूले आफूहरूलाई निम्न प्रकारका यातना दिइएको दाबी गरेका छन् :

- हात खुटा बाँधेर हात खुटाको बीचमा लट्ठी घुसार्ने र टेबलमा झुण्ड्याई पैतला र शरीरको अन्य भागमा कटवासको लट्ठी वा प्लाष्टिक पाइपले कुट्ने ।
- शरीरको विभिन्न भागमा सिमेन्ट भरिएको लट्ठी, कटवासको लट्ठी र प्लाष्टिक पाइपले कुट्ने वा राइफलको कुण्दाले हान्ने ।
- ढाड, छाती, पेट र अनुहारलगायत शरीरको विभिन्न भागमा लात्ती र मुक्काले हान्ने ।

**सुशन लिम्बु र भक्त राई**

सुशन लिम्बु, २३, र भक्त राई, २४, लाई जुलाई १२, २००९ का बेलुका एउटा स्थानीय होटेलमा लेनदेनसम्बन्धी विवाद भएको निहुँमा ईलाका प्रहरी कार्यालय, उर्लाबारीबाट खटिई गएका प्रहरीको एक टोलीले प्रक्राउ गरी थुनामा राखेर त्यसको भोली पल्ट करिब ९ बजेको समयमा उनीहरूलाई प्रहरी कार्यालय प्राङ्गणमा ल्याई सयौंको संख्यामा उपस्थित स्थानीय जनताहरूको अगाडि कपडा खोल्न लगाई सार्वजनिकरूपमा कुटपीट गरिएको थियो । त्यहाँ उपस्थित जनताहरूका अनुसार उनीहरूलाई नाङ्गो बनाई हात र लात्तीले कुट्नुका साथै बाँसको लाठी र फलामको रडले निर्मम तरिकाले कुटपीट गरिएको थियो । यसका अतिरिक्त उनीहरूलाई ढुङ्गा र ईटाका टुक्रा भएको जमिनमा कुहिना र घुडाले घस्रिएर एक घण्टा जति हिँड्न लगाइएको थियो । त्यसपछि उनीहरूलाई सिमेन्ट लगाइएको टेबल टेनिसको कोर्टमा पनि कुहिना र घुडाले टेकेर हिँड्न लगाइएको थियो ।मुक दर्शक बनेका भीडमा केही व्यक्तिले आफ्नो मोबाइलमा उक्त यातनाको

१५ मिनेट लामो दृश्य खिचेका थिए । सोही बेलुका प्रहरीले पीडितहरूको स्वास्थ्य जाँचका लागि अस्पताल लगेका थिए तर डाक्टरले प्रहरीको दबाबमा पीडितहरूको शरीर भरि चोटपटक भए पनि “बाहिरी चोटपटक नदेखिएको” भन्ने रिपोर्टमा हस्ताक्षर गरेका थिए । पीडितहरूको आफन्तलाई जुलाई १५ सम्म पनि भेट गर्न दिइएको थिएन ।पीडितहरूलाई जुलाई २८ मा अदालतमा उपस्थित गराइए पछि मात्र वकिलसँग भेट्न र उपचार दिइएको थियो । विभिन्न मानव अधिकारवादी संघ संस्थाहरूको दबाबका बावजुद उक्त यातनामा संलग्न प्रहरी अधिकृतहरूलाई निलम्बन गरिएन । त्यसपछि एम्नेष्टि इन्टरनेशनल, यातना विरुद्धको विश्व संगठनलगायत अन्य मानव अधिकारवादी संघ संस्थाहरूले दबाब दिए पछि मात्र नेपाल प्रहरीको मानव अधिकार इकाईले उक्त घटनामा छानबिन सुरु गरेको थियो । अक्टोबर २७, २००९ मा नेपाल प्रहरीको मानव अधिकार इकाईले एड्भोकेसी फोरमलाई मोरङ्ग जिल्लाको डिएसपी विद्यानन्द माझीको नेतृत्वमा गठित छानबिन टोलीले उर्लाबारी प्रहरी पोष्टका इन्चार्ज र अन्य आरोपित प्रहरीहरूलाई झिकाई अनुसन्धान सुरु गरिएको र दोषी पाइएको जानकारी गराएको थियो । उक्त घटनामा दोषी पाइएको उर्लाबारी प्रहरी कार्यालयको इन्चार्ज, एकजना हवल्दार र दुई जना प्रहरीहरू उपर विभागीय कारवाहीको सिफारिस गरिएको र प्रहरी प्रधान कार्यालयको मुद्दा शाखाले कारवाही स्वरूप नसिहतसहित चेतावनी दिइएको जानकारी दिएको थियो । नोभेम्बर ९, २००९ का दिन भेटको क्रममा डिएसपी माझीले एड्भोकेसी फोरमका प्रतिनिधीसँग उक्त यातनाका घटनामा स्वतन्त्ररूपले छानबिन गरिएको र कोही पनि साक्षी बस्न तयार नभएपछि प्राप्त भिडियो ल्किपलाई नै प्रमाणको रूपमा प्रयोग गरिएको जानकारी दिएको थियो । उनले सुरक्षाका कारण जिल्ला प्रहरी कार्यालयबाट घटनास्थल उर्लाबारी प्रहरी पोष्टमा जान नसकिएको पनि बताएका थिए । ती दुवै जना पीडितहरूलाई जुलाई २८ मा सिडियो समक्ष पेश गरी बहस पछि सिडियोको आदेशले भक्त राईलाई सार्वजनिक मुद्दासम्बन्धी ऐन, १९७० लगाई धरौटी लिएर तारेखमा छोडिएको थियो भने सुशन लिम्बुलाई हातहतियार तथा खरखजाना मुद्दामा पूर्पक्षका लागि जिल्ला कारागार मोरङ्गमा थुनिएको छ । सिडियोको आदेश बमोजिम सुशन लिम्बुलाई अगष्ट ५ मा कोशी अञ्चल अस्पतालमा भर्ना गरी उनको यातनाको कारण बिग्रिएको औंलाको अपरेशन गरिएको थियो भने सुरक्षाका कारण उनको हात खुट्टा अस्पतालको बेडमा बाँधिएको थियो । अगष्ट ३ मा भक्त राईले यातना क्षतिपूर्ति ऐन, २०५३ अन्तर्गत मोरङ्ग जिल्ला अदालतमा मुद्दा दायर गरेको छ भने सुशन लिम्बुकी दिदीले पनि सेप्टेम्बर १७ मा यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा दायर गर्ने कोसिस गरेकी थिइन तर मोरङ्ग जिल्ला अदालतका श्रेष्टेदार (रजिष्ट्रार) ले ३५ दिने हदम्यादको हवाला दिँदै मुद्दा दर्ता गर्न अस्वीकार गरेका थिए । डिसेम्बर २००९ सम्म पनि सुशन लिम्बुलाई जिल्ला कारागार मोरङ्गमा राखिएको छ ।

- कानमा हातको पञ्जा वा मुक्काले धेरै पटक जोडले हान्ने ।
- कञ्चटमा पेस्टोल राखेर (वा नराखेर) मार्ने धम्की दिने ।
- कपाल लुछ्ने ।
- यातना दिँदा हथकडी लगाई आँखामा काले पट्टि बाँध्ने ।
- शरीरमा कुल्चिने र उफ्रने ।
- घाटीमा रस्सीले बाँध्ने ।
- हथकडी लगाएर रातभरि कुर्सीमा बस्न लगाउने ।
- वाटर बोर्डिङ जस्तै भुईमा बलजफ्ती सुताएर नाक र मुखमा पानी हाल्ने ।
- शरीरको विभिन्न ठाउँमा चिमोट्ने ।
- यौनाङ्गमा लठीले घोच्ने ।
- विद्युतीय झडका र झुण्ड्याउने धम्की दिने ।
- नाङ्गो बनाएर लात्तीले हान्ने ।
- चुरोटको थुटोले पोल्ने ।
- बलात्कार गर्ने धम्की दिने ।
- यौनजन्य हिंसा गर्ने ।

## पक्राउ गर्ने आधारहरू

पक्राउ गर्ने आधारहरू विश्लेषण गर्दा एउटा चाख लाग्दो तथ्यांक फेला परेको छ । एड्भोकेसी फोरमले अन्तर्वार्ता लिँदा आफूलाई यातना दिएको दाबी गर्ने ५०% पीडितहरूलाई मुलुकी ऐनको कुटपीटको महलअन्तर्गत दफा ९, दफा ६ का आधारमा अङ्गभङ्गको मुद्दामा पक्राउ गरिएको, ४८.१% लाई हातहतियार तथा खरखजानाको अभियोगमा पक्राउ गरिएको, ३५% लाई डाँका मुद्दामा र ३४.८% लाई चोरी मुद्दामा पक्राउ गरिएको पाइएको छ । त्यस पछि पक्राउ र यातना दिइएको दाबी गर्ने सबैभन्दा ठूलो समूह ज्यान

मार्ने उद्योगमा पक्राउ परेकाहरू पर्न आउँछ जसको संख्या ३०.६% देखिएको छ। तराईका जिल्लाहरूमा पक्राउ गरी यातना दिइएका तर अभियोग नलगाइएकाहरूको संख्या १७.१% देखिन आएको छ।

फौजदारी न्याय प्रणालीमा जिल्ला प्रमुख (सिडियो) को भूमिका संवेदनशील देखिएको छ किनभने हातहतियार तथा खरखजाना ऐनले सिडियोलाई अर्ध न्यायिक अधिकारअन्तर्गत कसैलाई पनि हातहतियार तथा खरखजाना मुद्दा लगाएर ७ वर्ष थुन्न सक्ने अधिकार दिएको छ। सिडियो एक राजनीतिक नियुक्तीको पद भएकोले उनलाई कुनै पनि मुद्दामा क्यबिनेटका सबैभन्दा शक्तिशाली मन्त्रीहरूमध्येका एकका रूपमा रहने गृह मन्त्रीको दबाब पर्न सक्छ। यो सरासर कुनै सक्षम, स्वतन्त्र र निष्पक्ष इजलासमा मुद्दाको सुनुवाई हुनु पर्ने कानुनी अधिकारको हनन् हो।

# गैर राज्य पक्षद्वारा गरिएका अपराधिक गतिविधि र महिला तथा बालबालिकामा त्यसको असर

राजनीतिक उद्देश्यका निम्ति गैर राज्य पक्षबाट सञ्चालित हिंसात्मक गतिविधिले त्यो बेला अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघन गर्दछ जति बेला त्यस्तो हिंसात्मक गतिविधिलाई जेनेभा महासन्धिले परिभाषा गरे बमोजिमको गैर अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वको रूपमा लिइन्छ।[४३] गैर अन्तर्राष्ट्रिय द्वन्द्वको रूपमा मान्यता पाउन द्वन्द्वले निश्चित सर्तहरू पूरा गरेको हुनुपर्छ। जस्तै, सक्रिय सशस्त्र समूहको निश्चित संगठनात्मक संरचना भइकन हिंसात्मक गतिविधि निश्चित तहमा पुगेको हुनुपर्ने हुन्छ भने बारम्बार हिंसात्मक घटना घटिरहेको, सैनिक गतिविधि बढेको, पीडितको संख्या बढेको हुनुपर्ने हुन्छ। त्यस्तै प्रयोग भएको हतियारको प्रकृति तथा सशस्त्र समूहको नेतृत्व तहको शक्ति आदिले समेत द्वन्द्व गैर अन्तर्राष्ट्रिय हो या होइन भन्ने कुराको निर्धारण गर्दछ। एड्भोकेसी फोरमले गरेको अध्ययनले तराईको अवस्था गैर अन्तर्राष्ट्रिय द्वन्द्वको अवस्था होइन र त्यस प्रकारको हिंसात्मक गतिविधिमा अन्तर्राष्ट्रिय मानवीय कानून लागू हुँदैन भन्ने निष्कर्ष निकालेको छ। त्यसकारण यस परिच्छेदमा उल्लिखित गतिविधिहरू विशुद्ध रूपमा अपराधिक गतिविधि भएका र त्यस्ता घटनाको अनुसन्धान गरी कारवाही गर्नु

[४३] Sylvain Vite, “Typology of armed conflicts in international humanitarian law: legal concepts and actual situations”, in International Review of the Red Cross, Volume 91, Number 873, March 2009.

राज्यको दायित्व रहेको कुरामा जोड दिइएको छ । विस्तृत रूपमा यसको चर्चा परिच्छेद ६ (दण्डहीनता) मा गरिएको छ । राज्य पक्षबाट, विशेषगरी नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलबाट हुने गरेका मानव अधिकार उल्लंघनका घटनाहरूलाई राज्यले नियन्त्रण गर्न सकेको छैन । महिलामाथि हुने गरेका जबर्जस्ती करणीका अपराध सम्बन्धमा राज्यले कारवाही गर्न नसकेको स्थितिबारे तल चर्चा गरिएको छ ।

तराईको बिग्रँदो सुरक्षा अवस्था र बढ्दो हिंसात्मक गतिविधिले महिला तथा बालबालिकामाथि गम्भीर प्रभाव पारेको छ । यस क्षेत्रको बिग्रँदो कानून व्यवस्थाको परिप्रेक्ष्यमा नेपालस्थित द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि गठित कार्यदलको नेपाल कार्यालयले तराईका ९ ओटा जिल्लाहरूमा बालबालिकहरूको संरक्षण सरोकारसम्बन्धी अध्ययन गरी अगस्ट २००९ मा प्रतिवेदन बुझाएको थियो । उक्त अध्ययन प्रतिवेदनले बढ्दो हिंसा तथा कानूनविहीनताको अवस्थाले बालबालिकाहरूको शिक्षामा नकारात्मक प्रभाव परेको र बीचैमा पढाइ छाड्नेको संख्या बढिरहेको तथ्य उजागर गरेको छ । केही बालबालिकाहरूले तराईमा क्रियाशील समूहका निम्ति सूचना आदानप्रदान गर्ने माध्यमका रूपमा कार्य गरिरहेको पाइयो भने केही बालबालिकाहरू अन्तर्देशीय तस्करीमा पनि संलग्न रहेको पाइयो । डर तथा धम्की र कमजोर आर्थिक अवस्थाका कारण बालबालिकाहरू सशस्त्र द्वन्द्वको शिकार भइरहेका पाइएको छ ।[४४]

परिवारका सदस्यहरूका अनुसार, १८ वर्षीय रिक्सा चालक पर्शुराम कोरीलाई ज्वाला सिंहका कार्यकर्ताहरूले अप्रिल २००९ मा अन्य गाउँलेहरूका साथ अपहरण गरी लगेका थिए । उनलाई ज्वाला सिंहका सदस्यहरूले या त ५० हजार चन्दा देऊ या आफ्नो समूहमा सम्मिलित होऊ भनी धम्काएका थिए । कमजोर आर्थिक अवस्थाका कारण त्यत्तिका ठूलो रकम दिन सम्भव नभएकाले उनी समूहमा सम्मिलित भए । पछि कथित प्रहरीसँगको भिडन्तमा मारिए ।

अपहरणमा परी अपहरणकारीहरूले मागे जति रकम दिएर अपहरण मुक्त भएका धेरै किशोर तथा युवाहरूसँग एड्भोकेसी फोरमले बयान लिएको थियो । उक्त बयानको क्रममा परशुराम कोरी सँगै समूहमा सम्मिलित गराइएका एक व्यक्तिले भने:

[४४] UN Security Council, Report of the Secretary-General on the Request of Nepal for United Nations Assistance in Support of its Peace Process, 26 October 2009, para 30.

*"अप्रिल ७, २००९, रातको ९ बजे म घरमै थिएँ । परशुराम कोरी सहित ५ जनाको जत्था मेरो घरमा आइपुग्यो । तिनीहरूले बैठक छ भनी मलाई बोलाएर लगे । डडुवा नालाको बगैंचामा पप्पु भन्ने ज्वाला सिंह समूहको सदस्यसित परिचय गराए । तिनीहरूको हतियार हराएको थियो र मैले लिएको छु कि भनी पप्पुले मलाई सोधे । त्यसपछि मलाई बाँधेर हतियार कहाँ छ भन्दै पिट्न थाले । अन्य २ जनालाई पनि पिटे । तिनीहरूले मलाई या त ५० हजार देऊ या पार्टीमा प्रवेश गर भनी धम्काए । मैले रकम जम्मा गरी एक हप्ताभित्र तिनीहरूका हातमा राखिदिने वचन दिएँ । उक्त सर्तमा तिनीहरूले हामीलाई मुक्त गरिदिए । परशुराम त्यत्तिका धेरै रकम जम्मा गर्न नसक्ने भनी तिनीहरूसँगै जान राजी भएका थिए ।"*[४५]

केही मानव अधिकारकर्मीहरूले अपराधिक समूहरूको सक्रियता, भारतसँगको खुल्ला सीमा तथा गम्भीर लैंगिक विभेदका कारण तराईका महिलाहरू सधैं यौन जन्य हिंसाको शिकार हुन सक्ने खतरा रहेको बताएका छन् ।[४६] तथापि, वर्तमान परिप्रेक्ष्यमा समेत पूर्वी तराईमा सशस्त्र समूहका बढ्दा क्रियाकलाप र मानव अधिकार उल्लंघनका घटनामा पनि विशेषतः महिलाहरू व्याप्त दण्डहीनताका कारण यौन जन्य हिंसाका शिकार हुन सक्ने ठूलो जोखिममा रहेको तथ्यमा उनीहरूले जोड दिएका छन् ।

लैंगिक आधारमा हुने हिंसाका विभिन्न स्वरूपहरू प्रकाशमा आएका छन् । जस्तै, भारतीय नागरिकलगायत सशस्त्र समूहका सदस्यहरू, अपराधिक जत्था र एकल पीडकबाट हुने जबर्जस्ती करणीका घटना । यसका अतिरिक्त, घरेलु परिवेशमा पनि थुप्रै घरेलु हिंसाका घटनाहरू हुने गरेको तथ्य प्रकाशमा आएको छ । जस्तै, नजिकका नातेदारबाट

---

[४५] Interview of resident of Bankatti-5 in April 2009.

[४६] The information in this chapter about gender-based violence, including rape, was collected as part of a wider AF study (Promoting Women's Voices and Experiences in the Transitional Justice Process in Nepal) which aims to understand women's experiences of the conflict in Nepal, particularly in terms of analysing the prevalence and nature of sexual violence endured and clarifying the wider impact of the conflict on the realisation of women's economic, social and cultural rights.

बलात्कार, दाइजोका नाममा कुटपीट र हत्या आदि ।[४७] विशेषगरी सप्तरी जिल्लामा जनतान्त्रिक तराई मुक्ति मोर्चाका सदस्यहरूबाट बलात्कार पछि गरिएका हत्याका घटनाहरू प्रकाशमा आएका छन् । एक घटनामा पतिले जनतान्त्रिक तराई मुक्ति मोर्चामा लाग्न अस्वीकार गरेको बदलास्वरूप पत्नीको बलात्कार पछि हत्या गरिएको थियो । सशस्त्र द्वन्द्वको समयमा र वृहत् शान्ति सम्झौता पछिको समयमा घटेका जबर्जस्ती करणीका घटनाहरूमा एकीकृत माओवादीका सदस्यहरू प्रत्यक्षरूपमा मुछिएका थिए ।

यस अतिरिक्त, एड्भोकेसी फोरमले अभिलेखीकरण गरेका जबर्जस्ती करणीका धेरै घटनाहरूका पीडकले न्यायका लागि आवाज उठाउने पीडित तथा तिनका परिवारजनलगायत कानून व्यवसायी तथा मानव अधिकारकर्मीहरूलाई डर, धाक, धम्की देखाउन सशस्त्र समूहको सहयोग लिएको पाइयो । यसर्थ, त्यस प्रकारका यौन जन्य हिंसाका विरुद्ध आवाज उठाउने मानिसहरू झन् बढी असुरक्षित भएका छन् ।[४८]

---

[४७] The study did not specifically looked into the issue of domestic violence and further research on this area is necessary to determine the prevalence and nature of such violence. However, the number of reference to incidents of domestic violence against women, including rape and battering related to dowry were reported to the study team in Terai districts, indicating that domestic violence might be very common in these areas. This was further highlighted by reports of a post-conflict survey conducted by the United Nations Population Fund (UNFPA) which reportedly found that at least 80 percent of women surveyed in Surkhet and Dang districts have experienced some form of domestic violence, while 74 percent said they were forced to participate in non-consensual sex multiple times. See Kathmandu Post, “Most women victims of domestic violence: study”, 11 August 2009.

[४८] An Amnesty International mission in November 2008 concluded that women activists in Eastern Terai are vulnerable to gender-based violence, including threats of rape and murder for raising issues such as dowry deaths (confusing phrasing), domestic violence and rape by landlords and members of armed groups. See Amnesty International, Nepal’s Government fails to protect women human rights defenders, 10 April 2009, http://www.amnesty.org/en/news-and-updates/news/nepal-government-fails-protect-women-human-rights-activists-20090410 (accessed on 1 October 2009).

# अपराधका मुख्य स्वरूप

## *नकाबधारी पुरुषहरूद्धारा सामूहिक बलात्कार*

पीडित, मानव अधिकारकर्मी तथा समुदायका मानिसहरूसँग लिइएको अन्तर्वार्ताको आधारमा हेर्दा ३ देखि १२ जनाको समूहमा रहेका नकाबधारी पुरषहरूद्वारा मानवीय संवेदना बिथोल्ने गरी सामूहिक बलात्कारका घटना विशेषतः सप्तरी र सिराहा जिल्लामा घटाइएका पाइयो ।[४९] केही पीडितहरूले घाँटीमा छुरा राखी आफूलाई जबर्जस्ती करणी गरिएको बताएका छन् । यस्ता सामूहिक बलात्कारका घटनाहरू साँझ वा रातको समयमा पीडकहरू निजी घरमा प्रवेश गरी घटाइएका थिए । केही घटनाहरूमा महिलाहरूलाई परिवारका सदस्यहरूकै अगाडि पनि बलात्कार गरिएको थियो । एड्भोकेसी फोरमले अप्रिल २१, २००९ मा सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीसित लिएको अन्तर्वार्ताले पनि यो कुरा पुष्टि गर्दछ । हतियार धारी मानिसहरू सजिलै गाउँ पस्न सक्ने र मानिसहरूलाई डर त्रासमा पार्न सक्ने भएकाले जिल्लामा बलात्कारको घटना बढेको कुरा उनले स्वीकार गरे । तर प्रशासनले यस विरुद्ध कुनै कदम चालेको बारे प्रमुख जिल्ला अधिकारीले बताउन सकेनन् ।

## *पीडकलाई राजनीतिक संरक्षण*

> *नागरिकको सुरक्षाका लागि प्रहरीको व्यवस्था गरिएको भए पनि फोन आएको भरमा प्रहरी अपराधीलाई छाडी दिन्छन् । यस्तो अवस्थामा नागरिकले प्रहरीमाथि कसरी विश्वास गर्न सक्छन् ?*
>
> *– सिराहा जिल्लाका मानव अधिकारक्षक, अप्रिल २००९*

[४९] Due to research limitations in terms of its scope, methodology and information collected, it was not possible to investigate into the history of the pattern of gang rape by armed men in Terai districts; however, as the research clearly indicates that such pattern exists, further research or investigation is necessary to understand this type of violence and its context.

उल्लेख्य यो छ कि हिरासतमा रहेका बन्दीहरू, विशेषगरी अपराधिक समूह र अखिल तराई मुक्ति मोर्चा र जनतान्त्रि तराई मुक्ति मोर्चा-ज्वाला सिंह जस्ता सशस्त्र समूहका सदस्यहरूलाई छुटाउन राजनीतिक पार्टीहरूले बारम्बारको हस्तक्षेप गर्ने गरेको पीडित तथा मानव अधिकारकर्मीहरूले बताउने गरेका छन् जसले गर्दा त्यस्ता व्यक्ति र समूहबाट घटाइएका हिंसाका निम्ति जवाफदेहिता न्यून भएको छ । उदाहरणका लागि सप्तरी जिल्लामा एक सशस्त्र समूहका व्यक्तिहरू कैयौं जबर्जस्ती करणीका घटनामा संलग्न रहेको कुरा प्रकाशमा आएको थियो तर अभियुक्तका परिवारजन संलग्न राजनीतिक दलहरूका निकटतम भएका कारणले दबाबमा पक्राउ गरिएन । अन्तमा, ती व्यक्तिहरू अगस्ट २००८ मा एउटी दलित महिलालाई सामूहिक बलात्कार गरेको आरोपमा पक्राउ परे तर घटनाकी पीडितले पीडकहरूका परिवारका सदस्यहरूबाट आफूले दिएको बयान फेर्न र प्रहरीमा दिएको जाहेरी फिर्ता लिन बारम्बार धम्की आएको कुरा बताएकि छिन् । पीडकहरूलाई एकदिन प्रहरीले छाडीदिनेछ र आफूलाई तिनीहरूले पुनः तारो बनाउनेछन् भनी पीडित महिला डराएकी छिन् ।

यौन जन्य हिंसामा परेका व्यक्ति र तिनका परिवारहरूसँगको अन्तर्वार्ताबाट बारम्बार नेपाली कांग्रेस, नेकपा (एमाले), मधेसी जनाधिकार फोरम र एनेकपा ( माओवादी) लगायतका प्रमुख राजनीतिक दलका सदस्यहरूले पनि आरोपित पीडकलाई प्रहरी हिरासतबाट छुटाउन हस्तक्षेप गरेको कुरा प्रकाशमा आएको छ । यस्तो अभ्यासले पीडित तथा तिनका परिवारका सदस्यहरू प्रहरीले घटनाको राम्रोसँग छानबिन नगरेका कारणले मात्रै नभई आरोपित पीडकहरू थुनामुक्त हुने र जाहेरी गर्ने माथि प्रतिशोध लिने हुनाले पनि थप जोखिममा परेका छन् ।

केही स्थानहरूमा प्रहरी अधिकारीहरूले नै राजनीतिक हस्तक्षेपका कारण काम गर्न गाह्रो भएको बताएका थिए । तथापि, घुस लिएर अपराधीलाई हिरासत मुक्त गर्न राजनीतिक दल तथा सशस्त्र समूहबाट घुस लिने गरेकाले प्रहरीसमेत दोषी रहेको आरोप मानव अधिकारकर्मीहरूले प्रहरीहरूमाथि लगाउने गरेका छन् । पीडकहरू मुक्त भएको कारणबारे प्रहरीसँग बुझ्न खोज्दा पर्याप्त प्रमाण नभएका कारण शंकास्पद व्यक्तिहरूलाई हिरासतमा राख्न नसकिएको कुरा बताइयो ।

## अत्यन्त जोखिममा परेकाहरू बढी मारमा

सबै जातका महिलाहरू बलात्कारको शिकार भएका भएता पनि पूर्वी तराईका आर्थिक र सामाजिक रूपमा पिछडिएका महिलाहरू सीमा क्षेत्रमा सक्रिय सशस्त्र समूहका सदस्य तथा कथित माथिल्लो जातका पुरुषबाट बढी मात्रामा बलात्कार र यौन जन्य हिंसाको जोखिममा रहेका पाइन्छन् । जस्तै, सिराहा जिल्लाबाट प्राप्त सूचनाअनुसार अपराधिक समूहहरू, ब्राह्मण तथा यादवलगायतका कथित माथिल्लो जातका पुरुष (जो जमिनदार रहेका हुन्छन्) बाट दलित महिलाहरू यौन जन्य हिंसाको शिकार भएका पाइन्छन् । यस्ता घटनामा योगदान पुऱ्याउने अन्य तत्वहरूमा त्यस्ता समुदायका महिलाहरूको आर्थिक दूरावस्था, सामुदायिक सञ्जालको कमी, चेतनाको कमी, सामुदायिक सहायताको कमी आदि रहेका छन् जबकि उच्च वर्गका मानिसहरूमा ठूलो सामुदायिक सहायता रहन्छ र तिनीहरू प्रहरीलाई घुस दिन सक्षम हुन्छन् । फलतः दलित महिलाहरूले न्यायमा पहुँचका लागि ठूलो चुनौतिको सामना गर्नुपर्ने हुन्छ ।

## मौनताको संस्कृति र राज्यको निस्क्रियता

सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीको भनाइमा बलात्कृत महिलाहरू सहायताका लागि अगाडि आए पनि बलात्कारका बारेमा बोल्न हिच्किचाउँछन् । प्रजिअले भने, “जिल्लामा बलात्कारका धेरै घटनाहरू घटेको भएता पनि कुनै एकजना महिला वा तिनका परिवार पनि बलात्कार सम्बन्धमा जाहेरी दिन आएका छैनन् ।”[५०] त्यसकारण बलात्कारका धेरै घटनाहरू घटे पनि थोरै त्यस्ता घटनाहरू प्रकाशमा आई सार्वजनिक हुने गर्छन् । सामान्यत, बलात्कारका कारण आफू माथि लाग्ने सांस्कृतिक कलंकका साथै सहायता र कानुनी चेतनाको कमी तथा पीडकहरूबाट दिइने धम्कीका कारण उत्पन्न हुने असुरक्षाका कारण अन्य स्थानको तुलनामा तराईका जिल्लाहरूमा बलात्कार पछि मौनताको संस्कृति छाएको अध्ययनले देखाउँछ । सप्तरी, सिराहा जस्ता जिल्लामा घटेका धेरै घटनाहरूमा बलात्कारका पीडितहरूमाथि समुदायका सदस्यहरूले नै भेदभाव गर्ने प्रचलन रहेको थियो । अझ, समुदाय तथा परिवारका सदस्यले नै पीडितहरूमाथि परम्परागत सामुदायिक न्याय प्रणालीअन्तर्गत मुद्दा किनारा लगाउन दबाब दिन्छन् ।

[५०] Interview with Saptari CDO, 21 April 2009.

यस्तो न्याय प्रणालीमा पीडित महिलाले माफ गरी दिए निजलाई पीडकबाट आर्थिक क्षतिपूर्ति दिलाएर मुद्दा किनारा लगाउने गरिन्छ ।

पीडित र तिनका परिवारहरूलाई पीडकहरूले दिने धम्कीका कारण घटना प्रकाशमा नआउने भयावह स्थितिको निर्माण भएको छ । कलंक वा तत्काल प्रतिशोधको कारवाहीमा परिने डरका कारण मात्र नभएर मुद्दाको सही अनुसन्धान र तहकिकातको कमीका कारण अपराधीहरू छुट्ने र प्रतिशोधको कारवाहीमा परिने डरले पनि धेरै घटनाहरू सार्वजनिक नभएको अध्ययनले बताउँछ । जाहेरी परेका बलात्कारका घटनाहरूमा पनि उपयुक्त अनुसन्धान गर्न प्रहरी बारम्बार असफल भएको छ ।

विशेषतः दलित तथा जनजाति समुदायका महिलाहरूले न्याय पाइन्छ भन्नेमा आफूहरू विश्वस्त नभएकाले बलात्कारलगायतका अन्य हिंसाबारे जाहेरी नदिएको बताएका छन् । प्रहरी समक्ष जाहेरी दर्खास्त दर्ता गर्ने प्रयास गरेका केही महिलहरूले बताएअनुसार– प्रहरी या त मुद्दा दायर गर्न नै इन्कार गर्छ वा दायर भएको मुद्दामा ठीक ढंगले अनुसन्धान गर्दैन । त्यसकारण बलात्कार पीडित दलित तथा जनजाति समुदायका महिलाहरू अन्याय सहनुको अर्को विकल्प नभएको महसुस गर्छन्– प्रहरीले नै महिलाहरूलाई परम्परागत अनौपचारिक सामुदायिक न्याय प्रणालीमार्फत न्याय प्राप्त गर्न अभिप्रेरित गर्छन् वा पीडकसित सम्झौता गर्न बाध्य पार्छन् भन्ने प्रमाण एड्भोकेसी फोरमले फेला पारेको छ ।[५१] मौनताको यो संस्कृति र राज्यको निस्क्रियताले पूर्वी तराईमा घटाइएका यौन जन्य हिंसाप्रति पूर्ण रूपमा जवाफदेहिता शुन्यताको स्थिति सिर्जना गरेको छ ।

---

[५१] This finding is in line with an Amnesty International report which states: “Instead of investigating incidents, women are pushed by police, family and community to accept traditional informal community justice where payment of bribes, discrimination and the lack of importance of the crime committed often prevent real justice,” Amnesty International, Nepal’s Government fails to protect women human rights defenders, 10 April 2009, http://www.amnesty.org/en/news-and-updates/news/nepal-government-fails-protect-women-human-rights-activists-20090410 (accessed on 01 October 2009).

## बलात्कारका पीडितहरूका लागि सहायताको अभाव

मध्य र पूर्वी तराईमा बलात्कारका पीडितहरूका लागि कानुनी, स्वास्थ्य र मनोसामाजिक सहायता अत्यन्त न्यून मात्रामा उपलब्ध छ। स्वास्थ्यकर्मी, प्रहरी र स्थानीय प्रशासनमाझ यौन जन्य हिंसाको सन्दर्भमा न्यून चासो वा चेतना रहेको पाइन्छ। एड्भोकेसी फोरमसँगको अन्तर्वार्तामा एक जना स्वास्थ्यकर्मीले पीडितले नै स्पष्ट रूपमा अनुरोध नगरेसम्म बलात्कारको सूचना प्रहरीलाई दिनु अनपयुक्त भएको बताए । साथै स्वास्थ्य संस्थामा यसबारे स्पष्ट कार्यगत निर्देशिका पनि छैन । उदाहरणका लागि सिराहा जिल्लामा महिला कानून व्यवसायी नभएका कारण जिल्ला अदालतमा बलात्कारका मुद्दा दायर गर्न कठिन भएको जिकीर महिला अधिकारकर्मीहरूले गरेका छन्। उनीहरूका अनुसार बलात्कारको मुद्दा महिला कानून व्यवसायीले नै हेर्नुपर्ने धारणा पुरुष कानून व्यवसायीहरूमा रहेको छ।

# दण्डहीनता

मानव अधिकारको उल्लंघनमा दण्डहीनताको अवस्था नेपालमा स्थापित मान्यताको रूपमा रहेको छ । सन् १९९६ देखि २००६ सम्मको सशस्त्र द्वन्द्वका बखत राज्य पक्षबाट घटाइएका अपराधिक घटनाहरूप्रति जवाफदेहिताको कमी थियो ।[५२] तथापि, यसको जग सशस्त्र द्वन्द्व र त्योभन्दा पनि अगाडिको विभेदपूर्ण व्यवहारमा पल्लवित सामन्ति राज्य संरचनामा अडेको छ । हालसालै अभिलेखीकरण गरिएका मानव अधिकार उल्लंघनका घटनाहरू सम्बन्धमा राज्य निकाय तथा अधिकारीहरूले कारवाही गर्न नसकेको तथ्यले समेत नेपालमा दण्डहीनता एक मान्यताको रूपमा रहेको प्रस्ट हुन्छ ।

अझ, प्रहरीले पीडितका नातेदारहरूबाट उजुरी र जाहेरी दर्खास्त लिन अस्वीकार गरिरहेको अवस्था छ । आरोपित गैर न्यायिक हत्याका १२ ओटा घटनाहरूमध्ये केहीमा पीडितका नातेदारहरूले कयौं पटक प्रयास गर्दासमेत जाहेरी दर्खास्त दर्ता गरिएन । उदाहरणका लागि, सुरेन्द्र महतो कोरी (घटना १०) को घटनामा महोत्तरी जिल्लाका प्रहरी उपरीक्षकले उक्त घटना आन्तरिक मामिला भएको भन्दै बारम्बार जाहेरी दर्खास्त लिन अस्वीकार गरे । पछि प्रहरी ऐन १९९५ अन्तर्गत विशेष अदालत गठन गरी हत्याका

[५२] Human Rights Watch and Advocacy Forum, “Nepal: Waiting for Justice. Unpunished Crimes from Nepal’s Armed Conflict” of September 2008; and Human Rights Watch and Advocacy Forum, “Still Waiting for Justice. No End to Impunity in Nepal” of October 2009, http://www.hrw.org/en/asia/nepal

आरोपित हवल्दारलाई हातहतियारको दुरुपयोग गरेको आरोपमा ११ महिनाको तलब बराबरको जरिवाना गरी सजाय गरेको सूचना पीडितका परिवारलाई दिइयो । तथापि, आजसम्म पनि पीडितको विधवाले कुनै क्षतिपूर्ति प्राप्त गरेकी छैनन् । साथै नागरिक अदालतमा मुद्दा चल्दा ज्यानसम्बन्धी अभियोगमा कसुरदार हुनपर्ने उक्त हवल्दारले उन्मुक्ती पाउने देखिन्छ ।

नेपालमा यातना पनि अपराधको रूपमा परिभाषित छैन । यसर्थ, राज्य पक्षबाट दिइने यातनाका विरुद्ध जाहेरी दर्खास्त दर्ता गराउने कार्य असम्भव जस्तै छ । राज्य पक्ष वा गैर राज्य पक्ष दुवैले यातना दिएमा मुलुकी ऐनको कुटपीटको महलअन्तर्गत जाहेरी दर्खास्त दिन सिद्धान्ततः सम्भव छ । मुलुकी ऐनले गम्भीर शारीरिक चोटका लागि जरिवानासहित ८ वर्षसम्म कैद सजाय गर्ने व्यवस्था गरेको छ । व्यवहारमा यातना पीडितहरूले यो व्यवस्थाको प्रयोग प्रायः गरेको पाइँदैन किनभने यातना विरुद्ध उजुरी लिने कुनै निष्पक्ष संयन्त्र छैन । यसको सट्टा अधिकांश घटनाहरूमा प्रहरी नै यातना पीडक हुने भएकाले तिनीहरू कै विरुद्ध उजुरी गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा सरकारी अधिकारीहरूका विरुद्धका आरोपहरूमा पूर्ण र निष्पक्ष रूपमा अनुसन्धान भएको विरलै भेटिन्छ । मुलुकी ऐनको कुटपीटको परिभाषाले अपराधको मनोवैज्ञानिक असरलगायत यातनाको विशेष प्रकृतिलाई समेट्न नसकेको हुनाले यो कानुनी व्यवस्थाअन्तर्गत कुटपीटको अभियोगमा कसैका विरुद्ध कानुनी कारवाही चलाइएमा पनि त्यसले यातना पीडितलाई पर्याप्त न्याय प्रदान गर्न सक्दैन ।

स्वास्थ्य व्यवसायीहरूले गैर न्यायिक हत्या र यातनाका सन्दर्भमा दण्डहीनतालाई योगदान पुऱ्याएको अवस्था छ । उल्लिखित १२ ओटा घटनाहरूमध्ये सबैमा सव परीक्षण गरिएको भए पनि एउटा घटना (घटना ६) मा मात्र नातेदारहरूलाई सव परीक्षण प्रतिवेदन हेर्न दिइएको थियो । चिकित्सकहरू यातनासँग सम्बन्धित चोटलाई अभिलेखीकरण गर्न असफल भएका कारण पीडितहरू बारम्बार क्षतिपूर्तिसमेत प्राप्त गर्नबाट वञ्चित भएको अवस्था छ, न्याय त धेरै टाढाको कुरा भयो । स्वास्थ्य परीक्षणको दह्रिलो प्रमाण विना यातना पीडितहरूलाई यातना दिइएको कुरा प्रमाणित गर्न गाह्रो हुनुका साथै यातना तथा क्षतिपूर्ति ऐन, १९९६ अन्तर्गत देवानी उपचारको रूपमा क्षतिपूर्ति प्राप्त गर्न पनि गाह्रो हुन्छ ।

कुनै पनि घटनामा यातना तथा क्षतिपूर्ति ऐन प्रभावहिन कानून प्रमाणित भएकोले यातनालाई अपराधको रूपमा परिभाषित गरी यसको अनुसन्धान र निवारणका लागि प्रभावकारी कानून निर्माण गर्न सरकारको ध्यान आकर्षित गर्नुपर्छ।[५३] ३५ दिन भित्र जाहेरी दायर गरिसक्नु पर्ने कानुनी व्यवस्था यातना पीडितका लागि एउटा प्रमुख समस्याको रूपमा रहेको छ[५४] (उदाहरणका लागि शुसन लिम्बु र भक्त राईको मुद्दा हेर्नुहोस्) । नेपालका हजारौं यातना पीडितहरूलाई क्षतिपूर्तिबाट वञ्चित गर्न यो व्यवस्था एक्लैले अत्यन्त महत्वपूर्ण योगदान पुऱ्याएको छ । पैंतिस दिने हदम्यादले यातना पीडित ३५ दिनसम्म चुप लागेर बसेको वा ३५ दिन पछि मात्र थुना मुक्त भएको कुरा सुनिश्चित गर्नसके पीडक सजिलै उम्कन सक्ने भएकाले यो व्यवस्था पीडकका लाभका लागि हो भन्ने अर्थ लाग्न थालेको छ । दुर्भाग्य के छ भने यातना पीडितलाई सजिलै त्रासमा पारेर, हिंसाका माध्यमबाट वा पुनः गिरफ्तार गरी ३५ दिनसम्म चुप लगाउन सकिन्छ ।

विभिन्न कानूनअन्तर्गत अर्ध न्यायिक निकायको रूपमा कार्य गर्ने अख्तियार प्राप्त प्रमुख जिल्ला अधिकारीले पनि यातनाको सन्दर्भमा दण्डहीनतालाई झन् प्रोत्साहित गरेका छन् । प्रजिअले कुनै पनि हिरासतमा रहेको व्यक्तिलाई आफू सामु उपस्थित गराउँदा प्रहरीले उक्त व्यक्तिलाई कस्तो व्यवहार गऱ्यो भनी प्रश्न गरेको उदाहरण छैन, न त स्वतन्त्र स्वास्थ्य परीक्षण गराएको उदाहरण नै छ । बरु सामान्य व्यवहारमा त हिरासतमा रहेको व्यक्तिलाई प्रजिअका सामु उपस्थित नै नगराई थुनुवा पुर्जीमा प्रजिअले हस्ताक्षर गरिदिने प्रचलन छ । यसर्थ, हातहतियार तथा खरखजाना जस्तो गम्भीर अभियोग सम्बन्धमा थुनुवालाई उपस्थित नगराएकै अवस्थामा प्रजिअले थुनामा राख्ने आदेश लेख्ने गरेको बारे चिन्ता व्यक्त गरिएको छ ।

हालसालै एउटा बन्दी प्रत्यक्षीकरणको मुद्दामा (माथि हेर्नुहोस्) एक जना प्रजिअले हिरासतमा लिइएको व्यक्तिलाई आफू सामु उपस्थित गराइएको थियो भनी पुनरावेदन अदालत समक्ष जवाफ प्रस्तुत गरेका थिए जबकि थुनामा परेका व्यक्ति सो कुरा इन्कार

[५३] Coalition against Torture, “Criminalize Torture,” 26 June 2009, http://www.advocacyforum.org/downloads/publications/criminalize-torture-june26-report-english-final.pdf

[५४] Pursuant to Art. 5(1) or the TCA, the complaint has to be filed within 35 days after the victim has been tortured or released from detention.

गरिरहेका थिए ।[५५] प्रजिअ जिल्लाको प्रशासन प्रमुख भएको र प्रहरी तिनीप्रति जवाफदेही हुने भएकाले उक्त निकायको निष्पक्षतामा प्रश्न चिह्न खडा भएको छ। त्यसकारण फौजदारी मुद्दामा प्रजिअलाई न्यायिक अधिकार दिने कानूनहरूको पुनरावलोकन गर्नु अत्यन्त जरुरी भएको छ ।

त्यस्तै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको मानव अधिकार इकाई गठन गरिएको भएता पनि यातनासम्बन्धी उजुरीमा ती इकाईहरूले स्वतन्त्र रूपले कार्य गर्न नसकेका र उपयुक्त ढंगले अनुसन्धान पनि नगरेको अनुभव एड्भोकेसी फोरमले गरेको छ। त्यसको सट्टा ती निकायहरूले सम्बन्धित प्रहरी कार्यालय वा सशस्त्र प्रहरी बल गुल्ममा उजुरी पठाउँछन् र त्यहाँका अधिकृतहरूका राय लिन्छन् । उदाहरणका लागि, एड्भोकेसी फोरमको अनुभवमा ३४ ओटा यातनासम्बन्धी मुद्दा नेपाल प्रहरीको मानव अधिकार इकाईमा अगस्ट २००७ देखि सेप्टेम्बर २००८ सम्ममा दायर भएकोमा १२ ओटा मुद्दा सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा नै पठाइएको थियो जसले गर्दा पीडितलाई झन् यातना दिइने वा अन्य अमानवीय व्यवहार गरिने सम्भावना बढ्यो। एड्भोकेसी फोरमलाई कम्तीमा ६ ओटा मुद्दामा पीडितमाथि प्रतिशोध लिइएकोबारे जानकारी प्राप्त छ ।

राज्य निकायका अधिकारीहरूले घटाएका यातना तथा गैर न्यायीक हत्याका घटनामा त्यस्ता अधिकारीहरू विरुद्ध नागरिक अदालत समक्ष मुद्दा चलाइएको बारे एड्भोकेसी फोरमलाई जानकारी छैन, बरु दोषी अधिकारीहरूलाई आन्तरिक विभागीय सजाय गर्ने गरिएको पाइन्छ। यातना तथा गैर न्यायीक हत्या जस्ता गम्भीर अपराधमा गरिने विभागीय सजाय अपूरो देखिन्छ। उदाहरणका लागि जुलाई २००९ मा शुसन लिम्बु र भक्त राई (माथि हेर्नुहोस्) लाई ईलाका प्रहरी कार्यालय उर्लावारीमा दर्जनौं गाउँलेका सामु यातना दिनेमाथि नेपाल प्रहरीले गरेको अनुशासनको कारवाहीलाई लिन सकिन्छ, जसमा यातना दिँदै गरेको अवस्थाको भिडियोसमेत खिचिएको थियो। अनुसन्धानको परिणाम स्वरूप नेपाल प्रहरीले एक जना प्रहरी निरीक्षक, एक जना हवल्दार र दुई जना

[५५] OMCT, "Serious concerns for the safety of Mr. Sushan Limbu and Mr. Bhakta Rai at risk of further torture and other ill-treatment", Ref: NPL 230709, 23 July 2009, http://omct.org/index.php?id=APP&lang=eng&actualPageNumber=1&articleSet=Appeal&articleId=8696

सिपाहीहरूलाई औपचारिक रूपमा नसिहत दिएको थियो। अनुसन्धानका खटिएका अधिकृतले कोही पनि प्रहरीमा आएर साक्षी प्रमाण दिन तयार नरहेको र सुरक्षाका कारण उनको टोलीले उक्त क्षेत्रको भ्रमण गरी प्रमाण संकलन गर्न नसकेका बताए।

महान्यायाधिवक्ताको कार्यालय पनि अन्तरिम संविधानले व्यवस्था गरेअनुसार प्रहरी ज्यादतीका विरुद्ध अनुसन्धान गर्न असफल रहेको छ। एड्भोकेसी फोरमले जुन २००९ देखि महान्यायाधिवक्ताको कार्यालयमा उजुरी दिन थालेको थियो र केही महिना भित्रै १४ ओटा उजुरी दर्ता गरिसकेको थियो। अगस्ट २००९ को अन्तसम्म एड्भोकेसी फोरमले ती नयाँ मुद्दाहरूमा महान्यायाधिवक्ताको कार्यालयबाट कुनै प्रतिक्रिया वा प्रगति विवरण प्राप्त गर्न सकेन। तथापि, सन् २००८ मा पेस गरिएका २ ओटा मुद्दाहरूमा भने महान्यायाधिवक्ताको कार्यालयले एशियन ह्युमन राईट्स कमिशनलाई अनुसन्धानबाट यातना दिइएको कुरा प्रमाणित नभएको सूचना अक्टोबर २००८ मा दिएको थियो।

यस प्रतिवेदनमा अभिलेखीकरण गरिएका मानव अधिकार उल्लंघनका घटनामा राष्ट्रिय मानव अधिकार आयोगले कुनै निर्णय लिन नसकेको अवस्था पनि यहाँ उल्लेख गर्न लायक छ। राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपाल कार्यालयबीच फेब्रुअरी २००९ मा सहयोगसम्बन्धी निर्देशिकामा हस्ताक्षर भए पछि हालसालै घटेका गैर न्यायिक हत्या तथा यातनाका घटनाबारे अनुसन्धान गर्नु उच्चायुक्तको नेपाल कार्यालयको भन्दा राष्ट्रिय मानव अधिकार आयोगको प्रथमिकतामा पर्न आउछ। तथापि, राष्ट्रिय मानव अधिकार आयोगसँग प्रभावकारी अनुसन्धान क्षमताको कमी सरोकारको विषय बनेको छ। राष्ट्रिय मानव अधिकार आयोगले यस प्रतिवेदनमा उल्लेख गरिएका धेरै मुद्दाहरूमा अनुसन्धान गरिरहेको छ। केही घटनाहरू ८ महिना अघि घटेका भए पनि ती कुनै घटनाको अनुसन्धान अन्तिम चरणमा पुगेको भने छैन।

पर्याप्त सार्वजनिक सुरक्षा व्यवस्थाको अभावलाई दण्डहीनताले अझ बल प्रदान गरी यसलाई निरन्तरता दिन सहयोग पुऱ्याउछ। कानून विहीनताको कारण तराईलगायतका क्षेत्रहरूमा जातीय दंगा भड्किएको छ र यसले काठमाडौं केन्द्रित राज्य प्रणालीका विरुद्ध असन्तुष्टि बढाएको छ। यसलाई शान्ति सुरक्षाको मुद्दा मात्र नठानेर यसको व्यवस्थापन समावेशी लोकतान्त्रिक ढंगले गरिनु जरुरी छ। फगत कानून व्यवस्था मात्र होइन मानव अधिकार र मानव सुरक्षासमेत जुन कुनै सरकारको रणनीति हुनु जरुरी छ।

# निष्कर्ष र सुझावहरू

राज्यले तराईमा विकसित राजनीतिक र मानव अधिकारसम्बन्धी समस्याको गहिराइलाई बुझ्न इन्कार गर्नु र यी मुद्दाहरूप्रति राज्य संवेदनहीन देखिनु अत्यन्त दुःखदायी छ । प्रत्येक सरकारसँग गरिने राजनीतिक वार्ताहरू तोडिने वाचाहरू र कहिल्यै कार्यान्वयन नहुने सम्झौता हुन् भन्ने छाप मधेसका मानिसहरूमा परेको छ ।

संविधान सभा नयाँ संघात्मक संविधान ग्रहण गर्ने तयारीमा छ । नेपाल यस्तो संवेदनशील मोडमा पुगेको छ जहाँ तराईका विभिन्न समुदायका राजनीतिक तथा अन्य गुनासाहरू सम्वोधन गर्न सकिन्छ । नेपाल र नेपालका सबै समुदायहरूका लागि उचित संवैधानिक स्वरूप निर्धारण गर्नु सैद्धान्तिक चुनौति बनेको छ । सोहि समयमा राष्ट्रलाई बढ्दो हिंसा, अस्थिरता र भविष्यमा हुन सक्ने सशस्त्र द्वन्द्वबाट जोगाउन यसले गुमाउनै नहुने अवसर पनि प्रदान गरेको छ ।

तराईको सार्वजनिक सुरक्षा स्थिति मजबुत पार्न सरकारको नयाँ सुरुआतको रूपमा आएको विशेष सुरक्षा नीतिको प्रभावकारिताको विश्लेषण अहिले नै गरिहाल्नु अलि छिटो हुन जानेछ । एड्भोकेसी फोरमले सरकारका नीति तथा रणनीतिहरूमा मानव अधिकारका तत्वहरू पूर्ण रूपमा समावेश गर्न जोड दिइरहेको छ । त्यसो नगर्दा धेरै जीवनहरू जोखिममा पर्ने मात्र होइन राजनीतिक र सुरक्षाको दृष्टिकोणले पनि प्रत्युत्पादक हुनेछन् ।

एड्भोकेसी फोरम सकारलाई देहाय बमोजिमका कदम चाल्न अनुरोध गर्दछ र अन्तर्राष्ट्रिय समुदाय तथा विधायीका संसद, यसका सम्बन्धित समितीहरू तथा राष्ट्रिय मानव अधिकार आयोगलगायतका राष्ट्रिय निकायलाई यी दायित्वहरू पूरा गर्न सरकारको खवरदारी गर्न अनुरोध गर्दछ ।



## राज्यको अनुसन्धान र तहकिकात गर्ने कर्तव्य

१. सरकारले यस प्रतिवेदनमा अभिलेखीकरण गरिएका सबै कथित गैर न्यायिक हत्या तथा यातनाका घटनाका सम्बन्धमा तत्काल स्वतन्त्र र निष्पक्ष अनुसन्धान गर्न आदेश दिनुपर्छ । यसले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको पूर्ण सहयोगको प्रत्याभूति गर्नुपर्छ । मानव अधिकारको गम्भीर उल्लंघनका लागि जिम्मेवार भनी पहिचान गरिएकाहरूलाई न्यायको कठघरामा उभ्याइनु पर्छ ।

२. अनुसन्धान सुरु गरेको अधिकतम ३ महिना भित्र अपराधसँग सम्बन्धित मौकामा प्राप्त प्रमाणहरू महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नुपर्छ ।

३. प्रहरीले घटना सम्बन्धमा अनुसन्धान गरी प्रमाण जुटाएर महान्यायाधिवक्ता समक्ष प्रतिवेदन प्रस्तुत गरेको अधिकतम २ हप्ता भित्र महान्यायाधिवक्ताले अभियोजन सुरु गरेको हुनुपर्ने छ ।

## लैंगिक विभेदमा आधारित हिंसाका विरुद्ध अनुसन्धान र तहकिकात गर्ने सम्बन्धमा राज्यको कर्तव्य

४. यो प्रतिवेदन तयार भएको २ महिना भित्र सरकारले लैंगिक विभेदमा आधारित हिंसालाई अपराधको रूपमा परिभाषित गर्न आवश्यक सुधारका लागि नागरिक समाजसँगको परामर्शमा एउटा स्पष्ट योजना तर्जुमा गर्नु जरुरी छ । उक्त योजनामा लैंगिक विभेदमा आधारित सबै प्रकारका हिंसाहरूको अनुसन्धान गरिनुपर्ने र पीडकलाई न्यायको कठघरामा उभ्याइनुपर्ने कुरा समावेश गर्नुपर्नेमा जोड दिनुपर्ने छ जसले गर्दा राज्य पक्ष, सशस्त्र समूह वा जो कोही व्यक्तिबाट अधिकार हनन् भएको भए पनि महिला तथा बालबालिकाहरूको उजुरी गर्ने संयन्त्रमा पूर्ण पहुँच

पुगोस् । नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई लैंगिक चेतनासम्बन्धी प्रशिक्षणको व्यवस्था गर्नुपर्छ र पीडित महिला तथा घटनाबाट प्रभावित अन्यलाई विशेष परामर्श तथा सहायता सेवाको व्यवस्था गर्नुपर्छ ।

५. प्रहरीले लैंगिक विभेदमा आधारित हिंसालगायत सबै प्रकारका हिंसाका बारेमा उचित तरिकाले अनुसन्धान गर्नुपर्छ र पीडित तथा साक्षीको पूर्ण संरक्षणको प्रत्याभूति गर्नुपर्छ ।



## बलबालिकाको संरक्षण गर्ने राज्यको दायित्व

६. बालबालिकालाई दिइएको यातना सम्बन्धमा स्वतन्त्र अनुसन्धान गरी दोषीलाई न्यायको कठघरामा उभ्याईनु पर्दछ ।

७. सरकारले थुनामा रहेका बालबालिकालाई वयस्क थुनुवासँग नराखि छुट्टै राख्ने कार्यलाई प्राथमिकतामा राखि सो कुरा सुनिश्चित गर्नु पर्दछ र बालसुधार गृह स्थापना गर्ने सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसलालाई अधिकतम एक वर्ष भित्र लागू गर्नु पर्दछ ।

## प्रहरीको स्वतन्त्रता तथा उसको कार्यसम्पादनको अनुगमनको प्रत्याभूतिमा राज्यको कर्तव्य

८. राजनीतिकर्मी वा अन्य कर्ताहरूबाट प्रहरी अनुसन्धानमा गरिने हस्तक्षेपलाई गम्भीर अपराधको परिभाषा भित्र राख्नु पर्छ ।

९. सरकारले विशेष सुरक्षा नीतिलाई सार्वजनिक गर्नुपर्छ र यसको कार्यान्वयन अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिअन्तर्गत नेपालको दायित्वअनुसार भए नभएको अनुगमन गर्ने निकायको गठन गर्नुपर्छ ।

## राज्यको अन्तर्राष्ट्रिय कानुनी दायित्व



१०. यातनालाई फौजदारी अपराधकारूपमा व्यवस्था गरी कानून बनाइनु पर्दछ ।

११. नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, जबर्जस्ती बेपत्ताबाट व्यक्तिको संरक्षणसम्बन्धी महासन्धि र यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख समेतलाई तत्काल अनुमोदन गरी सबै थुनास्थलको स्वतन्त्र अनुगमनका लागि संयन्त्र निर्माण गर्नुपर्छ ।

१२. सरकारले अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ सँग मेल खाने गरी नेपाली कानून तथा प्रचलनलाई परिमार्जन र विकास गर्नुपर्छ ।

१३. नयाँ संविधानमा बाँच्न पाउने अधिकार, यातना विरुद्धको अधिकार र प्रत्येक व्यक्तिलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य वैचारिक आधार, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै अवस्थाका आधारमा विभेद नगरी कानूनको आँखामा समानता सुनिश्चित गरिनुपर्छ र भेदभावरहित तवरले कानूनको संरक्षण र लाभ सहितको सारभूत समानताको प्रत्याभूत गरिनुपर्छ ।

१४. विगत, वर्तमान र भविष्य जहिले सुकै भएको वा हुनसक्ने मानव अधिकारको उल्लंघनमा दण्डहीनताले प्रोत्साहन पाउनु हुन्न । आम माफीका प्रावधान मान्य नहुने संवैधानिक व्यवस्था गरिनुपर्छ ।

## अनुसूची कः गैर न्यायिक हत्याहरूको सूची

(यो सूची घटना घटेको मितिअनुसार क्रम मिलाई राखिएको छ)

### मुद्दा १ : **ललनकुमार यादव “बिक्रान्त”**



उमेर : २४
ठेगाना : बकधुवा गाविस-२, भिमार, सप्तरी जिल्ला

८ फेब्रुअरी २००९ मा अखिल तराई मुक्ति मोर्चाका पूर्व एरिया कमान्डर बिक्रान्त भनेर चिनिने ललन कुमार यादवलाई सप्तरीमा प्रहरीले गोलीहानी हत्या गरेको थियो । अखिल तराई मुक्ति मोर्चाका अन्य तिन कार्यकर्ताहरू पनि पेस्तोल र गोली सहित पक्राउ परेको जानकारी प्रहरीले दिएको थियो । जुन २००८ मा सूर्य नेपाल प्राइभेट कम्पनीमा कार्यरत एकजना कर्मचारीको हत्याको जिम्मेवारी बिक्रान्तले लिएको थियो ।[५६]

प्रत्यक्षदर्शीका अनुसार ८ फेब्रअरी २००९ बिहान ११ बजे सिविल पोसाकमा कञ्चनपुर, फत्तेपुर, जिल्ला प्रहरी कार्यालय सप्तरीबाट आएका अन्दाजी १० जनाको संख्यामा रहेका नेपाल प्रहरीको संयुक्त गस्ती र जिल्ला प्रहरी कार्यालय, फत्तेपुर इलाका प्रहरी कार्यालय र कञ्चनपुर इलाका प्रहरी कार्यालयबाट प्रहरी पोशाकमा रहेका ५० सशस्त्र प्रहरी अधिकारी र साशस्त्र प्रहरी फौज बटालियन बरमझियाको टीमले अखिल तराइ मुक्ति मोर्चाका अन्य सदस्यहरू र बिक्रान्त राम चल्तिर यादवको घरमा खाना खाइरहेका बेला घर घेरा हालेका थिए । ललन कुमार यादव प्रहरीको गोली लागि घाइते भए र उनका दुई जना साथीहरू घरको मान्छेसँग पक्राउ परे । ललन कुमार यादवलाई जीवित अवस्थामा प्रहरीद्वारा झापुर्नी नदीतर्फ लगियो र केही समयपछी बन्दुक पडकिएको

[५६] South Asia Terrorism Portal, Janatantrik Terai Mukti Morcha, Jaya Krishna Goit, http://www.satp.org/satporgtp/countries/nepal/terroristoutfits/jtmmg.html

आवाज सुनेको कुरा एक जना साक्षीले बताए । केही समयपछी रेडियोले ललन कुमार यादव मारिएको कुरा प्रसारण गऱ्यो ।

सप्तरी जिल्ला, राजबिराजको सगरमाथा अञ्चल अस्पतालमा मृतकको पोस्टमोर्टम गरिएलगत्तै परिवारका सदस्यहरूलाई मृत शरीर हस्तानन्तरण गरियो । मृतकका परिवारले अहिलेसम्म कुनै क्षतिपूर्ति पाएका छैनन् । जहाँसम्म एड्भोकेसी फोरमलाई जानकारी छ राष्ट्रिय मानव अधिकार आयोगले हत्याका सम्बन्धमा कुनै अनुसन्धान थालेको छैन् ।



## मुद्दा २ : ध्रुबनारायण मिश्र

उमेर : ३६

ठेगाना : हात्तीबनगाई गाविस-१, रुपन्देही जिल्ला

१० फेब्रुअरी २००९ को राति करिब ११:३० बजेतिर जिल्ला प्रहरी कार्यालय, रुपन्देहीबाट खटिएका नेपाल प्रहरीको गस्ती टोलीले ध्रुवनारायण मिश्रलाई रुपन्देही जिल्लाको बैकन्ठपुर गाविस, पनानीको, हुलाकी मार्गमा पर्ने रोहीणी पुल नजिक हत्या गऱ्यो (धकधई गाविस र बैकुन्ठपुर गाविसको सीमा) ।

प्रहरीले निजको हत्या दोहोरो भिडन्तमा भएको भन्ने दाबी गरे तापनि मृतकका परिवारले भने निजलाई पक्राउ गरेपश्चात हत्या गरिएको कुरा दाबी गरेका छन् । उनीहरूले दाबी गरेअनुसार भैरहवाको सिद्धार्थनगरको बर्मेली टोलबाट घटनाको केही समय अधिमात्र निजलाई पक्राउ गरिएको सूचना उनीहरूलाई थियो । रोहिणी पुलको छेउमा बसोबास गर्ने एकजना प्रत्यक्षदर्शीका अनुसार बन्दुकको आवाज सुन्नुअघि ध्रुवनारायण मिश्रलाई एउटा बसबाट उतारिएको थियो ।

लासको पोष्टमोर्टम जाँच गरिएन । उनको परिवारले भैरहवाको भीम अस्पतालबाट बिना पोस्टमोर्टम लास बुझेका थिए । लास बुझ्दा परिवारलाई एउटा कागजमा हस्ताक्षर गर्न लगाइयो तर उक्त कागजमा के लेखिएको थियो भन्ने कुरा परिवारलाई जानकारी

छैन । मृतकका आफन्तका अनुसार गोलीको प्रहारबाट मृतकको निधारमा १ ओटा, छातीमा २ ओटा र पेटको छेउमा १ ओटा र पिंडुलामा १ ओटा प्वाल रहेको थिए ।

## मुद्दा २ : रामवली चौहान "बाली"

उमेर : २८
ठेगाना : कम्हरीया गाविस-६, रुपन्देही जिल्ला



रामवली चौहान संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन समूह) का सदस्य थिए । त्यसअघि उनी माओवादीका कार्यकर्ता थिए । उनी २६ फेब्रुअरी २००९ को मध्याह्नको समयमा मारिएका थिए ।

रुपन्देही जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक प्रकाश अर्यालका अनुसार जबर्जस्ती चन्दा वसुलीका थुप्रै क्रियाकलापमा संलग्न रहेका आरोपितद्वय रामवली चौहान र अम्बर धावल चन्दा संकलन गर्न मोटरसाइकलमा रुपन्देहीतर्फ आइरहेको जानकारी नवलपरासी प्रहरीले प्राप्त गरेको थियो । उनका अनुसार, "रुपन्देहीबाट एउटा प्रहरी टोली धकधई गाविसतर्फ पठाइयो । सोही समयमा नवलपरासीका प्रहरी अधिकारीहरूले पनि निजहरूलाई पिछा गरिरहेका थिए । हुलाकी मार्गमा पुग्ने बित्तिकै उनीहरूले प्रहरीतर्फ गोली प्रहार गरे । प्रहरी अधिकारीहरूले प्रतिरक्षा गर्ने क्रममा उनीहरूतर्फ पनि गोली प्रहार गऱ्यो । उक्त दोहोरो भिडन्तमा रामवली चौहानको घटनास्थलमै मृत्यु भयो ।"[५७] त्यस घटनामा प्रहरीतर्फका कोही पनि घाइते भएनन्, कोही मारिएनन् ।

नाम उल्लेख गर्न नचाहने केही स्थानीयबासीका अनुसार प्रहरीले मानिसहरूलाई रोहिणी पुलतर्फ जान दिइएनन् र रोहिणी पुल तर्दै गर्दा अम्बर धावल तथा रामवली

[५७] Interview with SP Aryal and DSP Khinu Prasad Acharya, DPO Rupandehi, 12 February 2009.

चौहानतर्फ गोली चलाए । पीडितहरूसँग हतियार भएको वा नभएको तथा उनीहरूले प्रहरीमाथि जवाफी गोली प्रहार गरे-नगरेको कुरा भने खुलेको छैन ।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन समूह) का नेताहरूले भने घटनाको समयमा उनीहरूको पार्टी सरकारसँगको वार्ताको क्रममा भएकाले त्यसबेला जबर्जस्ती चन्दा वसुलीका क्रियाकलापहरू हुने गरेको कुरा अस्वीकार गरे । प्रहरीले जानी-बुझिकनै अम्बर धावल र रामवली चौहानको हत्या गरेको उनीहरूको दाबी छ ।

रुपन्देही जिल्ला भैरवाहको भीम अस्पतालमा पोस्टमोर्टम जाँच गरिएको भए तापनि मृतकका आफन्तहरूले पोस्टमोर्टम जाँचको प्रतिवेदनको प्रतिलिपि भने प्राप्त गरेनन् । मृतकको लास परिवारलाई फर्काइएपछि दाहसंस्कार गरियो । प्रहरी वा राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट घटनाको सम्बन्धमा अनुसन्धान अघि बढाइएको छ वा छैन भन्ने कुरा स्पष्ट भएको छैन । परिवारलाई हालसम्म कुनै क्षतिपूर्ति दिलाइएको छैन ।



## मुद्दा ४ : परशुराम कोरी

उमेरः १८
ठेगाना : बनकट्टी गाविस-५, बनकटवा, बाँके जिल्ला
पेशा : रिक्शा चालक

बाँके जिल्लाको बेतहनी गाविस-४ को बाबा गाउँमा अप्रिल ९, २००९ को राति करिब १० बजे बेतहनी प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालय, बाँकेबाट आएका अन्दाजी २०-२२ जनाको संख्यामा रहेका प्रहरी अधिकारीहरूले परशुराम कोरीलाई गोली हानी हत्या गरे । अप्रिल १०, २००९ मा जिल्ला सदरमुकाम नेपालगंजमा भएको पत्रकार सम्मेलनमा प्रहरीले जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह समूह) का कार्यकर्ता र प्रहरीबीचको दोहोरो भिडन्तमा परशुराम मारिएको कुरा दाबी गर्‍यो । सो पत्रकार सम्मेलनमा दोहोरो भिडन्तका दौरानमा जफत् गरिएका भनिएका हतियारहहरू पनि प्रदर्शित गरियो । भिडन्तका क्रममा कुनै प्रहरी अधिकारी घाइते भएका वा मारिएका कुरा भने उल्लेख गरिएन ।

घटना घटेको केही दिनपछि १७ अप्रिल २००९ मा अनुसन्धान गर्न भनी राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहहरूसहित मानव अधिकारवादी संस्थाहरूले घटनास्थलको अनुगमन गरे । परशुरामलाई सुरुमा गिरफ्तार गरेर यातनापश्चात हत्या गरिएको निष्कर्ष उनीहरूले निकाले । परशुरामका बाबुका अनुसार अप्रिल ७, २००९ मा परशुराम हराएका थिए । अन्तर्वार्ता गरिएका एक जना अर्का व्यक्तिका अनुसार तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूह) का कार्यकर्ताले निजलाई ५० हजार तिर्न बाध्य पारेका थिए, तर सो रकम दिन असमर्थ भएपछि निजले सो समूहमा आबद्ध हुने निर्णय गरेका थिए ।

जानकारी घटनास्थल वरपरका बसोबास गर्ने मानिसहरूका अनुसार घटना शिवपुरी विद्यालय नजिक घटेको थियो । घटना घट्दाको समयमा उनीहरूले बन्दुक चलेको आवाज सुने र करिब १० जना गाउँलेहरू के भएछ भनी बुझ्न सो स्थानतर्फ लागे । विद्यालयतर्फ घिसार्दै लैजाँदा पीडित चिच्याएको र आफूलाई नकुट्न भनी प्रहरीलाई आग्रह गरिरहेको आफूहरूले सुनेको भनी केही प्रत्यक्षदर्शीले बताए । हत्या भइसकेपश्चात प्रहरी निरीक्षक प्रदीप डिसी आए र घटनास्थल प्रकृति मुचुल्का तयार गरे जसमा दोहोरो भिडन्तको क्रममा परशुरामको मृत्यु भएको कुरा उल्लेख गरी पाँचजना गाउँलेलाई उक्त प्रतिवेदनमा हस्ताक्षर गरी पुष्टि गर्न लगाए । प्रहरी निरीक्षक डिसीले गाउँलेहरूलाई घटनाको दौरानमा गिरफ्तार भएका अर्का व्यक्तिको पहिचान गर्न लगाए । उनीहरूले पक्राउ गरिएका ती व्यक्ति गाउँकै भएको र बेतहनी प्रहरी चौकीका प्रहरी अधिकारीले पनि चिन्छन् भनी बताए । उसलाई मुक्त गरिनुमा सोही कारण रहेको हुनुपर्ने गाउँलेहरूको धारणा थियो ।

परशुरामको लास देख्ने गाउँलेहरूका अनुसार परशुरामको हात र खुट्टामा कुटपीटका चिह्नहरू थिए जसले निजलाई सुरुमा पक्राउ गरिएको र पक्राउपछि यातना दिई हत्या गरिएको दर्शाउँछ । अप्रिल १०, २००९ मा नेपालगंजको भेरी अञ्चल अस्पतालमा पोस्टमोर्टम गरियो तर मृतकका परिवारलाई पोस्टमोर्टम रिपोर्टको प्रतिलिपि भने उपलब्ध गराइएन । त्यसै दिन परशुरामको लास परिवारले एक कागजमा हस्ताक्षर गरी बुझेका थिए । तर पीडितका परिवारलाई उक्त कागजमा के लेखिएको थियो भन्ने बारेमा केही जानकारी छैन ।

प्रहरीबाट हुनसक्ने प्रतिहिंसाको भयले पीडितका परिवारले जाहेरी दर्खास्त दर्ता गर्न डराएका छन् । अहिलेसम्म कुनै जाहेरी दर्खास्त दर्ता गरिएको छैन र प्रहरीले पनि कुनै

पनि अनुसन्धान अगाडि बढाएको छैन्। पीडित परिवारलाई हालसम्म कुनै क्षतिपूर्ति प्रदान गरिएको छैन। राष्ट्रिय मानव अधिकार आयोगद्वारा घटनामाथि अनुसन्धान गरिरहेको छ।

## मुद्दा ५-७ : सकलदेव मण्डल, रमेशदेव मण्डल र रन्जित यादव



नाम र उमेर : सकलदेव मण्डल (५०)
ठेगाना : पकरी गाविस-१, सोनरा, सप्तरी जिल्ला

नाम र उमेर : रमेशदेव मण्डल (३५)
ठेगाना : पकरी गाविस-१, सोनरा, सप्तरी जिल्ला

नाम र उमेर : रन्जित यादव (१४)
ठेगाना : पकरी गाविस-२, सोनरा, सप्तरी जिल्ला

८ मे २००९ को बेलुका अन्दाजी ७ बजे जिल्ला प्रहरी कार्यालय, सिराहामा कार्यरत र "कभर्ट टिम" को सदस्यसमेत रहेका प्रहरी जवान विन्दु यादवले आफ्नो बुवा र छिमेकी थिथर मण्डलबीच रहेको जग्गासम्बन्धी विवादका सम्बन्धमा छलफल गरी टुंगो लगाउन जम्मा भएको भेलामाथि अन्धाधुन्ध गोली प्रहार गरे। उक्त घटनामा ३ जनाको ज्यान जानुका साथै ५ जना घाइते भए। घटनाका एक जना प्रत्यक्षदर्शीका अनुसार विन्दु यादव बैठक सुरु हुनु १५ मिनटअघि सो स्थानमा पुगेका थिए।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रमेश खनालका अनुसार विन्दु यादव प्रहरीको सशस्त्र समूहहरू विरुद्धको "कभर्ट टिम" का सदस्य भएको कारणले निजलाई जुनसुकै बेला हतियार बोक्न अनुमति थियो। घटना घटेको दिन उनी बिदामा बसेका थिए। विन्दु यादव अझै फरार छन् र प्रहरीद्वारा निजको खोजी भइरहेको छ र निजलाई सेवाबाट निलम्बनसमेत गरिसकिएको छ।

२००९ डिसेम्बरसम्म प्रहरीले आरोपित विन्दु यादवलाई पक्राउ गर्न सकेको छैन् । घटनामा संलग्न भएको आरोपमा विन्दु यादवका पिता जेलमा छन् (मुद्दा अदालतमा छ र मुद्दाको किनारा लागेको छैन) । सकलदेव मण्डल, रमेशदेव मण्डलका आफन्तका अनुसार विन्दु यादवले विभिन्न समयमा फोनमार्फत कानुनी कारवाही नगर्नू भनी उनीहरूलाई धम्क्याउने गरेको कुरा बताएका छन् ।

हत्या भएको अर्को दिन सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमोर्टम गरियो । त्यसको लगत्तै परिवारलाई लास बुझाइयो । पीडित परिवारलाई क्षतिपूर्ति प्रदान गरिएको छैन् । राष्ट्रिय मानव अधिकार आयोगले घटनाउपर कुनै किसिमको अनुसन्धान सुरु गरेको छैन ।



## मुद्दा ८-९ : उदगार मण्डल र घुरन शाह

नाम र उमेर : उदगार मण्डल (२४)
ठेगाना : धनुषाधाम गाविस-४, भवन्डीहवा, धनुषा जिल्ला

नाम : घुरन शाह “सन्तोष शाह” (२५)
ठेगाना : धनुषाधाम गाविस-४, भवन्डीहवा, धनुषा जिल्ला

२४ मे २००९ को बिहान अन्दाजी १०:३० बजे मोटरसाइकल र साइकलमा आएका जिल्ला प्रहरी कार्यालय, धनुषामा कार्यरत ५ जना नेपाल प्रहरीका अधिकारीहरूको एउटा जत्थाले उदगार मण्डल र घुरन शाहलाई पक्राउ गरी जनकपुर नगरपालिका–३ को जनकपुर र कुर्था बजार जोड्ने ठाउँमा पर्ने एउटा खेत नजिक गोली हानी हत्या गरे ।

नेपाल प्रहरीले घटनालाई “दोहोरो भिडन्त” हो भनी दाबी गर्‍यो । उनीहरूका अनुसार मृतक दुवै ईटाभट्टा सञ्चालक रामविलास यादवको अपहरणमा संलग्न थिए । नेपाल प्रहरीका प्रहरी उपरीक्षक यादवराज खनालले सोही दिन पत्रकार सम्मेलनमा ईटाभट्टा सञ्चालकलाई महोत्तरी जिल्लाको तपनपुर गाविस-७, महादैयास्थित एउटा

घरबाट रामविलास यादवलाई अपहरण मुक्त गराउने क्रममा ती दुईको मृत्यु भएको कुरा स्वीकारे । प्रहरी उपरीक्षक खनालले प्रहरीद्वारा १९ राउन्ड गोली चलाइएको र केही हातहतियार, गोली र नागरिकता प्रमाणपत्रहरू बरामद गरिएको जानकारी दिए ।

यद्यपि तपनपुर गाविस-७ महादैयाका बासिन्दाहरूले उदगार मण्डल र घुरन शाहलाई एउटा स्थानीय घरबाट निकालेर प्रहरीले लगेको र सो बेला दुवैजना हात तौलियाले बाँधिएका र अनुहार कपडाले छोपिएको अवस्थामा भएको आफू देखेको बताए । मानिसहरूले उनीहरूलाई पछ्याउँदा भीड ठूलो भएपछि प्रहरीले हवाइ फायर गरेको पनि ती स्थानीय बासिन्दाले बताए । त्यसपछि ती दुईलाई पैदल जनकपुरतर्फ लगियो । प्रहरीले उनीहरूलाई जथाभावी कुटपीट पनि गरे ।



कुर्थाबजारका स्थानीय बासिन्दाका अनुसार मृतकद्वयलाई सम्पूर्ण बजार क्षेत्र घुमाउँदै लगियो र बजार बासिन्दाहरूले बिशहरास्थित स्थानीय मन्दिरसम्म पछ्याएका थिए । त्यसपछि प्रहरीले मन्दिरछेउमा बाटो बन्द गरी सो बाटोबाट आवतजावत् गर्न दिएनन् । प्रहरीले रेलबाटो नजिक चुरा मिलको अगाडि जनकपुर र कुर्थाबजार जोडने अर्को बाटो पनि बन्द गरे । बाटो बन्द गरेलगत्तै बन्दुक चलेको आवाज पनि सुनियो । धनुषा प्रहरीले बनाएको मुचुल्काअनुसार मृतक दुवैजनालाई एउटै प्रकारले एउटा छाती र एउटा पिठ्युँमा गरी २/२ गोली लागेको थियो ।

दुई ओटै शवलाई जनकपुर अञ्चल अस्पतालमा पोस्टमोर्टम गरियो, तर पीडित परिवारले प्रतिवेदनको प्रतिलिपि प्राप्त गर्न सकेका छैनन् । एक कागजमा दस्तखत गरेपछि मृतकका परिवारलाई शव जिम्मा लगाइएको थियो तर सो कागजमा के लेखिएको थियो भन्ने बारेमा परिवारलाई कुनै जानकारी छैन । घटनाउपर जाहेरी दर्खास्त दर्ता गरिएको छैन र पीडितका परिवारले कुनै क्षतिपूर्ति पाएका छैनन् । प्रहरीबाट पनि कुनै अनुसन्धान सुरु गरिएको छैन् । राष्ट्रिय मानव अधिकार आयोगले भने घटनाको अनुसन्धान गरिरहेको छ ।

## मुद्दा १० : सुरेन्द्र महतो कोइरी

उमेर : ३०
ठेगाना : भरतपुर गाविस-९, महोत्तरी जिल्ला

जुन ७, २००९ को दिन ५:३० तिर मोटरसाइकलमा एक जना साथीसँग घर फर्किरहेको अवस्थामा सुरेन्द्र महतोलाई प्रहरी जवान रामसिंह भाटले धनुषा जिल्लाको हरिहरपुर अस्थायी प्रहरी चौकीको अगाडि गोली हानी हत्या गरे । निज प्रहरी जवानको पदस्थापन जिल्ला प्रहरी कार्यालय धनुषामा भए पनि अस्थायी रूपमा हरिहरपुर अस्थायी प्रहरी चौकीमा कार्यरत थिए । प्रत्यक्षदर्शीका अनुसार हरिहरपुर अस्थायी प्रहरी चौकी नजिकैबाट गइरहेका सुरेन्द्रलाई प्रहरी जवान भाटले एकाएक "रोक ! रोक !" भनेपछि निजले मोटर साइकल रोके तर मोटरसाइकल तीव्र गतिमा भएकोले ८/१० मिटर पर गएर मात्र रोकियो । मोटरसाइकल किन टाढा रोकिस् भनी प्रहरी जवान भाटले सुरेन्द्रलाई अपशब्द प्रयोग गर्दै चड्कन लगाए । एक जना प्रत्यक्ष्यदर्शीले दुई जनाबीच भएको कुराकानी सुनेका थिए । दुईबीच भएको कुराकानी यस्तो थियो :

प्रहरी जवान भाट : मैले भनेको ठाउँमा मोटरसाइकल किन रोकिनस् ?
सुरेन्द्र : तलासी नै गर्नु छ भने गर्नुस् न सर् ।
प्रहरी जवान भाट : त्यो झोलाभित्र के छ ?
सुरेन्द्र : केही छैन सर, तैपनि हेर्नुस् न ।
प्रहरी जवान भाट : केही छैन भने मैले भनेको ठाउँमा रोक्न सक्दैनथिस् ? प्रहरीले रिसाउँदै भन्यो ।

त्यसपछि प्रहरी जवान भाटले सुरेन्द्रलाई एक "किक" मारे । बिनाकारण कुटाइ र गाली खानु परेकोले सुरेन्द्रले भने, "अलि विचार पुऱ्याएर व्यवहार गर्नुस्, केही भन्नुअघि मान्छे को हो भनी चिन्ने गर्नुस् । प्रहरी जवान भाट उग्र भए, र बन्दुक सुरेन्द्रको निधारमा तेर्स्याएर "तैंले मलाई धाक दिएको हो ?" भन्दै गोली चलाए । गोली सुरेन्द्रको बाँया गालाबाट छिरेर दाँया गालाबाट निस्क्यो र घटनास्थलमै निजको मृत्यु भयो ।

मृतककी श्रीमती रेखाकुमारी यादव एड्भोकेसी फोरमका वकिलसँग जिल्ला प्रहरी कार्यालय गइन् । त्यहाँका प्रहरी उपरीक्षक यादवराज खनालले प्रहरीको आन्तरिक मामला भएका कारण माथिका उच्च अधिकारीहरूसँग सल्लाह गर्नुपर्छ भन्दै जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरे । त्यसपछि थुप्रै पटक जाहेरी दर्खास्त गर्न जाँदा पनि मुद्दाको अझै समीक्षा भइरहेको छ भन्दै निज प्रहरी उपरीक्षकले जाहेरी दर्ता गर्न अस्वीकार गरे ।

प्रहरी जवान रामसिंह भाटलाई हरिहरपुर अस्थायी प्रहरी चौकीबाट सरुवा गरी निलम्बन गरियो भनी भनियो । जिल्ला प्रशासन कार्यालयले परिवारलाई क्षतिपूर्ति प्रदान गर्ने प्रतिबद्धता जाहेर गरेको भए पनि अक्टोबर २००९ सम्म परिवारका सदस्यले कुनै क्षतिपूर्ति पाएका छैनन् । राष्ट्रिय मानव अधिकार आयोगले र संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्चायुक्तको कार्यालय-नेपालले हत्याको अनुसन्धान गरिरहेको छ ।

प्रहरी ऐनको धारा ३६ अनुसार गठित विशेष प्रहरी अदालतले अक्टोबर १२, २००९ मा रामसिंह भाटलाई हातहतियार दुरुपयोगको दोषी करार गरी ११ महिना बराबरको तलब जरिवाना तिर्नुपर्ने निर्णय सुनायो, तर उक्त रकम पीडित वा पीडितका परिवारलाई दिइने नभई सरकारलाई तिरिन्छ । आजका मितिसम्म सुरेन्द्रको परिवारले कुनै किसिमको क्षतिपूर्ति पाएको छैन ।

## मुद्दा ११ : अखिलेन्द्र यादव

उमेर : २४

ठेगाना : इटहरी गाविस-४, विष्णुपुर, सप्तरी जिल्ला

१७ जुलाई २००९ को बिहान करिब ९ बजे इटहरी गाविस-४, विष्णुपुर, सप्तरी जिल्लामा सशस्त्र प्रहरी बलले प्रर्दशनकारीहरूमाथि गोली चलाउँदा अखिलेन्द्र यादव मारिए र अन्य ३ जना व्यक्ति घाइते भए । सशस्त्र प्रहरी बलका अनुसार प्रर्दशनकारीहरूले

उनीहरूको हतियार खोस्ने प्रयास गरेपछि गोली चलाइयो । तर प्रदर्शनकारी र प्रत्यक्षदर्शीले यस कुराको खण्डन गरे ।

सशस्त्र प्रहरी बलले रसायनिक मल कब्जा गरेपछि उक्त प्रदर्शन गरिएको थियो, जुन सशस्त्र प्रहरी बलका अनुसार भारतबाट गैरकानुनी रूपमा नेपाल भित्राइएको थियो । त्यसपछि गाउँलेहरू आक्रोशित भए र प्रदर्शनमा उत्रिएका थिए । सप्तरी जिल्लाको राजबिराजस्थित सगरमाथा अञ्चल अस्पतालमा मृतकको पोस्टमोर्टम जाँच गरियो र लगत्तै परिवारका सदस्यहरूलाई मृत शरीर हस्तान्तरण गरियो । परिवारलाई क्षतिपूर्तिस्वरूप १० लाख रुपियाँ प्रदान गरियो र राष्ट्रिय मानव अधिकार आयोगले यस हत्याउपर अनुसन्धान गरिरहेको छ ।



## मुद्दा १२ः रामनारायण महतो “सन्देश”

उमेर : ४०
ठेगाना : खासहा गाविस-४, अयोध्यानगर, सिराहा जिल्ला

रामनारायण महतो “सन्देश” मधेस राष्ट्रिय संयुक्त जनतान्त्रिक पार्टी (क्रान्तिकारी) का सदस्य थिए । प्रहरीका अनुसार १९ जुलाई २००९ मा सिराहा जिल्लाको हाक्पारा भन्ने ठाउँमा भएको प्रहरीसँगको भिडन्तमा गोली लागि रामनारायण महतोको मृत्यु भयो, तर पार्टीका सदस्य तथा आफन्तहरूका अनुसार मृतक भारतमा पक्राउ परेको र नेपाल प्रहरीलाई १८ जुलाईमा बुभाइएको थियो । उनीहरूले स्थानीय मिडिया र मानव अधिकारकर्मीहरूलाई फोनमार्फत निजको सुरक्षाका लागि पहल गरिदिन भनी आग्रहसमेत गरेका थिए ।

मिडियाका अनुसार भारतको जयनगरको लक्ष्मी टोलबाट महतोलाई पक्राउ गरेपछि भारतीय प्रहरीले १८ जुलाईमा नेपाल प्रहरीलाई बुझाएको थियो । यस्तै नेपाल प्रहरीले महतोलाई रुमालले अनुहार छोपेर गाडीको अघिल्लो सिटमा बसाएर लगेका थिए भन्ने केही अन्य जानकारी पनि आए । यस्ता जानकारी आएपछि प्रहरीलाई सम्पर्क गर्दा

महतोलाई पक्राउ गरिएको र नेपाल प्रहरीलाई जिम्मा लगाइएको कुरा भने प्रहरीले इन्कार गऱ्यो ।

सिराहा जिल्ला अस्पतालमा पोस्टमोर्टम जाँच गरियो र पोस्टमोर्टम जाँचपश्चात मृतकको लास आफन्तलाई जिम्मा लगाइयो । घटनापश्चात निजको हत्या नियोजित हो भन्ने दाबी गर्दै मधेस राष्ट्रिय संयुक्त जनतान्त्रिक पार्टी (क्रान्तिकारी) ले प्रेश विज्ञप्ति निकालेको थियो । मृतकको परिवारजनले पनि घटनाको अनुसन्धान हुनुपर्छ भन्ने माग गर्दै पीडकहरूलाई अदालतको कठघरामा उभ्याउन आह्वान गरेका थिए ।



मृतकका परिवारले अहिलेसम्म कुनै क्षतिपूर्ति पाएका छैनन् । राष्ट्रिय मानव अधिकार आयोगले यो हत्याउपर अनुसन्धान थालेको छ ।

## मुद्दा १३ः परशुराम यादव "दिवाकार"

उमेर : ३५
ठेगाना : लालपुर गाविस-५, सिराहा जिल्ला

जुलाई २०, २००९ मा मधेस मुक्ति टाइगर्सका सिराहा जिल्ला इन्चार्ज परशुराम यादव (दिवाकर) लाई सिराहा जिल्लाको बन्दिपुर भन्ने स्थानमा पर्ने कमला नदीको किनारमा हत्या गऱ्यो । परशुराम यादवलाई काठमाडौंमा पक्राउ गरिएको र निजलाई अड्डा सार गरी सिराहा जिल्ला ल्याउने क्रममा शौचालय जाने बहानामा भाग्न खोज्दा प्रहरीले गोली चलाउँदा गोली लागि निजको मृत्यु भएको हो भनी जिल्ला प्रहरी कार्यालय, सिराहाका मुद्दा फाँटका निरीक्षक कृष्ण प्रसाईंले २३ जुलाई २००९ मा एड्भोकेसी फोरमलाई जानकारी गराए ।

मृतकका आफन्त, परिवारजन र पार्टीका सदस्यहरू भने परशुराम प्रहरी नियन्त्रणमै भएको बेला नियोजित ढंगबाट मारिएको हो र प्रहरीको घटना विवरण झुठो (मनगढन्ते) हो भनी विश्वास गर्दछन् । यद्यपि उनीहरू यो कुरा बाहिर भन्न भन्ने हिचकिचाइरहेका छन् ।

लाहानस्थित लाहान अस्पतालमा पोस्टमोर्टम गरिएपश्चात मृतकको लास परिवारलाई फर्काइयो र दाहसंस्कार पनि गरियो । राष्ट्रिय मानव अधिकार आयोगले घटनामाथि अनुसन्धान गरिरहेको छ ।

सन् २००९ को डिसेम्बर १० मा जाहेरी लिएर पीडितका परिवार जिल्ला प्रहरी कार्यालय सिराहा गए  तर प्रहरीले जाहेरी दर्ता गर्न अस्वीकार गऱ्यो । २४ डिसेम्बरमा उनीहरू जाहेरी दर्ता गर्न परमादेशको आदेश माग गर्दै अदालत गए ।



## मुद्दा १४ : राम यादव "आकाश त्यागी"

उमेर : २५
ठेगाना : बागेवा गाविस-४, लक्ष्मीपुर, धनुषा जिल्ला

२२ जुलाई २००९ को बिहान ४:३० बजे तराई राष्ट्रिय मुक्ति सेनाका ब्युरो सैन्य कमान्डर तथा जनतान्त्रिक तराई मुक्ति मोर्चाको भूतपूर्व सैन्य कमान्डर राम यादवलाई जिल्ला प्रहरी कार्यालय, धनुषाबाट खटिएका प्रहरीले हत्या गरे । धनुषा जिल्लाको जनकपुर नगरपालिका-७ स्थित भमरपुरा चोकदेखि बसपिट्टी जाने बाटाको उत्तरतर्फ रहेको खुला मैदानमा निजको हत्या गरिएको थियो । घटनास्थल भमरपुरा चोकदेखि १० मिनेटको पैदल दूरीमा पर्दछ ।

२२ जुलाई २००९ मा एड्भोकेसी फोरमसँग कुरा गर्दै प्रहरी नायब उपरीक्षक उमा चर्तुवेदीले भने "घटना भएको स्थानमा प्रहरी टोली गस्तीमा थियो, र त्यसै बेला ३/४ जनाको एउटा समूहले गस्ती टोलीमाथि गोली चलाउन सुरु गऱ्यो । गस्ती टोलीले प्रतिकारमा गोली चलाउँदा आकाश त्यागी भनिने राम यादव मारिए । मृतकको साथबाट तराई राष्ट्रिय मुक्ति सेनाका केही लेटर प्याड, एउटा पेस्तोल र एउटा सुतलीबम बरामद भयो । निजलाई ५ गोली लागेको छ ।" त्यस भिडन्तमा कुनै पनि प्रहरी घाइते भएको वा मारिएनन् ।

प्रत्यक्षदर्शीका अनुसार राम यादव घटनाको एकदिनअघि अर्थात् जुलाई २२, २००९ को दिन जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) का अविनाश मुक्ति नाम भएका एक जना कार्यकर्ताको अन्तिम संस्कारमा सहभागी भएर घर फर्किने क्रममा बाटोमा प्रहरीद्वारा पक्राउ परेका थिए र पछि प्रहरीले उनको हत्या गऱ्यो । घटनापश्चात मानव अधिकारकर्मीहरूले घटनाको अनुगमन गर्ने क्रममा घटनास्थल पुग्दा दोहोरो भिडन्तको कुनै प्रमाण भेटाएनन् । उनीहरूले गोलीको ७ खोका र २ राउण्ड जीवित गोली फेला पारे । गोलीका खोकाहरू ३ प्रकारका थिए–१ खोका राइफलको, २ खोका पेस्तोलको र बाँकी खोका (र जीवित गोली) माउजर पेस्तोलको थियो । घटनास्थलमा पाइएको गोली नं. F.V.01M80.07.62/8.5/ K.F.380REV-2/8.5-4/86.311=9 थियो । प्रहरी नायब उपरीक्षक उमा चर्तुवेदीलाई उक्त गोली बुझाउँदा उनले र सँगै रहेका अन्य प्रहरी अधिकारीहरूले गोली प्रहरीकै हो भनी स्वीकार गरे । शवको निधारको कपाल पलाउन सुरु हुने भागमा २ इन्च लामो र १ इन्च लामो घाउका निशान पनि थिए ।

जनकपुर अञ्चल अस्पतालमा त्यसै दिन लासको पोस्टमोर्टम गरियो । तर पोस्टमोर्टम रिपोर्टले के देखायो भन्ने बारे परिवारलाई जानकारी गराइएन । राम यादवको लास बुझ्ने क्रममा परिवारलाई प्रहरीले एउटा कागजमा हस्ताक्षर गर्न लगाए जसमा निज दोहोरो भिडन्तमा मारिएको कुरा लेखिएको छ । घटना उपर कुनै जाहेरी दर्खास्त दर्ता गरिएको छैन । राष्ट्रिय मानव अधिकार आयोगले हत्याउपर अनुसन्धान गरिरहेको कुरा बताएको छ । परिवारलाई कुनै किसिमको क्षतिपूर्ति उपलब्ध गराइएको छैन ।

## मुद्दा १५ : शाहिदुल्लाह देवान

उमेर : २९
ठेगाना : बेतकुइया गाविस-७, भैसागहन, रुपन्देही जिल्ला

शाहिदुल्लाह देवान जनतान्त्रिक तराई मुक्ति मोर्चा-ज्वाला सिंह समूहका सदस्य हुन् । २६ अक्टोबर २००९ मा निजलाई अज्ञात व्यक्तिले फोन गरी बोगडी गाविस–८

को पर्सहवा चोकको ५०० मिटर पूर्वमा पर्ने एउटा बगैचामा बोलायो । आफ्नो बाबुसँग उनी सो स्थानमा गए । उनका बाबुका अनुसार शाहिदुल्लाह सो स्थानमा पुगेलगत्तै ३ जना प्रहरी अधिकारीहरूले उनीमाथि गोली प्रहार गरे । उनीहरूले ६-७ पटक शाहिदुल्लाहतर्फ गोली प्रहार गरे र उनको घटनास्थलमै मृत्यु भयो । ती तीन जना प्रहरी अधिकारीहरूमध्ये एकजना स्थानीय प्रहरी कार्यालयमा कार्यरत प्रहरी नायब निरीक्षक शम्भुनाथ उपाध्याय र अन्य दुईजना अवधेस यादव र प्रेम देवान भएको प्रत्यक्षदर्शीले बताए । प्रत्यक्षदर्शीले उनीहरूलाई मोटरसाइकलमा चढी घटनास्थलमा पुगेलगत्तै चिनिसकेका थिए ।

प्रहरीले हत्या भएको अस्वीकार गरेको छैन । रुपन्देही जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रकाश अर्यालका अनुसार, “मजगवा गाविसस्थित इलाका प्रहरी कार्यालयबाट खटिएका प्रहरीको जत्थामाथि एकजना व्यक्तिले गोली प्रहार गर्‍यो । प्रहरीले प्रतिकारमा निजतर्फ गोली चलाउँदा निजको मृत्यु भयो र मृतकबाट गोली र पेस्तोल बरामद गरिएको छ ।” शाहिदुल्लाह देवानका पिताका अनुसार भने शाहिदुल्लाह देवानसँग कुनै हतियार थिएन । घटना भएको समयमा वरपर काम गरिरहेका थुप्रै प्रत्यक्षदर्शीहरूले पनि यो कुराको पुष्टि गरे । ऊीनहरूका अनुसार प्रहरी अधिकारीहरूले सो स्थानमा आइसकेपछि कपडाले मुख छोपे र शाहिदुल्लाह आउनेबित्तिकै निजमाथि गोली प्रहार गरे र शाहिदुल्लाहका पिताले आफ्नो छोरालाई बचाउन खोज्दा उनीमाथि पनि कुटपीट गरे । निजको हत्या गरिसकेपछि प्रहरीले शवमाथि पिस्तोल राखी फोटो खिचे ।

प्रहरीका अनुसार मृतकको पोस्टमोर्टम गरियो तर परिवारलाई पोस्टमोर्टम प्रतिवेदनमा के लेखिएको छ भन्ने बारेमा जानकारी गराइएन । २९ अक्टोबरमा मृतकका आफन्तहरू जिल्ला प्रहरी कार्यालयमा जाँदा जाहेरी दर्ता गर्न इन्कार गरियो । त्यसपछि जिल्ला प्रशासन कार्यालय जाँदा प्रमुख जिल्ला अधिकारीले घटनामाथि आन्तरिक अनुसन्धान भइरहेको छ भनी जाहेरी दर्ता गर्न अस्वीकार गरे । पीडितका आफन्तले जिल्ला प्रशाशन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्खास्त हुलाकमार्फत पठाएका छन् ।